# विजयी मण्डली

रिचार्ड उम्ब्राण्ड
जोन पाइपर र
मिल्टन मार्टिनका
लेखहरूबाट लिइएको
तीन खण्डीय अध्ययन



"शहिदहरुको आवाज" द्वारा सङ्ग्रहित

11405.0021

# विजयी मण्डली

रिचार्ड उम्ब्राण्ड
जोन पाइपर र
मिल्टन मार्टिनका
लेखहरूबाट लिइएको
तीन खण्डीय अध्ययन



"शहीदहरूको आवाज" द्वारा सङ्ग्रहित

# The Triumphant Church

## Nepali Edition

Copyright 2015 Voice Media

info@VM1.global
Web home: www.VM1.global

All rights reserved. No part of the publication may be reproduced, distributed or transmitted in any form or by any means, including photocopying, recording, or other electronic, or mechanical methods, without the prior written permission of the publisher, except in the case of brief quotations embodied in critical reviews and certain other noncommercial uses permitted by copyright law. For permission requests, email the publisher, addressed "Attention: Permission Coordinator," at the address above.

This publication **may not be sold, and is for free distribution** only.

# विषय सूची


१

**भूमिगत मण्डलीको निम्ति तयारी**

*रिचार्ड उम्ब्राण्डद्वारा लिखित*

४४

**कष्ट : ईसाई आनन्दको बलिदान**

*जोन पाइपरद्वारा लिखित*

८६

**सतावटका रूपरेखाहरू : अध्ययन र प्रस्तुतिको लागि**

*मिल्टन मार्टिनद्वारा लिखित*

# भूमिगत मण्डलीको निम्ति तयारी



पाष्टर रिचार्ड उम्ब्राण्ड

# प्रस्तावना

हामीले सोच्न सक्ने कुराभन्दा विपरीत, यो भूमिगत मण्डली भनिने कुनै गुप्त ईसाई समाजको सङ्गठनसम्बन्धी एक प्रकारको सानो-निर्देशिका होइन । यो त एक यस्ता व्यक्तिले मण्डलीप्रति व्यक्त गरेका पूर्वदृष्टिकोण मात्र हो जसको पाष्टरीय जीवन, कैदका अनुभवहरू र बृहद् प्रचारका सेवकाइहरूले संसारलाई नास्तिक साम्यवादका खतराहरूबारे ज्यादै सचेत तुल्याएका छन् ।

रिचार्ड उम्ब्राण्डका लेखहरूको परिचय दिनुपर्दैन । तिनीहरू स्पष्ट र हृदयस्पर्शी छन् र तिनले घोषणा गर्ने सन्देशप्रति पाठकलाई प्रायः प्रभाव पारेरै छोड्दछन् । यो पाण्डुलिपिलाई सम्पादन गर्ने सानो प्रयास गरिएको छ । प्रयोग गरिएका केही अभिव्यक्तिहरू त्यो मानिसको विशेषता हुन् जसले एक हिब्रूले झैं सोच्दछ, मृदुभाषीले झैं पढ्दछ, प्रेरितले झैं प्रार्थना गर्दछ र भविष्यवक्ताले झैं लेख्दछ । उक्त सन्देश अत्यन्त प्रष्ट छ ।

केही ईसाई अगुवाहरूले भनिरहेका कुरा साँचो हो भने, मण्डलीले ढिलो वा चाँडो दुईवटा विकल्पहरूको सामना गर्नुपर्दछ : गैर-ईसाई शक्तिहरूसँगको सामाजिक र राजनैतिक सम्झौता वा नियन्त्रित राजनैतिक-धार्मिक सङ्गठनको क्रोधको शिकार । उम्ब्राण्ड सही छन् - हामीले अहिले नै तयारी गर्नुपर्दछ ।

यी विकल्पहरू संसारका धेरै भागहरूमा प्रकट भइसकेका हुनाले, हामी बस्ने क्षेत्र तिनका वास्तविकतादेखि अछुत नै रहिरनेछ भनी विश्वास गर्ने कुनै कारण छैन । त्यसैले आउनुहोस्, हामी ईसाईहरूले अहिले नै आफूलाई तयार पारौं र हाम्रा बालबालिकाको पालो आउँदा तिनीहरूले एउटा प्रष्ट उदाहरण पाऊन् भन्ने कुरामा हामी निश्चित होऔं ।

प्रकाशक

# भूमिगत मण्डलीको निम्ति तयारी गर्नुहोस् - अहिले नै

"तब हननियाले जवाफ दिए, 'हे प्रभु, मैले धेरैजनाबाट उसको विषयमा, उसले यरूशलेममा तपाईंका पवित्र जनहरूप्रति कति धेरै खराबी गरेको छ, सो सुनेको छु।' तर प्रभुले तिनलाई भन्नुभयो, 'तिमी जाऊ, किनकि ऊ अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानहरूको सामु मेरो नामको घोषणा गर्नलाई मेरा लागि चुनिएको भाँडो हो। *किनभने उसले मेरा नामका निम्ति कति धेरै दुःख भोग्नुपर्छ, सो म उसलाई देखाउनेछु'"* (प्रेरित ९:१३, १५, १६)।

मलाई थाहा भएसम्म, भूमिगत मण्डलीसम्बन्धी पाठ्यक्रम भएको कुनै ईश्वरशास्त्रीय सेमिनारी, बाइबल स्कूल वा विश्वविद्यालय सारा संसारमा छैन। तपाईंले सेमिनारीहरूमा सेबालियनमत (Sebalianism) र अपोल्लिनरियनमत (Apollinarianism) बारे जान्न सक्नुहुन्छ। तपाईंले सेमिनारीको अध्ययन पूरा गर्नुभएको पाँच मिनेटपछि तिनलाई बिर्सनुहुन्छ। तपाईंले तिनका कुनै अनुयायीलाई सम्भवतः कहिल्यै भेट्नुहुनेछैन। हामीले मिश्री मण्डली र सबै प्रकारका स-साना समूहहरूबारे सिक्दछौं जसलाई हामीले हाम्रो जीवनमा कहिल्यै नभेट्न सक्दछौं। भूमिगत मण्डली भनेको संसारको एक-तिहाइ मण्डली हो, र ती मानिसहरूले आफूहरू एउटा भूमिगत मण्डलीको सदस्य बन्नुपर्ने थियो भन्ने कुरा पहिला कहिल्यै सोचेका थिएनन्। अमेरिकामा वाटरगेट काण्डले हलचल मच्चाउँदा, साम्यवादीहरूले पन्ध्रवटा देशहरू कब्जा गरेका थिए। इस्लाम र मानवतावादले प्रभाव जमाइरहेका र शक्ति हासिल गरिरहेका छन्। भूमिगत मण्डली कस्तो हुन्छ र त्यसले के गर्दछ भन्ने कुरा ईसाई पाष्टरहरूले बुझ्नुपर्दछ। मैले बेलायतमा एकजना विशपसँग भूमिगत मण्डलीको कार्यबारे करिब एक घण्टासम्म कुरा गरें। अन्तमा, उनले यसो भने, "मलाई माफ गर्नुहोस्, तर तपाईंले मेरो रुचिको विषयबारे बताउँदै हुनुहुन्छ; म मण्डलीको वास्तुकलामा ज्यादै रुचि राख्दछु।

भूमिगत मण्डलीहरूले भवनहरू बनाउँदा गोथिक (Gothic) शैलीहरू प्रयोग गर्दछन् कि गर्दैनन् भनी के तपाईं मलाई बताउनुहुन्छ ?"

यदि मैले ती विशपको परिचय दिने हो भने, यति धेरै नाम कमाएका मानिसले यस्तो प्रश्न सोध्न सक्दथे भनी तपाईंले कल्पना समेत गर्न सक्नुहुन्न ।

तुलनात्मकरूपमा भूमिगत मण्डली अपरिचित नै छ । त्यो त हाम्रो छिमेक मै हुन्छ, तर त्यसमा सहभागी हुन हामी तयार हुँदैनौं र हामी त्यसको निम्ति प्रशिक्षित छैनौं । अहिले हरेक ईसाई पाष्टरले सारा संसारलाई नै आफ्नो गिर्जाघर बनाएको हुन्छ र हामीले यो कुरा थाहा पाउनुपर्दछ किनभने हामीले दुःखद परिस्थितिहरू भोग्नुपर्ने पनि हुन सक्दछ । हामीले ती दुःखद परिस्थितिहरू नभोगे तापनि, ती भोग्नेहरूलाई सहायता गर्नु र निर्देशन दिनु हाम्रो कर्तव्य हो ।

मुस्लिम राष्ट्रहरूमा, रेड चाइना र अन्य देशहरूमा, धेरैजना विश्वासीहरू शिकार भएका छन् । धेरैजना कैदमा परेका छन् र धेरैजना कैदमै मरेका छन् । हामीले यसमा गौरव गर्न सक्दैनौं । कसरी भूमिगत कार्य गर्ने र पक्राउ नपर्ने भन्ने सम्बन्धमा उत्तम तरिकाले निर्देशन दिनु अत्यन्तै असल हुन्छ ।

लडाइँमा, आफ्नो मातृभूमिको लागि मर्नेहरूलाई ती नायकहरूलाई जति प्रशंसा गरिँदैन जसले आफ्ना शत्रुलाई तिनीहरूको मातृभूमिको लागि मर्न लगाउँदछन् । म मेरो मातृभूमिको लागि मर्नुपर्दैन; ऊ पो उसको मातृभूमिको लागि मर्नुपर्दछ । पक्राउ नपर्ने गरी ज्यादै राम्रोसँग काम गर्न जान्नेहरूलाई म प्रशंसा गर्दछु । हामीले भूमिगत काम गर्न जान्नुपर्दछ ।

## कष्टको निम्ति तयारी

जस्तोसुकै विधिहरू अपनाइए तापनि भूमिगत मण्डलीबाट कष्टलाई हटाउन सकिँदैन, तर कष्टलाई न्यून मात्रासम्म कम गराइनुपर्दछ ।

छोटो समयावधिमा भूमिगत मण्डलीबारे अध्ययन गराउन सम्भव हुँदैन । आफ्नो मण्डलीको सञ्चालक समिति वा सम्प्रदायलाई भूमिगत मण्डलीसम्बन्धी पाठ्यक्रमहरू उपलब्ध गराउन अनुरोध गर्नुहोस् भनी म तपाईंलाई प्रोत्साहन दिन्छु ।

कुनै देशमा दमनकारी शक्तिहरू सत्तामा आउँदा के हुन्छ ? मोजाम्बिक र, कम्बोडियामा जस्तै, केही देशहरूमा एक्कासि आतङ्क शुरू भयो । अन्य स्थानहरूमा, पहिला कहिल्यै नभएको मात्रामा धार्मिक स्वतन्त्रता आउँदछ । अनि यसरी यो शुरू हुन्छ । केही शासनहरू वास्तविक शक्ति नभईकन नै सत्तामा आउँदछन् । तिनीहरूको पक्षमा जनता हुँदैनन् । तिनीहरूले आफ्ना प्रहरीहरू र सेनाका कर्मचारीहरूलाई अपरिहार्यरूपमा सङ्गठित पारेकै हुँदैनन् । रुसमा, साम्यवादीहरूले कट्टरवादीहरूलाई नाश पार्नको निम्ति प्रोटेष्टेण्टहरूलाई तुरुन्तै ठूलो स्वतन्त्रता दिए । तिनीहरूले कट्टरवादीहरूलाई नाश पारिसकेपछि प्रोटेष्टेण्टहरूको पालो आयो । पहिलो अवस्था लामो समयसम्म रहँदैन । त्यस अवधिमा तिनीहरू आफ्ना मानिसहरूलाई अगुवापनमा राखेर मण्डलीहरूमा प्रवेश गर्दछन् । तिनीहरूले पाष्टरहरूका कमजोरीहरू पत्ता लगाउँछन् । कोही-कोही महत्वाकांक्षी मानिसहरू हुन सक्दछन्; कोही-कोही पैसाको मोहमा फँस्न सक्दछन् । कसैले कहीं कतै गोप्य पाप गरेको हुन सक्दछ, जसलाई सार्वजनिक गरिदिने डर देखाएर उसलाई धम्की दिइन सक्दछ । त्यसरी तिनीहरूले आफ्ना मानिसहरूलाई अगुवापनमा राख्दछन् । त्यसपछि, कुनै निश्चित समयमा ठूलो सतावट शुरू हुन्छ । रुमानियामा, त्यस्तो कडा कारवाही एकै दिनमा सम्पन्न गरियो । असङ्ख्य पूजाहारीहरू, पादरीहरू र पादरिनीहरूको साथै सम्पूर्ण क्याथोलिक विशपहरूलाई कैदमा हालियो । त्यसपछि सबै सम्प्रदायका धेरैजना प्रोटेष्टेण्ट पाष्टरहरूलाई पक्राउ गरियो । धेरै त जेलमै मरे ।

हाम्रा प्रभु येशूले हननियालाई यसो भन्नुभयो : "टार्ससका शाउललाई भेट । उनी मेरो भूमिगत पाष्टर, मेरो भूमिगत सेवक हुनेछन् ।" पावल त्यस्ता थिए - भूमिगत मण्डलीका पाष्टर । येशूले यी भूमिगत पाष्टरको निम्ति एउटा कठिन अवधि शुरू गर्नुभयो । उहाँले त्यसलाई यी वचनहरूद्वारा शुरू गर्नुभयो, "उसले....कति धेरै दुःख भोग्नुपर्छ, सो म उसलाई देखाउनेछु ।"

भूमिगत कार्यको निम्ति गरिने तयारी कष्टशास्त्र, शहीदशास्त्र अध्ययन गरेर शुरू हुन्छ । सोल्फेनित्सिनले आफ्नो पुस्तक 'Gulag Archipelago' मा भन्दछन् कि पूर्व सोभियत संघका प्रहरी अधिकृतहरूले गिरफ्तारशास्त्रसम्बन्धी पाठ्यक्रम अध्ययन गरेका थिए - वरिपरिको कसैले पनि नदेख्ने गरी कसरी मानिसहरूलाई पक्रने भन्नेसम्बन्धी विज्ञान । यदि तिनीहरूले 'गिरफ्तारशास्त्र'

भन्ने नयाँ नाउँ सृजना गरेका छन् भने, आउनुहोस् हामी पनि 'कष्टशास्त्र' भन्ने नयाँ नाउँ सृजना गरौं।

पछि, हामीले भूमिगत कामको प्राविधिक पक्षलाई हेर्नेछौं, तर सर्वप्रथम त्यसको निम्ति एउटा निश्चित आत्मिक तयारी गरिनुपर्दछ। स्वतन्त्र राष्ट्रमा, मण्डलीको सदस्य हुनको लागि, विश्वास गरेर बप्तिस्मा लिनु नै पर्याप्त हुन्छ। भूमिगत मण्डलीको सदस्य हुनको लागि त्यतिले पुग्दैन। तपाईंले विश्वास गर्न र बप्तिस्मा लिन सक्नुहुन्छ, तर कष्ट भोग्ने तरिका थाहा नपाएसम्म तपाईं भूमिगत मण्डलीको सदस्य हुनुहुनेछैन। तपाईंको विश्वास संसारकै सबैभन्दा शक्तिशाली विश्वास हुन सक्दछ, तर यदि तपाईं कष्ट भोग्नको लागि तयार हुनुभएको छैन भने, तपाईंलाई प्रहरीले लैजानेछ। तपाईंलाई दुई झापड लगाइनेछ र तपाईंले सबै कुरा बताउनुहुनेछ। त्यसैले कष्टको निम्ति गरिने तयारीचाहिँ भूमिगत कामको निम्ति गरिने तयारीमा नभई नहुने एउटा तत्व हो।

एक ईसाईलाई जेलमा हालिँदा, ऊ अचम्मित हुँदैन। तर साधारण विश्वासीको लागि भने, जेलचाहिँ खीष्टको निम्ति गवाही दिने नयाँ स्थान हुन्छ। एउटा पाष्टरको लागि, जेलचाहिँ एउटा गिर्जाघर हो। यो धेरै आय हुने नभई काम गर्ने प्रशस्त मौकाहरू हुने गिर्जाघर हो। मैले यसबारे मेरो पुस्तक "नजरबन्दमा परमेश्वरसँग (With God in Solitary Confinement)" मा थोरै कुरा बताएको छु। अन्य पुस्तकहरूमा मैले मोर्स सङ्केतलाई उल्लेख गर्दछु जुन भूमिगत मण्डलीको निम्ति दिइने प्रशिक्षणको एउटा अंश हो। यो के हो भन्ने तपाईंलाई थाहा छ - एउटा सङ्केत जसद्वारा सन्देशहरू पठाइन्छन्। यसै सङ्केतद्वारा तपाईंले आफ्नो आसपासमा हुनेहरूलाई सुसमाचार प्रचार गर्न सक्नुहुन्छ। कैदीहरू सदैव परिवर्तन भइरहन्छन्। कसैलाई कोठीबाट बाहिर लगिन्छ र अरूलाई भित्र हालिन्छ। पहिला कहिल्यै नभेटेका मानिसहरूलाई, मोर्स सङ्केतद्वारा खीष्टकहाँ ल्याउने सुअवसर परमेश्वरले ती धेरै ईसाईहरूलाई दिनुभएको छ जो जेलमा परेका हुन्छन्। अरूले, धेरै वर्षपछि, आफूले मोर्स सङ्केतद्वारा खीष्टमा ल्याएका ती मानिसहरूलाई भेट्दछन्। मैले साझा कोठीहरूमा कैयौं गिर्जाघरहरू बनाएको छु।

स्वतन्त्र संसारका गिर्जाघरहरूमा आइतवार बिहान, तपाईंले घण्टी बजाउन सक्नुहुन्छ। यदि कसैले इच्छा गर्दछ भने, तिनीहरू मण्डली आउँदछन् - यदि

इच्छा छैन भने, तिनीहरू आउनेछैनन् । यदि कुनै मानिसले यो आइतवार तपाईंको प्रवचन मन पराउँदैन भने, अर्को आइतवार ऊ बाहिरै बस्नेछ । पानी परेमा ऊ कुनै पनि हालतमा आउँदैन । तर तपाईंले कैदलाई नै आफ्नो गिर्जाघर बनाउनुभएको छ भने, तपाईंका श्रोताहरू दिनभरि नै तपाईंको साथमा हुन्छन् । स्वतन्त्र विश्वासीहरूले आफ्नो घडीमा हेर्दछन् : "उसले त प्रचार गरेको तीस मिनेट भइसक्यो । के उसले कहिल्यै सिध्याउनेछैन ?" गिरफ्तार गरिँदा, तपाईंका घडीहरू खोसेर लगिन्छ; तपाईंका श्रोताहरू हप्ताभरि नै तपाईंको साथमा हुन्छन् र तपाईंले तिनीहरूलाई बिहानदेखि रातीसम्म प्रचार गर्न सक्नुहुन्छ ! तिनीहरूसँग कुनै बिकल्प हुँदैन । रुमानियाली र रसियाली मण्डलीको इतिहासमा, कैदमा जति धेरै नयाँ विश्वासीहरू कहिल्यै बनेका छैनन् । त्यसैले कैददेखि नडराउनुहोस् । त्यसलाई त परमेश्वरले दिनुभएको एउटा नयाँ कार्यको रूपमा मात्र हेर्नुहोस् । म सम्झन्छु कि म दोश्रो पटक पक्राउ पर्दा, प्रहरीहरूसँग जानुभन्दा पहिला मैले मेरी श्रीमतीलाई अङ्गालो हालें र उनले यसो भनिन्, "रिचार्ड, यसो लेखिएको छ भन्ने सम्झनुहोस्, 'तिमीहरूलाई शासकहरू र राजाहरूको निम्ति साक्षी हुनलाई तिनीहरूको सामु लगिनेछ ।'"

मानिसहरूले यो कुरा त स्वीकार गर्न सक्दछन्, तर कैदीहरूलाई दिइने चरम यातनाहरूलाई के गर्ने ? हामीले ती यातनाहरूबारे के गर्नेछौं ? के हामीले तिनलाई सहन सक्नेछौं ? यदि मैले तिनलाई सहँदिनँ भने, मैले आफूले चिन्ने अन्य पचास वा साठीजना मानिसहरूलाई कैदमा हाल्दछु, किनभने अत्याचारीहरूले मबाट त्यही नै अर्थात् मेरा नजिकका मानिहरूलाई धोका दिलाउन चाहन्छन् । त्यसैले कष्टको निम्ति तयारी गर्नुपर्ने ठूलो आवश्यकता हुन्छ, जुन अहिले नै शुरू हुनुपर्दछ । तपाईं कैदमा परिसक्नुभएपछि आफूलाई त्यसको निम्ति तयार पार्न ज्यादै नै कठिन हुन्छ ।

रुमानियामा हामीलाई भएको एउटा घटना म सम्झन्छु जहाँ बीस वर्षदेखिका एक पाष्टरले एउटी स्त्रीसँग पाप गरेका थिए । अन्य पाष्टरहरूले यस प्रश्नबारे वादविवाद गरे । यसो भनियो : "उनले त्यो साँझमा जे गरे, त्यही नै उनको पाप होइन; परिस्थितिहरू यस्ता भइदिए कि उनले परीक्षालाई प्रतिवाद गर्नै सकेनन् । बरु बीस वर्ष पहिला यसरी परीक्षित नहुँदा, उनले आफूलाई यसो भनेका थिएनन्, 'मेरो पाष्टरीय जीवनमा विभिन्न घटनाहरू

घट्नेछन् । अन्य घटनाहरूमध्ये म यौनसम्बन्धी पाप गर्ने परीक्षामा पर्ने घटना पनि घट्नेछ । म त्यस बेला त्यो पाप गर्नेछैनँ ।'" तपाईंले सम्पूर्ण घटनाहरूको लागि आफूलाई पहिले नै तयार पार्नुपर्दछ । हामीले कष्टको निम्ति तयारी गर्नुपर्दछ ।

## सत्यसम्बन्धी सत्यता

हामी प्रत्येकले कति धेरै कष्ट सहन सक्दछौं भन्ने कुरा हामी कुनै पक्षसँग कति धेरै मात्रामा बाँधिएका छौं, त्यो पक्ष हाम्रो निम्ति कति प्रिय छ, र हाम्रो निम्ति त्यो कति धेरै महत्वपूर्ण छ भन्ने कुरामाथि भर पर्दछ ।

यस सम्बन्धमा, हामीले साम्यवादी राष्ट्रहरूमा ज्यादै ठूला अचम्मका घटनाहरू भोगेका छौं । त्यहाँ प्रचारकहरू र ईसाई पुस्तकका लेखकहरू विश्वासघातीहरू बनेका छन् । रुमानियाका उत्कृष्ट भजनका सङ्गीतकार रुमानियाकै उत्कृष्ट साम्यवादी गीतका सङ्गीतकार बने । हामी वचनहरूको सतहमा मात्र रहेका छौं कि स्वर्गीय वास्तविकताहरूमा डुबेका पनि छौं भन्ने कुरामाथि नै सबै कुरा निर्भर हुन्छ ।

परमेश्वर नै सत्य हुनुहुन्छ । बाइबल नै सत्यसम्बन्धी सत्यता हो । ईश्वरशास्त्र सत्यसम्बन्धी सत्यतासम्बन्धी सत्यता हो । एउटा असल प्रवचन सत्यसम्बन्धी सत्यतासम्बन्धी सत्यतासम्बन्धी सत्यता हो । यो सत्य होइन । सत्य त परमेश्वर मात्र हुनुहुन्छ । यही सत्यको वरिपरि नै वचनहरूको, ईश्वरशास्त्रहरूको र प्रवचनको मचान बनेको हुन्छ । यीमध्ये कुनैले पनि कष्टको समयमा कत्ति पनि सहायता गर्दैन । सत्य आफैले मात्र सहायता गर्नुहुन्छ, र हामी प्रवचनहरू, ईश्वरशास्त्रीय पुस्तकहरू, सबै कुरा अर्थात् "वचनहरू" भन्दा पनि गहिराइमा पुग्नुपर्दछ र परमेश्वर स्वयम्कै वास्तविकताले बाँधिनुपर्दछ ।

ईसाईहरूलाई चार दिन र चार रातसम्म कसरी क्रूसमा बाँधिएको थियो भन्नेबारे मैले पश्चिममा बताएको छु । क्रूसहरूलाई भुइँमा सुताएर राखियो र ईसाई कैदीहरूलाई तिनमा टाँगियो । अनि अन्य कैदीहरूलाई यातना दिइयो र ती क्रूसमा बाँधिएकाहरूको अनुहार र शरीरमा तिनका शारीरिक आवश्यकताहरू पूरा गर्न लगाइयो । तबदेखि मलाई यो प्रश्नले सधैं घोच्दछ,

"ती परिस्थितिहरूमा तपाईंलाई बाइबलको कुन पदले सहायता गऱ्यो र शक्ति दियो ?" मेरो जवाफ यो हो, "अहँ, बाइबलको पदले कत्ति पनि सहायता गरेन ।" "बाइबलको यो पदले मलाई शक्तिशाली तुल्याउँछ, वा बाइबलको त्यो पदले मलाई सहायता गर्दछ" भन्नुचाहिँ ठाडो पाखण्ड र धार्मिक कपटीपना हो । बाइबलका पदहरू सहायता गर्नको निम्ति होइनन् । हामीलाई भ.सं २३ थाहा छ : "परमप्रभु मेरा गोठाला हुनुहुन्छ; मलाई कुनै कुराको खाँचो हुँदैन....मृत्युको अन्धकारमय घाँटी भएर जानुपरे तापनि...."

तपाईंले कष्ट भोग्नुहुँदा यो कुरा महसुस गर्नुहुन्छ कि भ.सं. २३ ले तपाईंलाई शक्तिशाली तुल्याउनुपर्दछ भनी परमेश्वरले कहिल्यै पनि भन्न खोज्नुभएको थिएन । परमप्रभुले नै तपाईंलाई शक्तिशाली तुल्याउन सक्नुहुन्छ, तर उहाँले त्यसो गर्नुहुन्छ भनी बताउने भजनले चाहिँ सक्दैन । त्यो भजन धारण गर्नु मात्र पर्याप्त हुँदैन । तपाईंले उहाँलाई नै धारण गर्नुपर्दछ जसको बारेमा त्यो भजनले बताउँदछ । हामीलाई यो पद पनि थाहा छ, "मेरो अनुग्रह तिम्रा लागि प्रशस्त छ" (२कोरिन्थी १२:९) । तर यो पद पर्याप्त हुँदैन । यो पद होइन, तर अनुग्रह नै पो पर्याप्त हुन्छ त ।

परमेश्वरको वचनलाई परमेश्वरबाटको बोलावटको रूपमा चलाइरहेका पाष्टरहरू र उत्साही साक्षीहरू पवित्र वचनहरूलाई तिनीहरूको वास्तविक महत्वभन्दा बढी महत्व दिने खतरामा पर्दछन् । यदि तपाईं वास्तविकता अर्थात् सर्वशक्तिमान् परमप्रभुसँग एकिकृत हुनुभएको छ भने, दुष्टले तपाईंमाथिको त्यसको नियन्त्रण गुमाउँदछ; त्यसले सर्वशक्तिमान् परमप्रभुलाई टुटाउन सक्दैन । यदि तपाईंसँग सर्वशक्तिमान् परमप्रभुका वचनहरू मात्र छन् भने, तपाईं ज्यादै सजिलैसँग टुटाइन सक्नुहुन्छ ।

## आत्मिक अभ्यासहरू

भूमिगत कार्यको निम्ति गरिने तयारी गहन आत्मिकीकरण हो । हामीले प्याजलाई प्रयोग गर्न तयारी गर्दाखेरि त्यसलाई छोडाए झैं गरी, परमेश्वरले हामीबाट ती कुराहरू "छोडाउनु" पर्दछ जुन केवल वचनहरू मात्र, हामीले धर्ममा मनाउने आनन्दका भावनाहरू मात्र हुन् । तब मात्र परमेश्वर हाम्रो विश्वासको वास्तविकतामा आइपुग्नुहुन्छ । येशूले हामीलाई बताउनुभएको छ

कि "जो" उहाँको "पछि आउने इच्छा गर्दछ, उसले "आफ्नो क्रूस उठाउनु" पर्नेछ, र त्यो क्रूस कति गह्रुङ्गो हुन सक्दछ भन्ने कुरा येशू आफैले देखाउनुभयो । हामी त्यसको निम्ति तयार हुनुपर्दछ ।

संसारको मार्गलाई हेर्नुहोस् ! अश्लील पत्रिका वा विज्ञापनले कल्पना जगाउँदछ । ठीक त्यसरी नै, हामीले हाम्रो सामु आत्मिक वास्तविकता राखेर कल्पना जगाउनुपर्दछ । हामीले आत्मिक अभ्यासहरू गर्नुपर्दछ । म ज्यादै दु:खित छु कि **प्रोटेष्टेण्ट**मतमा आत्मिक अभ्यासहरू प्राय: अपरिचित नै हुन्छन् । हामीले तिनलाई भूमिगत मण्डलीमा फेरि प्रयोगमा ल्याउनुपर्दछ । केही **क्याथोलिक**हरूले आत्मिक अभ्यासहरूलाई दुरूपयोग गरेका हुन सक्दछन्, र त्यसपछि **सुधारवाद** आयो । त्यहाँ जहिले पनि घडीको लङ्गुरको चाल अस्तित्वमा रहन्छ । यदि एउटा पक्ष एउटा चरमविन्दुमा पुगेको हुन्छ भने, अर्को पक्ष अर्को चरमविन्दुमा पुग्नेछ ।

कोही-कोहीले झूटा आत्मिक अभ्यासहरूको दुरूपयोग गरेका हुनाले, अरूले आत्मिक अभ्यासहरू गर्दै-गर्दैनन् । हामीले प्रार्थनामा मात्र समय बिताउने होइन जहाँ हामी बोल्दछौं, तर हामीले त ध्यान र चिन्तन पनि गर्नुपर्दछ । हामीले हिब्रू ११ अध्यायमा तिनीहरूको लामो सूची पढ्न सक्दछौं जसलाई आराले चिरेर टुक्रै-टुक्रा पारिएको थियो, खाँबोमा बाँधेर जिउँदै जलाइएको थियो, र सिंहहरूले झम्टिएर खाएका थिए, तर हामीले यी कुराहरूलाई पनि कल्पनामा उतार्नुपर्दछ । अब म सिंहहरूको सामु छु, मलाई पिटिएको छ, म जलाइएर मारिने खतरामा छु, इत्यादि । म यस्तो अवस्थामा कस्तो व्यवहार गर्दछु ?

मैले रुमानिया छोड्नुभन्दा पहिलाको बालसङ्गतिको मरो अन्तिम कक्षालाई म सम्झन्छु । मैले आइतवारको एक दिन बिहान दशदेखि पन्ध्रजना जति केटाहरू र केटीहरूको समूहलाई मण्डलीमा होइन तर चिडियाखानामा लगें । सिंहहरूको खोरअगाडि लगेर मैले तिनीहरूलाई यसो भनें, "तिमीहरूका विश्वासी पुर्खाहरूलाई उनीहरूको विश्वासको खातिर यस्ता जङ्गली जनावरहरूको सामु फालिएको थियो । थाहा पाइराख कि तिमीहरूले पनि कष्ट भोग्नुपर्नेछ । तिमीहरूलाई सिंहहरूको सामु फालिनेछैन, तर तिमीहरूले मानिसहरूको हातबाट कष्ट भोग्नुपर्नेछ जो सिंहहरूभन्दा बढी खराब हुन्छन् । तिमीहरू खीष्टप्रति सदैव विश्वासयोग्य रहने बाचा गर्न चाहन्छौ कि चाहँदैनौ

भनी यहाँ र अहिले नै निर्णय गर ।" तिनीहरूले "चाहन्छौं" भन्दा, तिनीहरूका आँखाभरि आँसु थियो ।

अनि, जेलमा पर्नुभन्दा पहिला नै हामीले तयारी गर्नुपर्दछ । जेलमा तपाईंले सबै कुरा गुमाउनुहुन्छ । तपाईंको लुगा फुकालिन्छ र कैदीको पोशाक दिइन्छ । त्यहाँ असल फर्निचर, गुन्द्रीहरू, वा पर्दाहरू हुँदैनन् । तपाईंसँग आफ्नी श्रीमती र आफ्ना छोराछोरीहरू हुँदैनन् । तपाईंसँग आफ्नो पुस्तकालय हुँदैन र तपाईंले फूल कहिल्यै देख्नुहुन्न । जीवनलाई आनन्दित तुल्याउने कुनै पनि कुरा त्यहाँ हुँदैन । यस्तो अवस्थामा त्यो व्यक्तिले विरोध गर्दैन जसले जीवनका आनन्दहरूलाई पहिले नै त्यागेको हुन्छ । पृथ्वीमा भएका तपाईंका अङ्गहरूलाई मार्ने सम्बन्धमा कलस्सीको पत्रमा एउटा पद छ । सोझा र उत्साही क्याथोलिकहरूले केही अन्धविश्वासहरू र प्रायश्चितका नियमहरू लादेका छन् । प्रोटेष्टेण्टहरूले आत्मसन्तोषलाई पूर्णरूपमा त्यागेका छन् । तर ईसाई आत्मसन्तोष अर्थात् संसारका आनन्दहरूलाई "त्याग्ने कार्य" त अस्तित्वमा छँदैछ । यसको निम्ति आफूलाई अहिले नै तयार पार्ने ईसाईले जेलमा पर्दा तिनलाई गुमाउनुको नोक्सानी व्यहोर्नुपर्नेछैन । तपाईंले संसारका कुराहरूसँग भावनात्मक सम्बन्ध नराखीकन तिनलाई प्रयोग गर्नुपर्दछ ।

म व्यक्तिगतरूपमा एउटा अभ्यास गर्दछु । म संयुक्त राज्य अमेरिकामा बस्दछु । अमेरिकी विशालबजार कस्तो देखिन्छ भनी के तपाईं कल्पना गर्न सक्नुहुन्छ ? तपाईंले त्यहाँ अनेकौं स्वादिष्ट चीजहरू पाउनुहुन्छ । म सबै चीजलाई हेर्दछु र आफैलाई यसो भन्दछु, "म यो चीज र त्यो चीजबिना नै निर्वाह गर्न सक्छु; यो चीज ज्यादै राम्रो छ, तर मलाई त्यो नभए पनि निर्वाह चल्छ; यो तेश्रो चीज, यो पनि नभए पनि मलाई निर्वाह चल्छ ।" मैले विशालबजार पूरै घुमें र एक डलर पनि खर्च गरिनँ । मैले अनेकौं सुन्दर चीजहरू हेर्नुको आनन्द र तीबिना नै निर्वाह गर्न सक्दछु भनी थाहा पाउनुको दोश्रो आनन्द पनि मनाएँ ।

हामीसँग उदारवादी आधुनिक ईश्वरशास्त्रीहरू पनि थिए । तिनीहरू सबैले कुनै पनि यातनालाई विरोध गरे । "किन म मृत परमेश्वर र अनिश्चित बाइबलको निम्ति मर्ने ? यदि आदम र हव्वाका कथाहरू सत्य होइनन् भने, यदि यहोशूले सूर्यलाई रोकेका थिएनन् भने, यदि भविष्यवाणीहरू पूरा भएका धेरै वर्षपछि लेखिएका थिए भने, यदि येशू कन्याबाट जन्मिनुभएको थिएन भने

र उहाँ मृतकबाट शारीरिकरूपमा बौरिउठ्नुभएको थिएन भने - सोभियत संघको पत्रिका 'प्रभ्दा' मा भन्दा बाइबलमा धेरै झूटहरू छन् । जुन कुरा साँचो होइन वा कम्तिमा पनि अनिश्चित छ, त्यसको निम्ति म किन मर्ने ?"

## शङ्काले विश्वासघातीहरू विकास गराउँदछ

म एक यहूदी हुँ । हिब्रूमा, जुन भाषा येशू स्वयम्ले बोल्नुभयो र जसमा नै पहिलो प्रकाश दिइएको छ, "शङ्का" भन्ने शब्द नै छैन । एकजना मानिसले शङ्का गर्नु भनेको ऊ चार खुट्टाले हिँड्नुजत्तिकै गलत कुरा हो - ऊ चार खुट्टाले हिँड्न बनाइएको होइन । मानिस ठाडो भएर हिँड्दछ; ऊ जङ्गली पशु होइन । शङ्का गर्नुचाहिँ अमानवीय व्यवहार हो ।

हामी सबैमा शङ्काहरू आउँदछन्, तर बाइबलका मुख्य सिद्धान्तहरू - जस्तै : परमेश्वरको अस्तित्व - सम्बन्धी शङ्काहरूलाई तपाईंको मनमा गुँड बनाउने अनुमति नदिनुहोस् । हरेक ईश्वरशास्त्रीय वा दर्शनशास्त्रीय शङ्काले तपाईंलाई सम्भावित विश्वासघाती बनाइदिन्छ । तपाईंले राम्रोसँग अध्ययन गरेर प्रवचनहरू तयार पार्नुहुँदा, र तपाईंले वचनबाट राम्रोसँग खानुहुँदा वा तपाईंले पुस्तक लेख्नुहुँदा शङ्का गर्न सक्नुहुन्छ । अनि तपाईंले आफूलाई सबै प्रकारका साहसिक विचारहरू र शङ्काहरूप्रति खुल्ला पार्न सक्नुहुन्छ । तपाईंलाई यातना दिइँदा, ती शङ्काहरू विश्वासघातमा परिणत हुन्छन् किनभने तपाईंले यो विश्वासको खातिर जिउने वा मर्ने भन्ने निर्णय गर्नुपर्दछ ।

एक भूमिगत सेवकको आत्मिक तयारीसम्बन्धी सबैभन्दा महत्वपूर्ण कुराहरूमध्ये एउटाचाहिँ उसका शङ्काहरूको समाधान हो । गणितमा, यदि तपाईंले समाधान वा जवाफ निकाल्नुहुन्न भने, तपाईंले कहीं कतै गल्ती गर्नुभएको हुन सक्दछ, त्यसैले त्यो समाधान वा जवाफ ननिकालिन्जेल तपाईंले प्रयास गरिरहनुहुन्छ । शङ्काहरू पालेर नजिउनुहोस् तर तिनको समाधान खोज्नुहोस् ।

## यातनाको जाँच

अब यातनाको वास्तविक क्षणमा आइपुग्नुहोस् । यातना कहिलेकाहीं ज्यादै पीडादायी हुन्छ । तिनीहरूले रातो हुने गरी तातेका फलामहरू प्रयोग

गर्दछन् । कहिलेकाहीँ त्यो सामान्य पिटाइ हुन्छ । बच्चा छँदा हामी सबैले थप्पड खाएका छौं र पिटाइचाहिँ अर्को एउटा थप्पड मात्र हुन्छ । येशूले भन्नुभएको छ कि हामी उहाँको सामु बालकहरू झैं गरी आउनुपर्दछ, अर्थात् थप्पड खाने व्यक्तिको रूपमा आउनुपर्दछ !

एकजना डाक्टरले मकहाँ आएर यसो भने, "मैले के गर्ने होला ? मलाई त झ्यालबाट हाम्फालूँ जस्तो लाग्दछ । तिनीहरूले मलाई घरीघरी बोलाउँदछन् र भूमिगत मण्डलीको सुराकी बनाउन चाहन्छन् । त्यस प्रस्तावलाई स्वीकार नगरेमा मलाई पिट्ने धम्की दिन्छन् । मैले के गर्ने होला ? तिनीहरूले मलाई पिट्नेछन् भन्ने सोच्दा डर लाग्दछ । म त्यो सहन सक्दिनँ । मसँग या त सुराकी बन्ने या झ्यालबाट हाम्फाल्ने बिकल्प मात्र बाँकी छ ।" मैले भनें, "तपाईंसँग अर्को समाधान पनि छ । आफ्नो श्रीमान्‌लाई एउटा लट्ठी दिनुहोस् र तपाईंलाई बेस्सरी हिर्काउन लगाउनुहोस् र तपाईंले सहन सक्नुहुन्छ कि सक्नुहुन्न भन्ने तपाईंले थाहा पाउनुहुनेछ ।" पिटाइदेखि नडराउनुहोस् ।

तैपनि, साम्यवादीहरूले हामीलाई पिटाइ मात्र दिएनन् - तिनीहरूले ज्यादै गम्भीर यातनाहरू दिए । अब तपाईंलाई थाहा हुनुपर्दछ कि यातनाले दुवै तरिकाले काम गर्न सक्दछ । यसले तपाईंलाई कठोर बनाउन र प्रहरीलाई केही पनि नबताउने तपाईंको निर्णयलाई अटल बनाइराख्न सक्दछ । चोरहरूले जस्तोसुकै यातनालाई पनि सहन्छन् र चोरी गर्नमा आफूसँग सङ्लग्न अन्य चोरहरूलाई धोका दिँदैनन् । तपाईंले तिनीहरूलाई जति धेरै पिट्नुहुन्छ, तिनीहरू त्यति नै बढी हठी बन्दछन् । अन्यथा यातनाले तपाईंको इच्छालाई तोड्न सक्दछ ।

अब म तपाईंलाई चेक साम्यवादी प्रेसले प्रकाशन गरेको एउटा ज्यादै रोचक घटना बताउनेछु । डुबेकको पालामा स्वतन्त्रता आएको थियो र तिनीहरूले चेकोस्लोभाकियामा निश्चित कुराहरू प्रकाशन गर्न सकेका थिए भन्ने कुरा तपाईंले थाहा पाउनुहुनेछ । त्यस समयमा एउटा लेख प्रकाशित भयो । डुबेकभन्दा पहिलाका शासक नोभोट्नी एक साम्यवादी तानाशाह थिए र उनले आफ्ना एक घनिष्ठ साथी, एक साम्यवादी नेता, एक परिपक्व नास्तिक र साम्यवादी पार्टीको केन्द्रीय समितिको एक सदस्यलाई गिरफ्तार गरेका थिए । (ईसाईहरू मात्र नभई, यहूदीहरू वा देशभक्तहरू पनि जेलमा थिए । एकजना साम्यवादीले अर्को साम्यवादीलाई गिरफ्तार गरेर यातना

दिएको थियो, जस्तो तिनीहरूले सबैलाई गर्दछन् ।) तिनीहरूले ती साम्यवादी नेतालाई गिरफ्तार गरेर जेलको कोठीमा एक्लै राखिदिए । त्यो कोठीमा विद्युत-चुम्बकीय विकिरणहरू पठाइन्थ्यो जसले मगजमा असर पार्दछन् । चर्को आवाज आउने स्पिकरले दिनरात यो कुरा दोहोर्‍याउँदथ्यो, "तेरो नाउँ जोसेफ हो कि होइन ?" (उनको नाउँ जोसेफ थिएन ।) "यसलाई फेरि विचार गर् । तँ जोसेफ होस् कि होइनस् ? अमेरिकाको सबैभन्दा ठूलो अपराधी डिलिङ्गर हो, तर तँ त डिलिङ्गरभन्दा पनि ठूलो अपराधी होस् । तेरो नाउँ के हो ? जोसेफ हो कि होइन ? तँ प्रतिक्रान्तिकारी होस्, तँ एक जासुस होस्, तर तँ जोसेफ होस् कि होइनस् ?"

तिनीहरूले उनलाई पागल बनाउने प्रयास गरे । दिन र रात । आफ्नो दिमाग बिग्रनेथियो भन्ने उनले महसुस गरे । एउटा निश्चित क्षणमा, उनले यस्तो प्रकाश पाए, "अहिले मैले पक्का दुष्टलाई भेटेको छु । यदि साम्यवादीहरूले ईसाईलाई यातना दिन्छन् भने, त्यो पूर्णतया खराब कुरा होइन किनभने साम्यवादीहरूले सांसारिक स्वर्ग बनाउने विश्वास राख्दछन् । ईसाईहरूले तिनीहरूको काममा बाधा पुर्‍याउँदछन्, त्यसैले ईसाईहरूलाई यातना दिनु सही कुरा हो । तर एक साम्यवादीले अर्को साम्यवादीलाई यातना दिँदा, यो त यातनाको निम्ति यातना दिने कार्य हुन्छ । यसमा न्यायोचित कुरा कत्ति पनि छैन । तर केहीबेर पर्खौं । हरेक सिक्काका दुई पाटाहरू हुन्छन्; हरेक विद्युतीय तारको दुईवटा ध्रुवहरू हुन्छन् । यदि त्यहाँ एक पक्का दुष्ट छ भने, यो पक्का दुष्टले कसको विरुद्धमा लडाइँ गर्दछ त ? त्यहाँ पक्का असल पक्ष पनि हुनुपर्दछ । त्योचाहिँ परमेश्वर हुनुहुन्छ र उहाँकै विरुद्धमा तिनीहरू लडाइँ गर्दछन् ।"

केरकार गर्नेको सामु बोलाइँदा, उनी मुस्कुराउँदै त्यो कोठाभित्र पसे र त्यहाँका अधिकारीलाई यो कुरा बताए कि तिनीहरूले चर्को आवाज आउने स्पिकर अब बन्द गर्न सक्दथे किनभने त्यसले आफ्नो परिणाम ल्याइसकेको थियो । "म एक ईसाई बनेको छु ।" ती अधिकारीले उनलाई सोधे, "यो कसरी भयो ?" उनले तिनलाई सबै कथा बताए । अनि ती अधिकारीले भने, "केही बेर पर्ख ।" उनले आफ्ना केही कमरेडहरूलाई बोलाएर यसो भने, "यो कथा मेरा कमरेडहरूको सामु दोहोर्‍या ।" उनले त्यो कथा दोहोर्‍याए, र क्याप्टेनले अर्का प्रहरी अधिकृतलाई यसो भने, "यो विधिले काम गर्दैन भनेर मैले तिमीलाई भनेकै थिएँ । तिमीले यसलाई ज्यादा नै प्रयोग गरेका छौ ।"

शैतान परमेश्वरजस्तै सर्वशक्तिमान् र सर्वज्ञानी छैन । त्यसले गल्तीहरू गर्दछ । दुष्टको यातना एउटा ज्यादती हो जसलाई ज्यादै राम्रोसँग आत्मिकरूपमा प्रयोग गर्न सकिन्छ ।

## विपत्तिको क्षण

यातनामा एउटा विष्फोटनको क्षण हुन्छ, र यातना दिनेले यो गम्भीर क्षणको प्रतिक्षा गर्दछ । शङ्कालाई पराजित गर्ने र प्रष्टरूपमा सोच्ने तरिका सिक्नुहोस् । भूमिगत काममा सहकार्य गर्ने तपाईंको साथीको नाउँ लेख्न वा उच्चारण गर्न वा गोप्य छापाखाना वा त्यस्तै कुनै कुराको अवस्थिति बताउन तपाईं तयार हुनुहुँदा, त्यहाँ जहिले पनि एउटा विपत्तिको क्षण आउँदछ । तपाईंलाई यति साह्रै यातना दिइएको हुन्छ कि तपाईंलाई अरू कुनै कुराको वास्ता हुँदैन; मैले पीडा खेप्नुपर्दैन भन्ने सत्यताको पनि कुनै महत्व हुँदैन । तपाईं जुन अवस्थामा आइपुग्नुभएको छ, त्यहाँ नै यो अन्तिम निर्णय गर्नुहोस् र तपाईंले विपत्तिको यो एउटा क्षण पार गर्नुहुनेछ भन्ने तपाईंले बुझ्नुहुनेछ, यसले तपाईंको मनमा ठूलो आनन्द दिन्छ । त्यो निर्णायक घडीमा ख्रीष्ट तपाईंको साथमा हुनुभएको तपाईंले महसुस गर्नुहुन्छ । आजका झ्यालखानाका हाकिमहरूलाई प्रशिक्षण दिएर सक्षम बनाइएको हुन्छ र त्यहाँ विपत्तिको क्षण हुन्छ भन्ने कुरामा तिनीहरू सचेत हुन्छन् । यदि त्यो क्षणमा तिनीहरूले तपाईंबाट केही पनि पाउन सक्दैनन् भने, तिनीहरूले यातना दिन नै छोड्दछन् : त्यसको निरन्तरता अनुपयोगी हुन्छ भन्ने तिनीहरू जान्दछन् ।

म कलिलो विश्वासी छँदादेखि नै मलाई दिनहुँ पढ्न लगाइन्थ्यो; र मैले पनि मेरो छोरा, मिहाई, लाई त्यसो नै गरें, जतिबेला ऊ तीन वा चार वर्षको थियो र मैले उसलाई बाइबलको र पवित्रजन वा शहीदको जीवनीको एक पृष्ठ पढेर सुनाउँदथें । मैले शहीदहरूसम्बन्धी फोक्सको पुस्तक [Foxe's Book of Martyrs] पढ्दथें; तपाईंले पनि यो पुस्तक पढेर आफ्ना छोराछोरीलाई सुनाउनुहोस् । शहीदहरूले विपत्तिको क्षणलाई कसरी पार गरे भन्ने कुरा तिनीहरूलाई बताउनुहोस् ।

यातनाको सम्बन्धमा अझै केही बुँदाहरू छन् । येशूले भन्नुभएको कुरालाई बुझ्नु ज्यादै महत्वपूर्ण हुन्छ : "भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नै थोकहरूको निम्ति फिक्री गर्नेछ" (मत्ती ६:३४) । म चौध वर्ष

जेल बसेको छु । दाजु रापोभ छब्बीस वर्ष र वाङ्गमिन दाओ अट्ठाईस वर्ष । धेरै वर्षसम्म जेलमा बस्नु असम्भवजस्तो देखिन्छ । तपाईंलाई ती सबै एकै पटकमा सहन अनुरोध गरिएको छैन । एक पटकमा एक दिन पनि नसहनुहोस् - एक पटकमा एक घण्टा सहनुहोस् । एक घण्टासम्मको पीडा सबैले सहन सक्दछन् । हामीले डरलाग्दो दाँत-दुखाइ, गाडी दुर्घटना - शायद, अवर्णनीय वेदना - भोगेका छौं । तपाईंलाई योभन्दा एक मिनेट पनि बढी समयसम्म पीडा सहन लगाइएको छैन । मलाई ज्यादै धेरै पटक पिटिएको र यातना दिइएको छ, र भोलि अनि पर्सी पनि तिनीहरूले फेरि मलाई लैजानेछन् भन्ने सम्झनाले पीडालाई बढाइदिन्छ । भोलि म जीवित नहुन पनि सक्दछु - वा तिनीहरू जीवित नहुन पनि सक्दछन् । रुमानियामा जस्तै, भोलि सत्ता पल्टिन पनि सक्दछ । हिजोको पिटाइ बितिगएको छ, भोलिको यातना अहिलेसम्म आइसकेको छैन ।

म यातनाशास्त्रको प्राध्यापक हुँ । शुरूमा, यातना एक डरलाग्दो झट्का र डरलाग्दो पीडा हुन्छ । यो सधैं त्यस्तै रहिरहँदैन । पादरी मिन्जेन्टीलाई उनन्तीस दिन र रातसम्म सुत्न दिइएन । त्यसपश्चात्, तिनीहरूले सोधेका हरेक कुराको जवाफ उनले दिए । तब के भयो ? केही दिन र रात ननिदाएपछि वा केही दिनको गम्भीर शारीरिक यातना भोगेपछि यस्तो क्षण आउँदछ जति वेला तपाईंलाई कुनै पनि कुराको वास्ता हुँदैन । तपाईंले आफ्नी श्रीमती र आफ्ना छोराछोरी, आफ्नै प्रतिष्ठा र परमेश्वरप्रतिका आफ्ना कर्तव्यहरू बिर्सनुहुन्छ । तपाईं सबै कुराप्रति पूर्णरूपमा उदासिन बन्नुहुन्छ । यो त्यो गम्भीर क्षण हो जतिवेला सही प्रकारले स्वास फेर्नु नै वास्तविकता बन्दछ । सही प्रकारले श्वास फेर्न अभ्यास गर्नुहोस् ।

हिन्दु र बौद्ध धर्महरूमा गरिने योगाभ्यासमा श्वास फेर्ने कलाको ठूलो महत्व हुन्छ । अहिले नै बाइबलमा उल्लेखित स्वास फेर्ने विभिन्न तरिकाहरूबारे पढ्नुहोस् । येशूले प्रेरितहरूमाथि "फुकिदिनुभयो ।" येशूले तिनीहरूमाथि पवित्र आत्मा फुकिदिनुभयो भनेर भनिन्छ । त्यसैले पवित्र आत्मा प्रदान गर्ने एउटा निश्चित प्रकारको स्वास फुक्ने तरिका हुन्छ । कट्टरवादी मण्डलीमा, बप्तिस्मा दिने वेलामा पूजाहारी र अभिभावकहरूले बच्चामाथि तीन पटक फुक्दछन् । येशूले फुक्नुहुँदा, पवित्र आत्मा फुकिदिनुभयो । प्रेरित ९ अध्यायमा लेखिएको छ कि शाउलले "धम्की र हत्याको" फुत्कार छोडे । हत्याराहरूले

अपराधको फुत्कार छोड्दछन् । यर्मियाको पुस्तकमा केही मानिसहरूको बारेमा लेखिएको छ "जो अरू मानिसका श्रीमतीहरूको पछि लाग्दछन् ।" यो एक परस्त्रीगामीको स्वास फेराइ हो । उच्च आवेगमा रहँदा एक प्रकारको श्वास निस्कन्छ । बिस्तारै, ताल मिलाएर र लामो गरी स्वास फेर्दै कसैसँग झगडा गर्न एक पटक प्रयास गर्नुहोस् । तपाईंले झगडा गर्न नसक्ने कुरा महसुस गर्नुहुनेछ ।

सही प्रकारले स्वास फेर्नु चाहिँ यातनालाई सहने एउटा तरिका हो । धोखा दिनुको अर्थ सम्पूर्ण मण्डलीलाई भताभुङ्ग पार्नु हो । तपाईं एक ईसाई हुनुहुन्छ जसमाथि परमेश्वरले भरोसा गर्नुहुन्छ साथै ज्यादै धेरै मानिसहरूले पनि । तपाईंलाई भूमिगत मण्डलीका रहस्यहरू सुम्पिइएको हुन्छ । धोखा दिनुचाहिँ एउटा शक्तिशाली आवेग हो । तपाईंले ताल मिलाएर लामो गरी स्वास फेर्नुहुँदा, कसैसँग झगडा गर्न र चिच्च्याउन सक्नुहुन्न । न त त्यसरी स्वास फेर्दा तपाईं धोखा दिने गरी उच्च आवेगमा आउन नै सक्नुहुन्छ । ताल मिलाएर बिस्तारै स्वास फेर्नुहोस् - कुर्कुच्चासम्म पुग्ने गरी गहीरो रूपमा । रगतमा अक्सिजनको मात्रा पर्याप्त भएमा त्यसले सारा शरीरमा सहने क्षमता प्रदान गर्दछ, जसले तपाईंका प्रतिक्रियाहरूलाई सन्तुलन गर्दछ र तपाईंलाई सन्तुलित व्यवहार गर्न लगाउँदछ ।

भूमिगत सेवकले जान्नुपर्ने, केवल दिमागले मात्र होइन, तर उसका औंलाका टुप्पाहरूले समेत, अर्को कुरा यो हो : ऊ ख्रीष्टको शरीरमा छ भन्ने कुरा उसले जान्नुपर्दछ । ऊ एउटा शरीरमा हुन्छ जसले करिब २००० वर्षसम्म कोर्रा खाएको छ । यसलाई सदैव कोर्रा हानिएको छ, गल्गोथामा मात्र होइन, तर रोमी शासकहरूको पालामा र धेरै पटकका सतावटहरूद्वारा । यसलाई नाजीहरूको पालामा र रुसमा सत्तरी वर्षसम्म कोर्रा लगाइएको थियो । मैले प्रभुलाई ग्रहण गर्दा, म त्यो कोर्रा लगाइएको शरीरको अङ्ग बनेको छु भन्ने मलाई थाहा छ; जुन शरीरलाई गिल्ला गरिएको थियो; जुन शरीरमाथि थुकिएको थियो; र जसको शिरमा काँडाको मुकुट पहिराइएको थियो, हात र खुट्टामा किला ठोकिएको थियो । म यसलाई मेरो सम्भावित भविष्यको अवस्थाको रूपमा स्वीकार गर्दछु । येशू ख्रीष्ट २००० वर्ष पहिला क्रूसमा टाँगिनुभएको थियो भनी मात्र म कहिल्यै विचार गर्नेछैनँ । येशूले अलौकिक शरीरमा भोग्नुभएका कष्टहरू मेरो निम्ति वास्तविकता बन्नुपर्दछ ।

## सर्वोच्चलाई प्रेम गर्नुहोस्

बाइबलले केही वचनहरू बताउँदछ जसलाई बुझ्न ज्यादै कठिन हुन्छ : "जसले बाबु वा आमालाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन; अनि जसले छोरा वा छोरीलाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन" (मत्ती १०:३७) । यी वचनहरूले स्वतन्त्र राष्ट्रमा प्राय: केही पनि अर्थ दिँदैनन् ।

तपाईंले शहीदहरूको आवाजद्वारा प्रकाशित पुस्तकहरूबाट यो कुरा थाहा पाउनुभएको हुन सक्दछ कि पूर्व सोभियत संघमा हजारौं बालबालिकालाई तिनका आमाबुबादेखि अलग्ग्याएर लगिएको थियो किनभने तिनीहरूलाई खीष्टबारे सिकाइएको थियो । तपाईंले आफ्नो परिवारलाई भन्दा खीष्टलाई बढी प्रेम गर्नुपर्दछ । त्यहाँ तपाईं एउटा अदालतको सामु उभ्याइनुहुन्छ र खीष्टलाई अस्वीकार गरेमा तपाईंले आफ्ना छोराछोरी आफ्नो साथमा राख्न सक्नुहुन्छ भनी न्यायाधीशले तपाईंलाई भन्दछन् । त्यसो नगरेमा, यो नै तपाईंले तिनीहरूलाई देख्न पाउनुहुने अन्तिम क्षण हुनेछ । तपाईंको हृदय टुक्रिन सक्दछ, तर तपाईंको जवाफ यो हुनुपर्दछ, "म परमेश्वरलाई प्रेम गर्दछु ।"

नाडिया स्लोबोडा चार वर्षसम्म जेल जानको निम्ति घरदेखि हिँडिन् । उनका छोराछोरीलाई उनीदेखि छुटाएर लगियो, तर उनी भजन गाउँदै घरदेखि निस्किन् । उनी जाँदै गर्दा उनका छोराछोरीलाई लैजान प्रहरीहरूले ट्रक रोकेर पर्खिरहेका थिए । अनि ती बालबालिकाले भजन गाउँदै गरेकी आफ्नी आमालाई यसो भने, "हाम्रो बारेमा चिन्ता नगर्नुहोस् । तिनीहरूले हामीलाई जहाँसुकै राखे तापनि, हामी हाम्रो विश्वासलाई त्याग्नेछैनौं ।" तिनीहरूले त्यागेनन् पनि । येशूले क्रूसमा टाँगिनुहुँदा शारीरिकरूपमा मात्र कष्ट भोग्नुभएन, उहाँकी आमाले पनि उहाँकै सामु उभिएर कष्ट भोगिरहेकी उहाँले देख्नुपर्‍यो । उहाँकी आमाले आफ्नो छोराले कष्ट भोग्नुभएको देख्नुपर्‍यो । उहाँहरूले एक-अर्कालाई प्रेम गर्नुहुन्थ्यो, तर परमेश्वरको महिमा खतरामा थियो र यहाँ हरेक मानवीय भावुकता दोश्रो कुरा हुनुपर्दछ । हामीले एक पटक र सदैव यस्तो व्यवहार अवलम्बन गर्दछौं भने मात्र, हामीले भूमिगत कार्यको निम्ति तयारी गर्न सक्दछौं ।

कष्ट भोग्नुहुने महान् खीष्ट, दुःखका मानिस, मात्र हामीमा वास गर्नुपर्दछ । साम्यवादी देशहरूमा यस्ता घटनाहरू घटेका छन् जतिबेला यातना दिने साम्यवादीहरूले ईसाईलाई पिट्न प्रयोग गर्ने रबरका डण्डाहरू फालेर यसरी सोधे, "तेरो टाउको वरिपरि भएको यो प्रकाशमय चमक के हो ? तेरो अनुहार कसरी चम्कन्छ हँ ? म तँलाई अझ बढी पिट्न सक्दिनँ ।" बाइबलमा स्तिफनसबारे यसो भनिएको छ, "उनको अनुहार चम्कियो ।" हामीले यातना दिने साम्यवादीहरूका अवस्थाहरू थाहा पाएका छौं जसले कैदीहरूलाई यसो भने, "मैले तिमीहरूलाई बेस्सरी पिटे झैं गरी चर्कोसँग चिच्च्याओ र रोओ ता कि मैले तिमीहरूलाई यातना दिन्छु भन्ने मेरा साथीहरूले सोचून् । तर म तिमीहरूलाई अझै बढी पिट्न सक्दिनँ ।" यसरी तपाईंलाई केही पनि नभईकन नै तपाईं चिच्च्याउनुहुन्छ ।

यस्ता अन्य घटनाहरू पनि छन् जसमा कैदीहरूलाई वास्तवमै, कहिलेकाहीं त मर्ने गरी नै, यातना दिइन्छ । तपाईंले खीष्टसँगै र खीष्टको निम्ति मर्ने वा विश्वासघाती बन्ने बीच छनौट गर्नुपर्दछ । ऐनामा हेर्दा पनि एक विश्वासघातीको अनुहार देखिने कारण लज्जित भएर बाँचिरहनुको के महत्व हुन्छ र ?

यस प्रकारले सोच्नुचाहिँ एक भूमिगत सेवक हुनको निम्ति आवश्यक पर्ने पहिलो गुण हो, विशेषगरी भूमिगत पाष्टर हुनको लागि - र अझै बढी महत्वपूर्ण कुराचाहिँ, भूमिगत मण्डलीको पाष्टरकी श्रीमती हुनको लागि । उनले एक अद्वितीय भूमिका खेल्दछिन् । उनले आफ्नो श्रीमान्लाई शक्तिशाली तुल्याउनुपर्दछ र सबै कार्यहरू गर्ने साहस दिनुपर्दछ । यदि उनले उसलाई चलचित्रहरू देखाउन र जीवनका शारीरिक आनन्दहरू पूरा गरिदिन अनुरोध गर्दछिन् भने, ऊ एक भूमिगत योद्धा बन्न सक्दैन । उनले त उसलाई काम गर्न, लड्न र आफैलाई बलिदान गर्न प्रोत्साहन दिनुपर्दछ ।

## मौन रहन सिक्नुहोस्

भूमिगत मण्डलीमा हामीले सिक्नुपर्ने अर्को कुरा मौन रहनु हो । पाष्टरहरू आफ्नो पेशाअनुसार नै धेरै बोल्ने मानिसहरू हुन् । अनि, पाष्टर हर समय बोलिरहनुपर्दछ भन्ने त छैन । कसैले पनि राम्रोसँग नसुनेसम्म राम्रोसँग प्रचार गर्न सक्दैन । मैले प्राणहरू बचाउन प्रयास गरेका क्षणहरूलाई फर्केर हेर्दा, मैले तिनीहरूसँग बोलेरभन्दा तिनीहरूका कुरा सुनेर बढी प्राणहरू

जितेको छु । मानिसहरूको हृदयमा ज्यादै धेरै बोझहरू हुन्छन्, र तिनीहरूको कुरा सुन्ने धैर्यता कसैमा पनि हुँदैन । तपाईंको आफ्नै श्रीमान् वा तपाईंकी श्रीमती वा तपाईंका छोराछोरीसँग पनि धैर्यता हुँदैन । तपाईंका छोराछोरी त साना हुन्छन् र कतै टाढा जान चाहन्छन् । तपाईंको कुरा सुनिदिने कोही पनि हुँदैन । यदि कसैले आफ्नो कुरा सुनिदिने मानिस भेट्टाउँदछ भने, धेरै कुरा नगरीकन नै उसलाई जितिन्छ । भूमिगत मण्डलीमा मौनताचाहिँ प्रथम नियमहरूमध्ये एक हो । तपाईंले बोल्नुहुने हरेक अनावश्यक वचनले कसैलाई जेलमा पुऱ्याइदिन सक्दछ । मेरा एकजना साथी, एक महान् ईसाई सङ्गीतकार, जेलमा परे किनभने ईसाईहरूमा यसो भन्ने बानी थियो, "दाजु....ले सङ्गीतवद्ध गर्नुभएको यो भजन कति राम्रो !" तिनीहरूले उनको प्रशंसा गरे र त्यसको लागि उनले पन्ध्र वर्ष जेल बस्नुपऱ्यो । भजन गाउनुहोस् तर त्यसका लेखकको नाउँ उल्लेख नगर्नुहोस् ।

खीष्ट विरोधीहरूले तपाईंको देश हत्याउने क्षणमा नै तपाईंले मौन रहन सिक्न सक्नुहुन्न । तपाईंले प्रभुलाई ग्रहण गर्नुहुने क्षणदेखि नै मौन रहन सिक्नुपर्दछ । ईसाई यस्तो मानिस हो जो थोरै बोल्दछ तर ज्यादै महत्वसहित बोल्दछ । आफूले कुन शब्द बोल्नुपर्दछ र त्यसले हानि गर्न सक्दछ कि सक्दैन भनी उसले सोच्दछ । भूमिगत मण्डलीमा हरेक अनावश्यक शब्दले हानि पुऱ्याउन सक्दछ ।

नोबेल पुरस्कार बिजेता सोल्झेनित्सिनले एउटा अन्तर्वार्तामा यसो भने कि उनलाई सबैभन्दा सताउने व्यक्ति, उनलाई निन्दा गर्ने व्यक्ति उनकै पूर्वपत्नी थिइन् । उपदेशकको पुस्तकमा आफ्नो मनका रहस्यहरू आफ्नो विवाहितालाई समेत नबताउनू भनेर लेखिएको छ । यो परमेश्वरको वचन हो । हामीले भूमिगत मण्डली बनाउनेछौं भन्ने कुरा परमेश्वरलाई थाहा थियो, र कुनै निश्चित क्षणमा तपाईंको विवाहिता कुनै प्रश्नबारे तपाईंसँग रिसाउन सक्दछ भन्ने पनि उहाँलाई थाहा थियो । साम्यवादीहरूले सोल्झेनित्सिनका सचिवलाई यस्तो दबाबमा राखेका थिए (र उनलाई सोल्झेनित्सिनकी श्रीमतीले निन्दा गर्दथिन्) कि उनले झुण्डिएर आत्महत्या गरिन् । यदि सोल्झेनित्सिन मौन रहेका भए, त्यो घटना हुनेथिएन ।

अर्को बुँदा जुन ज्यादै महत्वपूर्ण छ : मैले नजरबन्दमा बिताएका वर्षहरूको निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु । म तीन वर्षसम्म तीस फीट गहीरो

खाडलमा बसें । मैले कहिल्यै एक शब्द पनि सुनिनं । मैले कहिल्यै एक शब्द पनि बोलिनँ । त्यहाँ पुस्तकहरू थिएनन् । बाहिरी आवाजहरू सुनिदैनथ्यो । पहरेदारहरूले आवाज नआउने जुत्ता लगाउँथे; तपाईंले तिनीहरू हिँडेका आवाज सुन्नुहुन्थेन । अनि समय बित्दै जाँदा, भित्री आवाजहरू हराए । हामीलाई औषधि खुवाएर बेहोश पारियो, हामीलाई पिटियो । मैले मेरो सम्पूर्ण ईश्वरशास्त्र बिर्सिएँ । मैले सारा बाइबल नै बिर्सिएँ । एक दिन मैले "हे हाम्रा पिता" भन्ने प्रार्थनालाई बिर्सिएको कुरा थाहा पाएँ । मैले त्योभन्दा बढ्ता भन्न सकिनँ । त्यो "हे हाम्रा पिता...." भनेर शुरू हुन्छ भन्ने मलाई थाहा थियो, तर त्यसपछिका शब्दहरू मलाई थाहा भएन । म खुशी मात्र भइरहेँ र यसो भनेँ, "हे हाम्रा पिता, मैले त्यो प्रार्थना बिर्सिएको छु, तर तपाईंलाई पक्कै पनि कण्ठस्थ छ । तपाईंले त्यो दिनमा कैयौं हजार पटक सुन्नुहुन्छ, त्यसैले त्यो मेरो तर्फबाट भनिदिन एक स्वर्गदूत खटाइदिनुहोस्, र म पूर्णतया मौन रहनेछु ।" केही समयसम्म त मेरा प्रार्थनाहरू यति मात्र थिए, "येशू, म तपाईंलाई प्रेम गर्दछु ।" त्यसपछि यति भन्नुसमेत ज्यादै कठिन भयो किनभने हामीलाई औषधिहरू खुवाएर बेहोश पारिन्थ्यो जसले हाम्रो मगजलाई नाश पार्दथ्यो । हामी ज्यादै भोका थियौं । हामीले हप्तामा एक टुक्रा पाउरोटी पाउँदथ्यौं । त्यहाँ पिटाइहरू, र यातनाहरू, र अँध्यारो र अन्य यस्तै कुराहरू हुन्थे । मेरो दिमागलाई "येशू, म तपाईंलाई प्रेम गर्दछु" सम्म भन्न सक्ने गरी केन्द्रित गर्न पनि असम्भव भयो । मैले त्यसलाई त्यागिदिएँ किनभने त्यो आवश्यक थियो भन्ने मलाई थाहा थियो । मैले जानेको सर्वोच्च प्रकारको प्रार्थना उहाँलाई प्रेम गर्ने हृदयको मौन धड्कन हो । येशूले "ढुक-ढुक, ढुक-ढुक" मात्र सुन्नुपर्दछ र हरेक धड्कन उहाँको निम्ति हो भन्ने उहाँले थाहा पाउनुहुन्छ ।

म नजरबन्ददेखि बाहिर आउँदा र अन्य कैदीहरूको साथमा हुँदा र तिनीहरू बोलेका सुन्दा, तिनीहरू किन बोलेका थिए भनी म अचम्मित भएँ ! हाम्रो बोलीको अधिकांश भाग अनुपयोगी हुन्छ । आज मानिसहरू एक-अर्कासँग परिचित हुन्छन् र एउटाले यसो भन्नेछ, "तपाईं कस्तो हुनुहुन्छ ?" अनि अर्कोले जवाफ दिन्छ, "तपाईं कस्तो हुनुहुन्छ ?" यसको के उपयोगिता छ त ? त्यसपछि एउटाले यसो भन्नेछ, "के तपाईंलाई आज मौसम सफा छ भन्ने लाग्दैन ?" अनि अर्कोले सोचेर भन्दछ, "हो, यो सफा छ भन्ने म ठान्दछु ।" मौसम सफा छ कि छैन भन्नेबारे हामी किन बोल्नुपर्दछ ? हामीले

येशूको वचनलाई गहनरूपमा लिँदैनौं जसले भन्नुहुन्छ कि मानिसहरूलाई हरेक खराब वचनको निम्ति होइन तर हरेक व्यर्थको वचनको निम्ति न्याय गरिनेछ । बाइबलमा त्यसरी नै लेखिएको छ । केही देशहरूमा व्यर्थको गफले तपाईंको भाइलाई जेलमा पुऱ्याउन र मार्न सक्दछ । तपाईंको भाइप्रतिको प्रशंसाको एउटा शब्दले, यदि त्यो आवश्यक छैन भने, विपत्ति निम्त्याउन सक्दछ । उदाहरणको लागि, कुनै व्यक्ति तपाईंलाई भेट्न आउँदछ र तपाईंले यसो भन्नुहन्छ, "ओहो ! मलाई माफ गर्नुहोस्, तपाईं पहिला आउनुभएन - दाजु 'सुमन' भर्खरै निस्कनुभयो ।" त्यो आएको व्यक्ति गोप्य प्रहरीको सुराकी पनि हुन सक्दछ । अब उनले दाजु 'सुमन' यसै शहरमा रहेको कुरा थाहा पाउनेछिन् ! आफ्नो मुख बन्द नै राख्नुहोस् । अहिले नै त्यसो गर्न सिक्नुहोस् ।

## छुट दिइने दाउपेचहरू

तपाईंले दाउपेचहरू प्रयोग नगरी भूमिगत कार्य गर्न सक्नुहुन्न । रुसमा घटेको एउटा घटना मलाई थाहा छ । साम्यवादीहरूले ईसाईहरू कतै भेला हुँदै थिए भन्ने शङ्का गरे र तिनीहरूले एउटा सडकमा सर्वेक्षण गरे । तिनीहरूले एकजना केटा त्यो घरभित्र गइरहेको देखे जहाँ त्यो सभा हुनेथियो भन्ने तिनीहरूले ठानेका थिए । प्रहरीले त्यो केटालाई रोक्यो र सोध्यो, "तिमी कहाँ जाँदैछौ ?" दुःखित अनुहार बनाउँदै उसले यसो भन्यो, "मेरो ठूलो दाजु मर्नुभयो, र हामी सम्पूर्ण परिवार उहाँको इच्छा-पत्र पढ्न भेला हुँदैछौं । त्यो प्रहरी अधिकृत यति साह्रै प्रभावित भयो कि उसले त्यो केटालाई धाप मार्दै "जाऊ, जाऊ" भन्यो । त्यो केटाले झूट बोलेको थिएन ।

एकजना भाइलाई प्रहरीकहाँ लगेर यसरी सोधियो, "के तिमी अझै पनि सभाहरूमा जान्छौ ?" उनले जवाफ दिए, "कमरेड क्याप्टेन, अहिले प्रार्थना सभाहरू गर्न प्रतिबन्ध लगाइएको छ ।" यो सुनेर ती क्याप्टेनले जवाफ दिए, "ठीक छ, तिमीले यो नियम पालन गरेका रहेछौ । ज्यादै असल कुरा । ल, जाऊ ।" ती भाइले आफूले त्यो नियम पालन गरेको भनी भनेका थिएनन्; आफू सभाहरूमा नगएको भनी उनले भनेका थिएनन् ।

शहीदहरूको आवाज कार्यालयका एक हुलाकी एउटा साम्यवादी देशमा गए । उनलाई सिमानामा रोकेर सोधियो, "तिमीले आफूसँग कुन-कुन पुस्तकहरू ल्याएका छौ ?" उनले भने, "मसँग सेक्सपियरका वचनहरू र यहोवाका

वचनहरू छन् ।" ती प्रहरी अधिकृतले उनी निर्दोष थिए भनी देखाउन चाहेनन् । यहोवा अर्को कुनै महान् बेलायती कवि हुन सक्दथे र उनले यहोवाको बारेमा सुनेका थिएनन् भनी बताउनुले उनलाई लाजमा पार्नेथियो । अनि उनले यसो भने, "हुन्छ, हुन्छ, गइहाल ।" यी छुट दिइने दाउपेचहरू हुन् ।

बालबालिकालाई स्वर्गदूतहरूको अस्तित्वबारे बताउनुपर्दा परीकथाहरू भनिन्छन्, तर मलाई तिनको आवश्यकता पर्दैन । स्वर्गदूतहरू एउटा वास्तविकता हुन्; हामी सबैजनाका एकजना अभिभावक स्वर्गदूत हुन्छन् । ईसाईहरू भेला हुने ठाउँमा दुष्टहरू पनि सदैव भेला हुन्छन् । हामीले स्वर्गदूतहरूमाथि र पवित्र आत्मामाथि भरोसा गर्नुपर्दछ । एक नास्तिक तानाशाह शासकलाई सत्यता बताउन हामी बाध्य हुँदैनौं । हामीले गरिरहेका कार्य उसलाई बताउन हामी बाध्य हुँदैनौं । उसले मलाई प्रश्नहरू सोध्नुचाहिँ उसको एक अशिष्टता र अनुचित कार्य हो ।

यदि मैले तपाईंलाई सामान्यतया "तपाईंले बैङ्कमा कति पैसा राख्नुभएको छ ?" वा, "तपाईंले एक महिनामा कति पैसा कमाउनुहुन्छ ?" भनेर सोध्दछु भने, के यो अशिष्टता हुँदैन ? यस्ता प्रश्नहरू सोधिनुहुँदैन । तपाईंले कुनै केटीलाई "तिम्रो कोही प्रेमी छ कि छैन ? के तिमीले पहिले नै कसैसँग प्रेम गरेकी छौ ?" भनेर सोध्नुहुँदैन । उनले तपाईंलाई यस्ता कुराहरू बताउन नचाहन सक्दछिन् । त्यसैले यदि मैले कुनै मानिसलाई मेरो धार्मिक क्रियाकलापबारे बताउन चाहँदिनँ भने, उसले मलाई त्यसो गर्न दबाब दिनुहुँदैन । त्यो त मेरो व्यक्तिगत मामिलामाथिको हस्तक्षेप हो । नास्तिक राज्यसँग यस्ता प्रश्नहरू सोध्ने अधिकार हुँदैन, र हामीले पनि तिनीहरूलाई जवाफ दिनुपर्दैन ।

केरकार गर्दा, तिनीहरूले तपाईंलाई सबै प्रकारका प्रश्नहरू सोध्न सक्दछन् । साम्यवादीहरूले मलाई यसो भने : "तिमी एक ईसाई हौ र तिमी एक पाष्टर हौ । तिमीले सत्य नै बोल्नुपर्दछ । अब हामीलाई बताऊ, भूमिगत मण्डलीका अगुवाहरू को-को हुन् ? तिमीहरू कहाँ भेला हुन्छौ ? तिमीहरूले कसलाई भेट्दछौ ? अरू शहरहरूमा रहेका अगुवाहरू को-को हुन् ? मैले सत्यता बताएको भए, असङ्ख्य मानिसहरूलाई गिरफ्तार गरिनेथियो जसले पनि सत्यता बताउनेथिए, इत्यादि । त्यसको प्रतिवाद गर्नुपर्दछ । यसरी प्रतिवाद गरेर सत्यता नबताउँदा पिटिने र यातना दिइने अवस्थाहरूमा, मर्नु नै परे तापनि, तपाईंले तिनलाई सहनुपर्दछ ।

म एकजना पाष्टरलाई चिन्दछु जसले मैले पिटाइ खाएको बेलामा झैं अहिले पीडाहरू भोगिरहेका छन् किनभने उनले अमेरिकी फुटबल खेलेका थिए । उनको खुट्टामा चोट लाग्यो र उनलाई तीव्र पीडा भयो । उक्त खेलमा मैले पीडाहरू सहनुपर्दछ र पीडा हराएपछि म फेरि खेल्नेछु, यो जान्दै कि अरू दुर्घटनाहरू पनि हुन सक्दछन् । त्यसैले अमेरिकी फुटबल खेल्दा हामीले शारीरिक पीडाहरू सहनुपर्दछ, जुन एउटा खेल हो र त्यसले शरीरलाई आनन्द दिन्छ र स्वस्थ राख्दछ। त्यसै गरी, तपाईंले आफ्ना दाजुभाइलाई गिरफ्तार हुन नदिन यातनाका शारीरिक पीडाहरू सहनुहुन्छ । यसको कारण हुन सक्ने खराब घटनाचाहिँ यो हो कि तपाईं यातना पाएर मर्नुहुनेछ। तर मर्नुचाहिँ संसारमा हुने सबैभन्दा स्वाभाविक घटना हो ।

एकजना मगन्ते एक धनी मानिसको घर अगाडि रोकियो र उसले यसो भन्यो, "के म यहाँ एक रात सुत्न सक्दछु ? मेरो सुत्ने ठाउँ कहीँ छैन ।" त्यो धनी मानिसले भन्यो, "यहाँबाट गइहाल्, मगन्ते । यो कुनै होटल होइन ।" अनि त्यो गरीब मानिसले भन्यो, "मलाई माफ गर्नुहोस्; म अन्त कतै जानेछु ।" त्यसपछि उसले यसो भन्यो, "तर के तपाईंले मेरो एउटा प्रश्नको जवाफ दिनुहुन्छ ? मैले यो घरलाई हेरैं र मलाई यो साह्रै राम्रो लाग्यो । यो घर कसले बनाएको हो ?" अनि त्यो धनी मानिसले केही मात्रामा आफ्नो प्रशंसा गरिएको महसुस गऱ्यो र यसो भन्यो, "यो घर मेरो हजुरबुबाले बनाउनुभएको हो ।" "अनि तपाईंका हजुरबुबा अहिले कहाँ हुनुहुन्छ ?" "उहाँ त धेरै पहिला नै मरिसक्नुभयो ।" "तपाईंका हजुरबुबा मर्नुभएपछि यो घरमा को बस्यो ?" "अँ, मेरो बुबा ।" "के उहाँ अझैसम्म जीवितै हुनुहुन्छ ?" "अहँ, उहाँ पनि मर्नुभयो ।" "अनि अहिले यो घरमा को बस्दछ त ?" "म ।" "अनि के तपाईं पनि मर्नुहुनेछ ?" "हजुर ।" "अनि तपाईं मर्नुभएपछि यो घरमा को बस्नेछ त ?" "अँ, मेरा छोराछोरी बस्नेछन् भन्ने म आशा गर्दछु ।" अनि त्यो मगन्तेले यसो भन्यो, "तपाईं मप्रति किन चिच्च्याउनुहुन्छ ? तपाईंले यो होटल होइन भनेर भन्नुभयो । यो त होटलको एउटा कोठा हो । तपाईं जानुहुन्छ र अर्को कोही व्यक्ति आउँदछ ।" तपाईंको मृत्यु निश्चित छ; यसलाई जीवनसम्बन्धी तपाईंको साधारण धारणा बनाउनुहोस् । यदि म आज नै मरुँ भन्ने परमेश्वर चाहनुहुन्छ भने, उहाँले यातना दिने व्यक्तिको सहायता लिनुपर्दैन । म यातना नपाईकन नै हृदयाघातको कारण मर्न सक्दछु । त्यसैले

यातना दिनेले मेरो जीवनलाई एक दिन पनि छोट्याउन सक्दैन । स्वादिष्ट भोजनहरू पाइने सबैभन्दा असल रेष्टुरेण्टले मेरो जीवनलाई एक दिन पनि लम्ब्याउन सक्दैन । मलाई परमेश्वरले बोलाउनुहुने दिनमा नै म मर्दछु ।

## विश्वासघाती झगडा

भूमिगत मण्डलीमा ज्यादै सानो झगडासमेत हुन दिइँदैन । भूमिगत मण्डलीमा हुने हरेक झगडाको अर्थ गिरफ्तारहरू, पिटाइहरू र शायद मृत्युसमेत हुन्छ । हाम्रा शत्रुहरूले निगरानी राख्दछन् र सुन्दछन् । भूमिगत मण्डलीमा तिनीहरूका सुराकीहरू हुन्छन् । त्यहाँ हरेक पटक झगडा हुँदा, आपसमा दोषारोपण गरिन्छ । एउटाले अर्कोलाई यसो भन्दछ, "दाजु स्मिथसँग हुँदा, तैंले यसो गरिस्, इत्यादि ।" त्यसैले प्रहरीले स्मिथलाई भेट्टाउँदछ ।

झगडाहरूले जहिले पनि नाउँहरू प्रस्तुत गरिदिन्छन् र सत्यताहरू प्रकट गरिदिन्छन् । त्यसकारण, बाइबलमा यो वचन लेखिएको छ, "प्रभुको दासले झगडा गर्नुहुँदैन; तर सबै मानिसहरूप्रति कोमल हुनुपर्छ" (२तिमोथी २:२४) । म रुमानियाको एउटा शहरलाई सम्झन्छु जहाँ दुई झूण्डहरूबीच डरलाग्दो गरी झगडा भयो । एउटा झूण्डचाहिँ बप्टिष्ट थियो र अर्को झूण्डचाहिँ एक्सक्लुसिभ ब्रेद्रेन (Exclusive Brethern) थियो । त्यो झगडा यति डरलाग्दो थियो कि त्यसकै कारण दुवै झूण्डका अगुवाहरू पक्राउ परे ।

आज नै चूप रहन शुरू गर्नु ज्यादै असल हुन्छ । तपाईं स्वर्ग जानुहुँदा पवित्र हुन शुरू गर्नु ज्यादै ढिलो हुनेछ ! त्यसलाई कसरी शुरू गर्ने भन्ने कुरा तपाईंलाई थाहा हुनेछैन । तपाईंले अहिले नै शुरू गर्नुपर्दछ । त्यसकारण, यदि ईसाईमतलाई विरोध गर्नेहरू सत्तामा आउँदा झगडा नगर्नु नै ज्यादै असल हुन्छ भने, अहिले नै झगडा नगर्नुचाहिँ सबैभन्दा असल कार्य हो ।

दुःखलाग्दो कुरा के छ भने, खतरापूर्ण परिस्थितिहरूमा काम गर्ने संस्थाहरूबीच झगडाहरू हुन्छन् । सम्भव भएसम्म तिनलाई हटाइनुपर्दछ । पारिवारिक झगडाले पनि मृत्यु गराउन सक्दछ । म एकजना मानिससँग जेलको एउटै कोठीमा बसेको थिएँ जसको एक प्रेमिका थिइन् । उनले फेरि अर्की एउटी केटीलाई भेटे जसलाई उनले पहिलो केटीलाई भन्दा बढी मन पराए, जस्तो कि जवानी अवस्थामा हुने गर्दछ । तर उनले ती केटीलाई सबै रहस्यहरू

बताए, र ती केटीले गोप्य प्रहरीलाई सूचना दिइन् । उनले आजीवन कारावासको सजायँ भोग्नुपऱ्यो । उनी जेलमा नै पागल भए ।

एउटा साधारण ईसाई सेवक तयार पार्ने कार्यमा भूमिगत कार्यको निम्ति गरिने तयारी मुख्य कुरा हो, यति मात्र हो कि यो ज्यादै गहन हुन्छ र यो ज्यादै बढी वास्तविक - जीवनको एउटा अंश - हुनुपर्दछ । म यस्ता देशहरू चिन्दछु जहाँका मण्डलीका दुई पाष्टरहरू वा दुई एल्डरहरूबीचको झगडाले धेरैवटा भूण्डहरू नाश भएका छन् । यस्तो जहींतहीं हुन्छ, तर अत्याचार गरिने देशमा त्यसले जेलको सजायँ र मृत्युसमेत निम्त्याउँदछ ।

## मगजधुलाइलाई सहनु

सबैभन्दा ठूला विधिहरूमध्ये एउटाचाहिँ शारीरिक यातना मात्र होइन, त्यो त मगजधुलाइ हो । हामीले मगजधुलाइलाई सहने तरिका जान्नुपर्दछ । मगजधुलाइ स्वतन्त्र संसारमा पनि गर्ने गरिन्छ । पत्रिका जगत, रेडियो र टेलिभिजनले हाम्रो मगजधुलाइ गर्दछन् । कोकाकोला पिउनुको कुनै उद्देश्य संसारमा छैन । तपाईंले त्यो पिउनुहुन्छ किनभने तपाईंको मगजधुलाइ गरिएको छ । निश्चय पनि कोकाकोलाभन्दा सादा पानी नै बढी असल हुन्छ । तर "पानी पिउनुहोस्, पानी पिउनुहोस्" भनेर कसैले पनि विज्ञापन गर्दैन । पानीको विज्ञापन गरिएको भए, हामीले पानी पिउनेथियौं ।

केहीले मगजधुलाइको यो विधिलाई चरमस्थानमा पुऱ्याएका छन् । विधिहरू फरक हुन्छन्, तर म रुमानियामा कैदमा बस्दा मेरो मगजधुलाइ गर्न यसो गरिन्थ्यो : हामी सत्र घण्टासम्म एउटै आसनमा बस्नुपर्दथ्यो जहाँ ढल्किन वा झुक्न सम्भव हुन्थेन, र हामीलाई हाम्रा आँखाहरू बन्द गर्न दिइन्थेन । हामीले दिनको सत्र घण्टासम्म यसो भनिएको सुन्नुपर्दथ्यो, "साम्यवाद असल हो, साम्यवाद असल हो, साम्यवाद असल हो,....; ईसाईमत मृत कुरा हो, ईसाईमत मृत कुरा हो, ईसाईमत मृत कुरा हो,....; त्याग्, त्याग्,...." तपाईं यसलाई एक मिनेटसम्म सुन्दैमा दिक्क हुनुहुन्थ्यो तर तपाईंले यसलाई हप्तौं, महिनौं, वर्षौंसम्म पनि निरन्तर दिनको सत्र घण्टासम्म सुन्नुपर्दथ्यो । म तपाईंलाई निश्चयता दिलाउन चाहन्छु, यो सजिलो हुँदैन, यो सबैभन्दा गम्भीर यातनाहरूमध्ये एक हो जुन शारीरिक यातनाभन्दा ज्यादै बढी गम्भीर हुन्छ । तर ख्रीष्टले सबै कुराहरू पहिले नै देखिसक्नुभएको छ किनभने उहाँको

निम्ति समय नै छैन। भविष्य, भूत र वर्तमान सबै एउटै र उस्तै हुन् : उहाँलाई शुरूदेखि नै सबै कुरा थाहा छ। साम्यवादीहरूले मगजधुलाइ गर्ने प्रक्रिया ज्यादै ढिलो पत्ता लगाए ! खीष्टले मगजधुलाइको विपरीत कुरा - हृदयधुलाइ - पत्ता लगाइसक्नुभएको थियो। उहाँले यसो भन्नुभएको छ, "हृदयमा शुद्ध हुनेहरू धन्य हुन्, किनभने उनीहरूले परमेश्वरलाई देख्नेछन्" (मत्ती ५:८)।

खीष्टको निम्ति शहीद भएका पहिलो मानिस स्तिफनसको वरिपरि सयौं मानिसहरू उनलाई हिर्काउन भनी हातमा ठूला-ठूला ढुङ्गाहरू लिएर बसिरहेका थिए। उनले यसो भने, "....म देख्दछु।" उनले आफ्नो सामू रहेको खतरालाई देखे र उनी भाग्नेथिए भनी सम्भवतः स्तिफनसकी श्रीमतीले सोचेकी थिइन् होला। तर उनले यसो भने, "येशू परमेश्वरको दाहिने हातपट्टि उभिरहनुभएको म देख्दछु।" शायद उनले यसो भनिन् होला (जसलाई उल्लेख गरिएको छैन), "तपाईंको वरिपरि ढुङ्गा लिएर र तपाईंलाई हिर्काउन उभिरहेको भीडलाई के तपाईं देख्नुहुन्न ?" "हो त नी ! म त्यहाँ तल केही साना कमिलाहरू देख्दछु जसलाई उल्लेख गर्नुपर्दैन। म त येशूलाई हेर्दछु।" उनले आफूलाई मार्न चाहेकाहरूलाई हेरेनन्। हृदय शुद्ध हुनेहरू धन्य हुन्।

मैले दुई वर्षभन्दा बढी समयसम्म मगजधुलाइ भोगेको छु। मेरो दिमाग अझै पनि फोहोर नै थियो भनी ती साम्यवादीहरूले भन्दथे। तिनीहरूले "ईसाईमत मृत कुरा हो" भनेका तालमै मैले र अरूले मनमनै यसो भनिरहेका थियौं, "खीष्ट पनि मर्नुभएको छ, खीष्ट पनि मर्नुभएको छ।" तर उहाँ मृत्युबाट बौरिउठ्नुभएको थियो भन्ने हामीलाई थाहा छ। हामी पवित्र जनहरूको माझमा बस्दथ्यौं भन्ने हामी सम्झन्थ्यौं।

सामान्यतया हामी यो विश्वास गर्दछौं कि प्रभुमा सुतिगएका पवित्रजनहरू आकाशमा ताराहरूको वरिपरि कतै छन्। तिनीहरू कहाँ छन् भन्ने कुरा बाइबलले हामीलाई बताउँदछ। "यसकारण यति ठूलो साक्षीहरूको बादलले हामी पनि घेरिएका हुनाले...." (हिब्रू १२:१)। किन तिनीहरू ताराहरूको बीचमा रहनुपर्दछ ? तिनीहरू त्यहाँ छन् जहाँ वास्तविक योद्धाहरू र पीडितहरू हुन्छन्। आत्माको संसारमा कुनै यहाँ र त्यहाँ हुँदैन। स्थान र समयका धारणाहरू आत्माको संसारमा हुँदैनन्। हामीलाई जेलमा नजरबन्द गरी एक्लै राखिएको थियो, तर तिनीहरू हाम्रो वरिपरि थिए। हामीले सबै युगका पवित्र

जनहरूको उपस्थिति अनुभव गऱ्यौं । मैले व्यक्तिगतरूपमा चाहिँ मरियम मग्दलिनीको उपस्थिति अत्यन्तै धेरै महसुस गरेँ । मैले मगजधुलाइ गरिएको अवधिमा यसरी सोचेँ, "तिनीहरूले मलाई के भनिरहेका छन्, यही कि ईसाईमत मृत कुरा हो ? मानिलिऔं कि तिनीहरूले सही नै भन्दैछन्, त्यसले के फरक पार्दछ र ? मानिलिऔं कि संसारमा मबाहेक अरू कोही ईसाई छैन, यसले के फरक पार्दछ र ? मरियम मग्दलिनीले येशूलाई मात्र प्रेम गरिन् । यदि येशू मर्नुभएको थियो भने, उनले मृत येशूलाई प्रेम गरिन् । उनी मृत येशूको चिहान नजिकै बसिन् जसले उनको निम्ति केही पनि गर्न सक्नुहुन्थेन । उहाँले उनको निम्ति एउटा औंला पनि उचाल्न सक्नुहुन्थेन; उहाँले उनको निम्ति कुनै आश्चर्यकर्म गर्न सक्नुहुन्थेन; उहाँले उनीप्रति सान्त्वनाको एउटा पनि वचन बोल्न सक्नुहुन्थेन । उहाँले आँशु पुछिदिन सक्नुहुन्थेन - केही पनि गर्न सक्नुहुन्थेन । उहाँ उद्धारकर्ता हुनुहुन्थ्यो । त्यसैले उहाँ मर्नुभएको छ भनी तपाईंले मलाई भन्नुहुन्छ भने पनि, त्यसले के फरक पार्दछ र ? उहाँ जीवित हुनुभएको भए जत्तिकै म उहाँलाई प्रेम गर्दछु । यदि सारा मण्डली मरेको थियो वा त्यसले आफ्नो विश्वास गुमाएको थियो भने पनि, त्यसको कारण म मेरो विश्वास त्याग्दिनं ।"

हामी विश्वासको निश्चयतामा आइपुग्नुपर्दछ । हिब्रू भाषामा "शङ्का गर्नु" भन्ने शब्दहरू हुँदैनन् भनी मैले तपाईंलाई बताइसकेको छु । यो वाक्यांश पुरानो करारमा पाइँदैन । के म तपाईंलाई हिब्रू भाषामा नहुने अर्को शब्द पनि देखाइदिन सक्दछु ? विश्व मण्डली परिषदका अगुवाहरूले मलाई प्रायः आरोप लगाउँदछन् । तिनीहरूले मरो विरुद्धमा यसरी लेखे : "उम्ब्राण्डले पूर्वी यूरोपको कठिन अवस्थालाई पूर्णतया कालो र सेतो (खराब र असल) रूपमा व्याख्या गर्दछन् । त्यो त्यस्तो छैन । त्यहाँ खैरो (मिश्रित) रङ्ग पनि हुन्छ ।" म जवाफ दिन्छु कि तिनीहरूले नयाँ करारभरिबाट "खैरो" शब्द मलाई देखाउँदछन् भने, म त्यो कुरा स्वीकार गर्दछु । नयाँ करारमा धेरैवटा रङ्गहरू उल्लेख गरिएको छ - "खैरो," मिश्रित रङ्ग, चाहिँ उल्लेख गरिएको छैन । कुनै पनि कुरा या त साँचो हुन्छ या भूटो हुन्छ; त्यो या त सही हुन्छ या गलत हुन्छ । त्यो या त सेतो (असल) हुन्छ या कालो (खराब) हुन्छ । या त तपाईंले संसारको पक्ष लिनुपर्दछ या तपाईंले खीष्टको पक्ष लिनुपर्दछ । त्यसैले पुरानो करार अर्थात् हिब्रू भाषामा "शङ्का गर्नु" भन्ने वाक्यांश छैन । हामी जोड वा

गुणाको तालिकाबारे निश्चित भए झैं गरी विश्वासका यी समस्याहरूबारे पनि निश्चित हुनुपर्दछ । दुई र दुई जोड्दा चार हुन्छ । यो साँचो हो । मेरो परिवार जीवित छ कि मारिएको छ, मसँग प्रशस्त छ कि म भोकभोकै छु, म स्वतन्त्र छु कि जेलमा छु, मलाई पिटिएको छ कि प्रेमपूर्वक स्पर्श गरिएको छ, गणितको सत्यता परिवर्तन हुँदैन । दुईवटा प्रेमपूर्ण स्पर्श र दुईवटा प्रेमपूर्ण स्पर्श जोड्दा चारवटा प्रेमपूर्ण स्पर्श हुन्छ, र दुई पटकको पिटाइ र दुई पटकको पिटाइ जोड्दा चार पटकको पिटाइ हुन्छ ।

सत्यको निश्चयता र मरियम मग्दलिनीको जस्तो प्रेमले तपाईंलाई गरिने मगजधुलाई सहन तपाईंलाई सक्षम तुल्याउँदछ । चरमसीमासम्म नै सहनुहोस् ।

म एक नायकको रूपमा प्रस्तुत हुन चाहन्नँ । म एक मानिस हुँ, र हरेक मानिसमा झैं ममा पनि कमी-कमजोरीहरू छन् । त्यसकारण, कमजोरीका अवस्थाहरूमा एक-अर्कालाई प्रोत्साहन दिन हामी मण्डलीको रूपमा उपस्थित हुन्छौं । यस्तो डरलाग्दो दबाबमा पर्दा, मैले एक पटक मेरो नजिकैका एकजना भाइसँग कानेखुसी गरें - जो एक प्रिष्बिटेरियन सेवक र ज्यादै असल ईसाई थिए - "भाइ, मैले आफ्नो विश्वास गुमाएको छु भन्ने मलाई लाग्दछ । अब त म विश्वासी हुँ भन्ने मलाई लाग्दैन ।" उनले सदा झैं मुस्कुराउँदै मलाई सोधे, "के तपाईंले कहिल्यै विश्वास गर्नुभएको थियो ?" अनि मैले भनें, "हजुर, मैले निश्चय नै विश्वास गरेको थिएँ ।" उनले भने, "त्यसो भए, बाइबलको एउटा पद स्मरण गर्नुहोस् । कन्या मरियम इलीशिबाकहाँ जाँदा, इलीशिबाले उनलाई यसो भनिन् 'उनी धन्य हुन्, जसले विश्वास गरिन् ।' यो भूतकाल हो । यदि तपाईंले विगतमा विश्वास गर्नुभएको छ भने, तपाईं धन्यको हुनुहुन्छ । यसरी नै धन्य भएर जिइराख्नुहोस् ।" ती परिस्थितिहरूमा ती शब्दहरूले मलाई बताएका कुरा म तपाईंलाई बताउन सक्दिनँ । ईश्वरशास्त्र कति गहीरो हुन्छ भन्ने कुरा मलाई थाहा छैन, तर हामी त्यस समयमा ईश्वरशास्त्रअनुसार जिएनौं । हामी विगतका स्मरणहरूअनुसार जियौं । त्यसकारण, हामीले प्रभुलाई धन्यको भन्नुपर्दछ र उहाँले विगतमा दिनुभएका आशिषहरू बिर्सनुहुँदैन भनी बाइबलले हामीलाई सिकाउँदछ । तपाईंको प्राणले ज्यादै कठिन अवंस्था भोग्नुपरे तापनि विगतका आशिषहरू स्मरण गर्नुहोस् ।

## एक्लोपनालाई पार गर्नु

एक भूमिगत योद्धाका विशाल समस्याहरूमध्ये एउटाचाहिँ उसको एक्लोपनालाई हटाउने तरिका थाहा पाउनु हो । हामीसँग कुनै पनि पुस्तक थिएन । बाइबल मात्र नभएको होइन कि, कुनै पनि पुस्तकहरू, कागजको एउटा टुक्रा र सिसाकलम पनि थिएन । हामीले होहल्ला कहिल्यै सुनेनौं, र हाम्रो ध्यान भङ्ग गराउने कुनै कुरा त्यहाँ थिँदै थिएन । हामीले भित्ताहरूमा हेर्दथ्यौं र त्यही नै सबै कुरा थियो । अनि साधारणतया यस्ता अवस्थाहरूमा दिमाग पागल बन्दछ । कैदी जीवनसम्बन्धी महान् पुस्तकहरू पढ्नुहोस् ( प्यापिलिअन र यस्तै अन्य पुस्तकहरू जुन भविष्यका भूमिगत सेवकहरूले पढ्नको लागि ज्यादै मूल्यवान हुन्छन्) जसले तपाईंलाई कैदको वातावरणबारे त्यति नै मात्रामा बुझाउँदछन् जति एक स्वतन्त्र मानिसले बुझ्न सक्दछ । दिमागलाई खिँच्ने कुनै पनि कुरा नभएको अवस्थामा वर्षौंसम्म एक्लै रहनुबाट उत्पन्न हुने पागल गराउने प्रभावलाई तपाईंले देख्नुहुनेछ । म कसरी पागल बनिनँ भन्ने सम्बन्ध मेरो आफ्नै अनुभव म तपाईंलाई बताउन सक्दछु, तर यसलाई पनि पहिला नै आत्मिक कुराहरूलाई अभ्यास गर्ने जीवन जिएर तयार पारिनुपर्दछ । तपाईं बाइबलबिना कति समयसम्म एक्लै रहन सक्नुहुन्छ । तपाईं रेडियो वा क्यासेट नबजाईकन कति समयसम्म एक्लै रहन सक्नुहुन्छ, इत्यादि ?

मैले, र अन्य धेरैजना कैदीहरूले, त्यसलाई यसरी अभ्यास गर्‍यौं । हामी रातमा कहिल्यै सुतेनौं । हामी दिउँसो सुत्दथ्यौं । हामी रातभरि जागा नै रहन्थ्यौं । तपाईंलाई थाहै छ कि भजन संग्रहले यसो भन्दछ, “हे परमप्रभुका सबै सेवकहो, जो परमप्रभुको घरमा राती बस्दछन्, हेर, परमप्रभुलाई धन्यको भन” (भ.सं. १३४:१) । दिनमा गरिने दशवटा प्रार्थनाहरूको र रातमा गरिने एउटा प्रार्थनाको महत्व समान हुन्छ ।

सम्पूर्ण ठूला-ठूला पापहरू र अपराधहरू रातकै समयमा गरिन्छन् । ठूला-ठूला डकैतीहरू, मतवालीपन, मोजमज्जा, व्यभिचार - यो सबै पापी जीवन रातीको जीवन हो । दिनमा त सबैले कारखानामा, कलेजमा, वा कतै न कतै काम गर्नुपर्दछ । शैतानका शक्तिहरू रातका शक्तिहरू हुन्, र त्यसकारण, तिनलाई रातको समयमा विरोध गर्नु ज्यादै महत्वपूर्ण हुन्छ । जागा रहेर प्रार्थना गर्नु ज्यादै महत्वपूर्ण हुन्छ । स्वतन्त्र संसारमा, त्यसरी

जागा रहेर प्रार्थना गर्ने कार्य प्रायः थाहै हुँदैन । मेरो देशमा, साम्यवादीहरूले सत्ता हत्याउनुभन्दा पहिला पनि, हामीले रातभरि जागा रहेर प्रार्थना गर्दथ्यौं । मेरो छोरो मिहाईलाई तीन-चार वर्षको हुँदाखेरि नै त्यसरी जागा रहेर गरिने प्रार्थनाबारे थाहा थियो । हामीले सारा रात प्रार्थनामा बिताउँदथ्यौं । हामीले प्रार्थना गर्दा, तीन-चार वर्षका साना बालबालिकाले पनि केहीबेर प्रार्थना गर्दथे, त्यसपछि तिनीहरूले एक-अर्कालाई हिर्काउँदथे । हामीले तिनीहरूलाई अलिअलि गाली गर्दथ्यौं, त्यसपछि तिनीहरूले फेरि केहीबेर प्रार्थना गर्दथे, र त्यसपछि तिनीहरू कुनै टेबलमुनि गएर सुत्दथे । त्यसरी तिनीहरू राती प्रार्थना गर्न सिक्दै हुर्किए ।

नजरबन्दमा हुँदा, अन्य कैदीहरू सुत्न जाँदा हामी जागा हुन्थ्यौं । हामीले हाम्रो समयभरिको लागि एउटा कार्यक्रम बनाउँदथ्यौं जुन यति कठिन हुन्थ्यो कि हामीले त्यसलाई पूरा गर्न सक्दैनथ्यौं । हामीले प्रार्थना गरेर शुरू गर्दथ्यौं जसमा हामीले सारा संसारलाई समेट्दथ्यौं । हामीले हरेक देशको लागि, हामीले चिनेका शहरहरू र मानिसहरूको लागि र महान् प्रचारकहरूको लागि प्रार्थना गर्दथ्यौं । हामीलाई यो प्रार्थना गरिसक्न एक वा दुई घण्टा पूरै लाग्दथ्यो । हामीले समुद्रमा रहेका र जेलमा रहेका जहाज-चालकहरूको लागि प्रार्थना गर्दथ्यौं । बाइबलले हामीलाई महान् आनन्दहरूमध्ये एउटा बताउँदछ जुन हामीले जेलको कोठीमा समेत पाउन सक्दछौं : "आनन्द मनाउनेहरूसँग आनन्द मनाओ" (रोमी १२:१५) । कहीं कतै रहेका ती परिवारहरूलाई सम्झेर म आनन्दित भएँ जो आफ्ना छोराछोरीसँग भेला भएर बाइबल पढ्दथे, ठट्यौलीहरू भन्दथे र एक-आपसमा ज्यादै खुशी थिए । कहीं कतै एकजना केटा थियो जसले एउटी जवान केटीलाई प्रेम गर्दथ्यो र उनीसँग घुम्न जान्थ्यो; म तिनीहरूसँगै खुशी हुन सक्दथें । कसैले प्रार्थना-सभा गर्दथे; र कसैले अध्ययन गर्दथ्यो; र कसैले स्वादिष्ट भोजन खाएर आनन्द मनाएको हुन्थ्यो, इत्यादि । आनन्दित भएकाहरूसँगै हामी पनि आनन्दित हुन सक्यौं ।

सारा संसारभरि यात्रा गरिसकेपछि, मैले स्मरणबाट नै बाइबल पढ्दथें । भूमिगत मण्डलीको सेवकले बाइबल कण्ठस्थ पार्नु ज्यादै महत्वपूर्ण हुन्छ ।

एकैछिन हाँसो-ठट्टा गर्नको लागि, म तपाईंलाई एउटा घटना बताउनेछु । एक पटक केही फल्याकहरूले बनेको मेरो बिस्तारामा पल्टिएर, मैले स्मरणबाट

नै 'डाँडामा दिइएको उपदेश' पढें जुन लूकाको सुसमाचारमा उल्लेख गरिएको छ। म त्यो भागमा आइपुगें जहाँ यसो भनिएको छ, "....मानिसका पुत्रको कारणले.....तिमीहरूलाई बहिष्कार गर्नेछन्....त्यस दिन तिमीहरू रमाओ, र आनन्दले उफ्र" (लूका ६:२२, २३क)। मैले त्यसरी लेखिएको थियो भनी सम्झिएँ। अनि मैले यसो भनें, "कसरी मैले यस्तो बेवास्ताको पाप गर्न सक्दछु र ? हामीले दुईवटा भिन्न कार्यहरू गर्नुपर्दछ भनी ख्रीष्टले भन्नुभएको छ। एउटा, आनन्द मनाउनु, जुन मैले गरेको छु। दोश्रो, 'आनन्दले उफ्रनु,' जुन मैले गरेको छैन।" त्यसैले म उफ्रिएँ। म मेरो बिस्ताराबाट झरें र यताउति उफ्रिन थालें। कैदमा, कोठीको ढोकामा चियाएर हेर्ने प्वाल हुन्छ जसबाट झ्यालखानाको हाकिमले कोठीभित्र हेर्दछ। म त्यसरी यताउति उफ्रँदै गर्दा, उनले हेर्न पुगेछन्। त्यसैले, म पागल भएको थिएँ भनी उनले विश्वास गरे। पागल मानिसहरूसँग ज्यादै राम्रो व्यवहार गर्न तिनीहरूले एउटा उर्दी जारी गरेका थिए, ता कि पागलहरूको चिच्च्याहट र भित्तामा हिर्काउने कार्यले कैदको शान्ति नखल्बलाओस्। पहरेदार तुरुन्तै भित्र आयो र मलाई शान्त पार्दै यसो भन्यो, "तपाईंलाई मुक्त पारिनेछ; सबै कुरा ठीक भएको तपाईंले देख्न सक्नुहुनेछ। शान्त भएर बस्नुहोस्। म तपाईंको लागि केही कुरा ल्याउनेछु।" उसले मलाई एउटा सिङ्गै पाउरोटी ल्याइदियो। हाम्रो भागचाहिँ हप्ताको एक टुक्रा मात्र थियो, र अहिले त मैले सिङ्गै पाउरोटी र चीज पनि पाएको छु। त्यो सेतो थियो। चीज मात्र कहिल्यै नखानुहोस्; सबैभन्दा पहिले यसको सेतोपनाको प्रशंसा गर्नुहोस्। त्यो हेर्नलाई सुन्दर हुन्छ। उसले मलाई चिनी पनि ल्याइदियो। उसले फेरि केही मधुर वचनहरू बोल्यो र ढोकामा चाबी लगाएर गयो।

मैले यसो भनें, "पवित्र जन लूकाको त्यो अध्याय पढिसकेर म यी कुरा खानेछु।" म फेरि पल्टिएँ र त्यो खण्ड सम्झने प्रयास गरें जहाँ मैले छोडेको थिएँ। "हो, 'तिमीहरूले मेरो नाउँको कारण सतावट भोग्दा, रमाओ' सम्म म पुगेको थिएँ,....र आनन्दले उफ्र; किनकि हेर, तिमीहरूको इनाम ठूलो छ।" मैले त्यो सिङ्गो पाउरोटी र चीजलाई हेरें। साँच्चै नै त्यो इनाम ठूलो थियो!

अर्को कार्यचाहिँ बाइबलबारे सोच्नु र त्यसबारे मनन् गर्नु हो। हरेक रात, मैले "प्रिय दाजुभाइ तथा दिदीबहिनी" बाट शुरू हुने र "आमेन्" मा टुङ्गिने प्रवचन तयार पार्दथें। मैले त्यसलाई तयार पारिसकेपछि बाँड्दथें।

मैले पछि तिनीहरूलाई ज्यादै छोटो लयमा ढालें ता कि सम्झन सकियोस् । 'नजरबन्दमा परमेश्वरसँग' र 'कैदका भित्ताहरू बोल्न सकेका भए' भन्ने मेरा पुस्तकहरूमा ती प्रवचनहरूमध्ये केही छन् । मैले तीमध्ये तीनसय पचासवटा कण्ठस्थ पारेको छु । जेलबाट बाहिर निस्किएपछि, मैले तीमध्ये केहीलाई लेखें । करिब पचासवटा जति त ती दुईवटा पुस्तकहरूमा प्रकाशित भएका छन् । ती प्रवचनहरू मैले परमेश्वर र स्वर्गदूतहरूलाई सुनाएको थिएँ । स्वर्गदूतहरूका पखेँटाहरू हुन्छन्, र तिनीहरूले ती धारणाहरू अरू कोही समक्ष पुऱ्याइदिन्छन् । (अहिले ती प्रवचनहरू धेरै भाषाहरूमा प्रकाशित भएका र प्रयोग गरिएका छन् ।) हामीले हाम्रो समय यसरी नै बिताउँदथ्यौं । मैले पुस्तकहरू र कविताहरू रचें । मैले मेरी श्रीमती र छोराछोरीबारे सोचें । हरेक रात मैले आफैलाई चुटकिलाहरू सुनाउँदथें, तर सधैं नयाँ-नयाँ मात्र जुन मलाई पहिला थाहा थिएनन् जसले गर्दा ती सबै आशावादी चुटकिलाहरू थिए । तिनीहरूले मेरा त्यतिबेलाका भावनाहरू प्रकट गर्दथे । तीमध्ये एउटा चुटकिला यो थियो : एउटी स्त्रीले आफ्नो श्रीमान्लाई यसो भनिन्, "पिटर, मैले के गर्ने होला ? म मेरा नक्कली दाँतहरूमाथि बसें र ती भाँच्चिए ।" अनि श्रीमान्ले भन्यो, "खुशी होऊ, कल्पना गर त, यदि तिमी आफ्ना सक्कली दाँतहरूमाथि बसेकी भए के हुन्थ्यो होला ?" त्यसैले मैले सबै कुराको असल पक्षलाई हेर्दथें ।

मैले पाउरोटीबाट चेसका गोटीहरू बनाएँ, तीमध्ये केहीलाई चकको सानो टुक्राले सेता बनाएँ र अरूचाहिँ खैरा थिए । म आफैसँग चेस खेल्दथें । बब फिशर संसारका सबैभन्दा महान् चेस खेलाडी हुन् भनी कहिल्यै विश्वास नगर्नुहोस् । उनले अन्तिम प्रतियोगितामा स्पास्कीलाई जितेका थिए । उनले आठ खेलहरू जिते र दुईवटा हारे । मैले, तीन वर्षमा, कहिल्यै एउटा पनि खेल हारिनँ; मैले या त सेतो गोटी लिएर या खैरो गोटी लिएर सधैं जितें !

मैले तपाईंलाई यी सबै कुरा बताएको छु किनभने यी कुराहरू भूमिगत सेवकका रहस्यहरू हुन् जति बेला उसले कष्ट भोग्दछ । आफ्नो दिमागलाई कहिल्यै पनि निराश हुन नदिनुहोस् किनभने त्यतिबेला साम्यवादीहरूले तपाईंलाई पूर्णतया आफ्नो मुट्ठीमा पार्दछन् । तपाईंको दिमागले सदैव अभ्यास गरिरहनुपर्दछ । त्यो चनाखो हुनुपर्दछ, त्यसले सोच्नुपर्दछ । हरेकका क्षमताहरूअनुसार, त्यसले विभिन्न कुराहरू रच्नुपर्दछ, इत्यादि ।

## साँचो पहिचान

भूमिगत मण्डली कुनै नयाँ कुरा होइन । भूमिगत मण्डलीमा काम गरिसकेपछि मैले नयाँ आँखाले नयाँ करार पढेँ। मैले प्रेरितहरूको पुस्तकमा रहेका उदाहरणहरू पढेँ जहाँ प्रेरितहरू र चेलाहरूले पहिलाका भन्दा "भिन्न" नाउँहरू धारण गरेका थिए, र यसका अनेकौं उदाहरणहरू नयाँ करारमा पाइन्छन् (प्रकाश २:१७ एउटा बल्दो उदाहरण हो)।

- "जस्टस उपनाम भएको बर्साबास भनिने यूसूफ" (प्रेरित १:२३)।
- "योसेस, जसलाई प्रेरितहरूले बर्नबास भन्ने उपनाम दिए" (प्रेरित ४:३६)।
- "नीगर भनिने शिमोन" (प्रेरित १३:१)।
- "बर्साबास उपनाम भएको यहूदा" (प्रेरित १५:२२)।
- "जस्टस भनिने येशू" (कलस्सी ४:११)।

किन याकूब र यूहन्नालाई "गर्जनका छोराहरू" र शिमोनलाई "पत्रुस" भनिनुपऱ्यो ? मैले यसको व्याख्या कहिल्यै थाहा पाएको थिइनँ । नयाँ करारमा ज्यादै धेरैवटा नाउँहरू परिवर्तन गरिएको हामी पाउँदछौं । अहिले भूमिगत मण्डलीमा ठीक त्यसो नै भइरहेको छ । मेरा नाउँहरू धेरै छन् । म कुनै शहर वा गाउँमा जाँदा, त्यहाँका विश्वासीहरूले 'दाजु उम्ब्राण्ड आउनुभएको छ' भनी कहिल्यै भनेनन् । एउटा शहरमा, मेरो नाउँ भासिली थियो, अर्कोमा जर्घेस्कु थियो, अर्कोमा रुबेन थियो, इत्यादि । म पक्राउ पर्दा, मचाहिँ फलानो-फलानो भनिने रिचार्ड उम्ब्राण्ड थिएँ ।

म बाइबलको शाब्दिक प्रेरणामा मात्र नभई साहित्यिक प्रेरणामा पनि विश्वास गर्दछु । त्यसो भए, किन यसमा "अनुपयोगी" देखिने शब्दहरू हुन्छन् त ? लूकाको सुसमाचारमा यसरी लेखिएको थियो, "येशूले निश्चित ठाउँमा प्रार्थना गर्नुभयो ।" तपाईं प्रार्थना गर्दा कुनै न कुनै ठाउँमा त हुनु नै पर्दछ । त्यसैले "निश्चित ठाउँमा" भन्ने शब्दहरू किन लेखिए त ? यसरी लेखिएको छ, "उहाँ निश्चित शहरमा जानुभयो ।" हरेक शहर एउटा निश्चित शहर हो, तर यो त ठीक भूमिगत मण्डलीकै भाषा हो । कुनै यात्राबाट फर्किएपछि म मेरी श्रीमतीलाई यसो भन्दछु, "म एउटा निश्चित शहरमा र एउटा निश्चित

ठाउँमा थिएँ जहाँ मैले एक निश्चित भाइलाई भेटें । हामीले एउटा निश्चित समयमा एउटा निश्चित घरमा भेट्ने निर्णय गऱ्यौं ।"

येशूले आफ्ना चेलाहरूसँग भोज खान चाहनुभएको थियो (लूका २२:७-१३) । अब, उहाँले "फलानो सङ्ख्या भएको फलानो सडकमा जाओ, श्री **कखग**बारे सोध र एउटा भोज तयार पार" भन्नुचाहिँ सामान्य कुरा नै थियो । त्यसको सट्टा उहाँ यसो भन्नुहुन्छ, "जब तिमीहरू शहरभित्र पसेका हुन्छौ, तब एउटा पानीको गाग्रो बोकिरहेको मानिसले तिमीहरूलाई भेट्नेछ; जुन घरभित्र ऊ पस्छ, त्यहींसम्म उसलाई पछ्याओ ।" (त्यस समयमा स्त्रीहरू इनारमा जाने चलन भएकोले, एक पुरुषले "पानीको गाग्रो बोक्नु" चाहिँ नौलो कुरा हुनेथियो ।) हामीले पनि ठीक त्यसो नै गर्दछौं; हामीले प्रार्थना-सभा आयोजना गर्दा ठेगाना बताउँदैनौं किनभने सुराकी को हो भन्ने हामीलाई थाहा हुँदैन । हामी यसो भन्दछौं, "'त्यो' सडकको कुनामा उभिनुहोस् वा 'त्यो' सार्वजनिक पार्कमा बस्नुहोस् र निलो टाई वा अर्को कुनै चिन्ह भएको मानिस जाँदै गरेको तपाईंले देख्नुहुनेछ । उहाँको पछि लाग्नुहोस् ।" यदि कसैले अर्कोलाई "तपाईंको नाउँ के हो ?" भनी सोध्दछ भने, ऊ गोप्य प्रहरीको सुराकी हो भन्ने हामी जान्दछौं ।

भूमिगत मण्डली त्यो कुरा हो जुन नयाँ करार लेखिएको समयमा पनि अस्तित्वमा थियो । हामीसँग यस्ता समालोचकहरू पनि छन् जसले भन्दछन् कि हामीले गर्ने कार्य परमेश्वरको सामु गैरकानूनी हो किनभने मण्डलीले भूमिगत भएर काम गर्नुहुँदैन । हामीले शासकहरूको आज्ञा पालन गर्नुपर्दछ । विश्व मण्डली परिषदले हामीलाई आरोप लगाउँदछ, तर तिनीहरूले गुरिल्लाहरूलाई पैसा दिन्छन् जसले शासकहरूको अवज्ञा गर्दछन् । बाइबलमा यसरी लेखिएको छ कि जोसँग अधिकार हुन्छ त्यो शासक हो जसले दुष्टलाई दण्ड दिन्छ र असललाई इनाम दिन्छ । परमेश्वरको वचनलाई प्रतिबन्ध लगाउने शासकले आफूलाई मानवीय परिधिभन्दा बाहिर राख्दछ । यसप्रति बाइबलको कुनै पनि पद लागू हुँदैन । हरेक शासकका कानूनहरू हुन्छन् र त्यसका अन्यायहरू र दुरूपयोगहरू हुन्छन् किनभने कुनै पनि सरकार पवित्र जनहरूले बनेको हुँदैन । त्यो त पापीहरूले बनेको हुन्छ । हरेक शासकले असल र खराब कार्यहरू गर्दछ । मुख्य कुराचाहिँ यो हो कि तिनीहरूले भुसिलकिरालाई पुतली बन्नमा अवरोध खडा गर्नुहुँदैन; तिनीहरूले एक पापीलाई पवित्र जन बन्नदेखि रोक्नुहुँदैन । तिनीहरूले मलाई यो अनुमति

दिइन्जेलसम्म, तिनीहरू स्वर्गबाट झरेका पवित्र जनहरू बनून् भन्ने म आशा राख्दिनँ । म तिनीहरूबाट यो आशा राख्दछु कि तिनीहरूले केही असल कार्यहरू गर्दछन् र कहिलेकाहीं गलत कानूनहरू बनाउनुपर्दछ जसलाई तिनीहरूले दुई वा तीन वर्षपछि परिवर्तन गर्न सक्दछन् । म तिनीहरूलाई एक शासकको रूपमा आदर गर्नेछु । तर यदि तिनीहरूले मेरो जीवनको सार नै हरण गर्दछन् भने, जसले स्वर्गमा हुने मेरो अत्यन्त सुन्दर उपस्थितिको निम्ति मलाई तयार पार्नुपर्दछ, म त्यो शासकप्रति आज्ञाकारी हुनुपर्ने कुरा महसुस गर्दिनँ । साम्यवादी र मुस्लिम राष्ट्रहरूमा रहेको भूमिगत मण्डलीलाई सहायता गर्ने हाम्रो सेवकाइको भूमिगत कार्य जारी नै छ ।

मैले तपाईंलाई यो भूमिगत मण्डलीले भोग्ने समस्याहरूको एउटा झलक मात्र बताएको छु ता कि तपाईंले त्यो कस्तो हुन्छ भन्ने कुराको, धेरै-थोरै, तस्वीर पाउन सक्नुहोओस् । परमेश्वरले तपाईंलाई आशिष दिनुहोओस् ।

## रिचार्ड उम्ब्राण्डद्वारा लिखित अन्य पुस्तकहरू :

खीष्टको निम्ति प्रताडित

कष्टदेखि विजयतर्फ

समर्पणताको सङ्घारमा

परमेश्वरको भूमिगत अवस्थामा

कैदका भित्ताहरू बोल्न सकेका भए

नजरबन्दमा परमेश्वरसँग

यहूदी मार्गमा खीष्ट

नास्तिकको निर्देशिकाको जवाफ

मार्क्स र शैतान

परमेश्वरसँग एक्लै

शिखरतर्फ उन्मुख

# कष्ट:
# ईसाई आनन्दको बलिदान



जोन पाइपर

जोन पाइपरद्वारा लिखित Desiring God बाट साभार लिइएको
(Sisters, Orgeon: Multnomah Books)

मल्टनोमाह पब्लिशर्स इन्क को अनुमति लिएर प्रयोग गरिएको
अनुरोध गरिएको प्रयोगको लागिमात्र,
अन्य कुनै पनि उद्देश्यहरूको निम्ति प्रतिलिपि गर्न निषेधित ।

## कष्ट भोगिरहेका पवित्र जनको चरणमा बस्नु

रिचार्ड उम्ब्राण्डको चरणमा बसेदेखि म पहिलाको जस्तो रहिरहिनँ । म वास्तवमै उहाँको चरणमा बसेको थिएँ । उहाँले जुत्ता फुकाल्नुभयो र दक्षिण मिन्नेपोलिसस्थित ग्रेस बप्तिष्ट चर्चको अलिकति अग्लो स्थानमा राखिएको कुर्सीमा उहाँ बस्नुभयो । (मैले पछि थाहा पाएँ कि उहाँले रुमानियाली कैदमा भोग्नुभएको शासनाको अवधिमा उहाँका पैतालाहरूमा क्षति पुगेको थियो ।) उहाँको सामु र उहाँको मुनि करिब एक दर्जन पाष्टरहरू बसे । उहाँले कष्टबारे बताउनुभयो । येशूले कष्टलाई "रोज्नुभयो" भन्ने कुरा उहाँले घरीघरी बताउनुभयो । उहाँले त्यसलाई नै "रोज्नुभयो ।" त्यो उहाँमाथि आइपरेको मात्र थिएन । उहाँले नै त्यसलाई "रोज्नुभयो ।" "कसैले मेरो प्राण मबाट खोसेर लाँदैन, तर म आफै यसलाई अर्पण गर्छु" (यूहन्ना १०:१८) । हामी ख्रीष्टको निम्ति कष्ट भोग्न चाहन्छौं कि चाहँदैनौं भनी उहाँले हामीलाई सोध्नुभयो ।

उम्ब्राण्डको आराधनामय पुस्तक, शिखरतर्फ उन्मुख (Reaching Toward the Heights) ले उनलाई यसरी प्रस्तुत गर्दछ : रिचार्ड उम्ब्राण्ड यहूदी मूलका इभान्जेलिकल लुथरवादी पाष्टर हुनुहुन्छ जो सन् १९०९ मा रुमानियामा जन्मिनुभएको थियो । सन् १९४५ मा साम्यवादीहरूले उहाँको जन्मभूमि कब्जा गरेपछि उहाँ भूमिगत मण्डलीको अगुवा बन्नुभयो । सन् १९४८ मा उहाँ र उहाँकी श्रीमती सबिना पक्राउ पर्नुभयो र उहाँ जमीनमुनिको कोठीमा तीन वर्षसम्म नजरबन्दमा रहे लगायत, लाल कैदहरूमा चौध वर्ष बस्नुभयो । त्यसरी नजरबन्दमा रहँदा उहाँले कहिल्यै पनि घाम, ताराहरू वा फूलहरू देख्नुभएन । उहाँले आफूलाई पहरा दिनेहरू र यातना दिनेहरूबाहेक कसैलाई देख्नुभएन । नर्वेका ईसाई मित्रहरूले सन् १९६४ मा अमेरिकी डलर १०,००० मा उहाँलाई किनेर स्वतन्त्र तुल्याए ।[1]

## बलिदान कति सुन्दर हुन्छ ?

उहाँले बताउनुहुने कथाहरूमध्ये एउटाचाहिँ एक सिस्टर्सिएन मठाधीशको कथा हो जससँग इटालीको टेलिभिजनले अन्तर्वार्ता लिएको थियो । ती अन्तर्वार्ताकारले शान्त र एकान्तमा जिउने सिस्टर्सिएन परम्परामा विशेषरूपमा चाख लिएका थिए । त्यसैले उनले ती मठाधीशलाई यसरी सोधे, "अनि

तपाईंको जीवनको अन्तिम अवस्थामा नास्तिकवाद साँचो हो र परमेश्वर छैन भन्ने कुरा तपाईंले महसुस गर्नुभयो भने, तपाईं के गर्नुहुन्छ ? मलाई बताउनुहोस्, त्यो साँचो भएमा तपाईं के गर्नुहुन्छ ?

अनि ती मठाधीशले जवाफ दिए, "पवित्रता, शान्ति र बलिदानको इनाम दिइने प्रतिज्ञा नदिइएको भए तापनि ती आफैमा सुन्दर हुन्छन् । म तब पनि मेरो जीवनलाई राम्रोसँग प्रयोग गर्नेछु ।"

जीवनको अर्थसम्बन्धी केही झलकहरूले कष्टसम्बन्धी मेरा धारणाहरूमा ज्यादै ठूलो प्रभाव पारेका छन् । ती मठाधीशको जवाफको पहिलो प्रभाव महिमाको सतही, भावुक आवेग थियो । तर त्यसपछि कुनै अप्ठ्यारो घटना घट्यो । त्यो समाधान भएन । कुनै कुरा गलत थियो । शुरूमा त मैले त्यसलाई प्रष्टरूपमा बुझ्न सकिनँ । त्यसपछि म कष्ट भोगेका महान् ईसाई, प्रेरित पावलतर्फ फर्किएँ, अनि उनी र ती मठाधीशबीचको भिन्नतालाई देखेर छक्क परें ।

ती अन्तर्वार्ताकारको प्रश्नप्रति पावलले दिने जवाफ ती मठाधीशको जवाफभन्दा ठीक विपरीत थियो । ती अन्तर्वार्ताकारले यसरी सोधेका थिए, "तपाईंको जीवनशैली कुनै झूटोपनामाथि र परमेश्वर छैन भन्ने कुरामाथि आधारित हुन पुग्दछ भने, तपाईं के गर्नुहुन्छ ?" सारमा, ती मठाधीशको जवाफ यस्तो थियो, "जे भए पनि यो एक असल र श्रेष्ठ जीवन हो ।" पावलले आफ्नो जवाफ १कोरिन्थी १५:१९ मा दिएका छन्, "यही जीवनमा मात्र हामीले ख्रीष्टमा आशा राखेका छौं भने, सबै मानिसहरूमध्ये हामीचाहिं सबैभन्दा दुःखी हौं ।" योचाहिँ ती मठाधीशको जवाफभन्दा ठीक विपरीत छ ।

किन पावल ती सन्तसँग सहमत भएनन् ? किन पावलले यसो भनेनन्, "ख्रीष्ट मृतकबाट बौरिउठ्नु नभएको भए तापनि र परमेश्वर हुनुहुन्न भने तापनि, प्रेम, परिश्रम, बलिदान र कष्टको जीवन एक असल जीवन हो" ? किन उनले "पुनरुत्थानको इनाम नपाए तापनि, हामी दुःखी हुनुहुँदैन" भनी भनेनन् ? बरु किन उनले यसो भने, "अन्तमा ख्रीष्टमाथिको हाम्रो आशा झूटो प्रमाणित भए पनि, हामी सबैभन्दा बढी दुःखी हुनुपर्दछ" ?

**के खीष्टसँगको जीवन ज्यादै असल हुन्छ ?**

विशेष गरी अमेरिका र पश्चिमी यूरोपजस्ता सम्पन्न, आरामदायी देशहरूका ईसाई मण्डलीको निम्ति यो एक अत्यन्तै महत्वपूर्ण प्रश्न हो । ईसाई बनेपछि जीवन ज्यादै सरल बनेको छ भन्ने सार भएका ईसाई गवाहीहरू हामी कति पटक सुन्दछौं । मैले हालसालै एक व्यावसायिक फूटबल टोलीका खेलाडीले यसो भनेका सुनें कि उनले प्रार्थना गरेर खीष्टलाई ग्रहण गरेपछि, फेरि राम्रोसँग खेल्न सके र उत्कृष्ट रेकर्ड कायम राख्न सकेकोमा गर्व गरे किनभने उनले हरेक आइतवार गएर उत्कृष्ट खेल प्रदर्शन गर्न सके ।

सम्पन्न पश्चिमका अधिकांश ईसाईहरूले ईसाईमतका लाभहरूलाई त्यस्तो अर्थमा व्याख्या गर्दछन्जस्तो देखिन्छ जसले, परमेश्वर नहुनुभए तापनि र पुनरुत्थान नभएको भए तापनि, जीवन असल बनाइदिन्छ । सम्पूर्ण मनोवैज्ञानिक लाभहरू र सम्बन्धगत लाभहरूबारे सोच्नुहोस् । अनि साँच्चै नै ती साँचा र बाइबलीय हुन् : पवित्र आत्माको फल प्रेम, आनन्द र शान्ति हो । त्यसैले यी कुराहरूलाई विश्वास गर्नाले यदि हामीले प्रेम, आनन्द र शान्ति पाउँदछौं भने, त्यो जीवन भूटोपनामाथि आधारित हुन पुगे तापनि, के असल जीवन नै हुँदैन त ? किन हामी दुःखी हुने ?

त्यसो भए, पावलमा कुन कुरा गलत थियो त ? के उनले प्रशस्तताको जीवन जिएका थिएनन् ? पुनरुत्थान हुँदैन भने, हामी सबै मानिसहरूमध्ये सबैभन्दा दुःखी हौं भनी किन उनी भन्दछन् ? यदि कुनै आनन्दमय र सन्तोषजनक भ्रमले भविष्यको निम्ति केही फरक पार्दैन भने, त्यही भ्रममा उत्कृष्ट रेकर्ड राख्दै जिउनु दुःखदायीजस्तो देखिँदैन । यदि भ्रमले खालीपना र अर्थहीनतालाई खुशीमा परिणत गर्न सक्दछ भने, किन दिग्भ्रमित नहुने ?

त्यो जवाफ यस्तो देखिन्छ कि पावलको निम्ति ईसाई जीवनचाहिँ सम्पन्नता र सरलताको कथित असल जीवन थिएन । बरु त्यो त हामीले साधारणतया अनुभव गर्ने कुनै पनि कुराभन्दा पनि परको स्वेच्छापूर्वक रोजिएको कष्टको जीवन थियो । परमेश्वरमाथिको पावलको विश्वास, पुनरुत्थानमाथिको उनको दृढता र खीष्टसँगको अनन्त सङ्गतिमाथिको उनको आशाले पुनरुत्थानबिना नै सन्तुष्ट हुने आराम र सरलताको जीवन उत्पन्न गराएन । अहँ, उनको आशाले उत्पन्न गराएको जीवन रोजिएको कष्टको जीवन थियो । हजुर,

उनलाई अवर्णनीय आनन्द थाहा थियो । तर यो त "आशामा आनन्दित हुनु" थियो (रोमी १२:१२) । अनि त्यही आशाले उनलाई कष्टहरू अङ्गाल्न स्वतन्त्र तुल्यायो जुन कष्टहरूलाई उनले आफ्नै पुनरुत्थान र जसको निम्ति उनले कष्ट भोगेका थिए, तिनीहरूको पुनरुत्थानको आशाबिना कहिल्यै रोज्नेथिएनन् । पुनरुत्थान हुँदैन भने, पावलले आफ्नै गवाहीद्वारा प्रस्तुत गरेका उनका बलिदानपूर्ण छनौटहरू दुःखदायी हुनेथिए ।

हजुर, उनको कष्टमा आनन्द र ठूलो महत्वको भावना थियो । तर कष्टपछाडि रहेको आनन्दमय आशाको कारणले मात्र त्यो आनन्द त्यहाँ आएको थियो । यही नै रोमी ५:३, ४ को मुख्य विषय हो । "हामी सङ्कष्टहरूमा पनि आनन्द मनाउँछौं; यो कुरा जानेर कि सङ्कष्टले धीरज, अनि धीरजले खारिएको गुण; र खारिएको गुणले आशा उत्पन्न गर्छ ।" त्यसैले सङ्कष्टमा पनि आनन्द हुन्छ । तर सङ्कष्ट आफैले नै सुरक्षा र वृद्धिमा सहायता गरिरहेको हुन्छ भन्ने आशाको कारण आनन्द उत्पन्न हुन्छ । त्यसैले यदि आशा हुँदैन भने, पावल त्यो सङ्कष्टलाई अङ्गाल्ने मूर्ख हुन् र त्यसमा आनन्द मनाउने झन् मूर्ख हुन् । तर त्यहाँ आशा हुन्छ । अनि त्यसैले पावलले यस्तो जीवनशैली रोज्दछन् जुन मृत्युपछि आउने आनन्दको आशाबिना मूर्खता र दुःखदायी हुनेथियो । उनले रिचार्ड उम्ब्राण्डको प्रश्नको सकारात्मक जवाफ दिन्छन् । उनले कष्टलाई रोज्दछन् ।

## के झगडा र क्यान्सरबीच भिन्नता छ ?

आउनुहोस् केहीबेर प्रसङ्गबाहिरको छोटो कुरा गरौं । यस अवस्थामा कसैले यसरी सोध्न सक्दछ, "मैले नरोज्ने कष्टबारे के हुन्छ त ? जस्तै क्यान्सर । अथवा कार दुर्घटनामा भएको मेरो छोराको मृत्यु ? वा गम्भीर निराशा ? के यो अध्याय यस्तै कुनै कुरासम्बन्धी हो ?" मेरो जवाफ यो हो कि यो अध्यायको अधिकांश भाग कष्ट भोगिरहेका ईसाईहरूले खतरापूर्ण अवस्थाहरूमा खुल्लारूपमा ईसाई हुने छनौट गर्न चाहनुसँग सम्बन्धित छ । अनि कुनै न कुनै तरिकाले सबै अवस्थाहरू खतरापूर्ण हुन्छन् ।

बिमारी र सतावटबीचको सबैभन्दा महत्वपूर्ण भिन्नता **यो** हो : सतावट कुनै व्यक्तिबाटको सुनियोजित शत्रुता हो किनभने हामी ईसाई भनेर चिनिन्छौं,

तर बिमारी त्यस्तो होइन। त्यसकारण, केही अवस्थाहरूमा, सार्वजनिक ईसाईहरू बन्न चाहनुचाहिँ, परमेश्वरको इच्छा भएमा, कष्टलाई स्वीकार गर्ने जीवनशैली छान्नु हो (१पत्रुस ४:१९)। अविश्वासीहरूबाट सुनियोजितरूपमा शत्रुता नगरिँदा पनि ईसाई भएर जिउँदा कष्ट आइपर्न सक्दछ। उदाहरणको लागि, एक ईसाई सेवकाइ गर्ने सिलसिलामा महामारीले छोपेको गाउँमा पुग्न सक्दछ र उसलाई पनि रोग सर्न सक्दछ। योचाहिँ एक ईसाई हुनाले भोग्नुपर्ने कष्ट हो, तर "सतावट" होइन। परमेश्वरको इच्छा भएमा, त्योचाहिँ कष्ट भोग्ने चाहना हो, तर अरूको विरोधबाट आउने कष्ट होइन।

तर, तपाईंले यसबारे केहीबेर सोच्नुहुँदा, सम्पूर्ण जीवन नै, यदि त्यो परमेश्वरको महिमा र अरूको मुक्ति खोज्दै विश्वासद्वारा उत्साहपूर्वक जिइन्छ भने, महामारीले ढाकेको गाउँमा जाने ईसाईको जस्तो हुन्छ। आइपर्ने कष्टचाहिँ तपाईं परमेश्वरको बोलावटप्रति आज्ञाकारी भएर आफ्नै स्थानमा जिउनुको परिणाम हो। ख्रीष्टले सिकाउनुभएअनुसार उहाँलाई पछ्याउन चाहँदा, उहाँको सर्वोच्च योजनामा त्यो मार्गले समावेश गर्ने सबै कुरा हामी रोज्दछौं। यसरी आज्ञाकारिताको मार्गमा आइपर्ने सम्पूर्ण कष्ट ख्रीष्टसँगै र ख्रीष्टको निम्ति भोगिने कष्ट हो - चाहे त्यो क्यान्सर होस् वा झगडा। अनि यो "रोजिएको" हो - अर्थात्, हामीले स्वेच्छापूर्वक आज्ञाकारिताको बाटो समात्दछौं जहाँ हामीमाथि कष्ट आउँदछ र हामीले परमेश्वरको विरुद्धमा गनगन गर्दैनौं। हामीले कष्ट हटिजाओस् भनी प्रार्थना गर्न सक्दछौं - पावलले झैं - (२कोरिन्थी १२:८); तर परमेश्वरको इच्छा भएमा, हामीले त्यसलाई अन्तसम्म नै अङ्गाल्दछौं, स्वर्ग जाने मार्गमा आज्ञाकारी हुँदा तिर्नुपर्ने चेलापनको मोलको अंशको रूपमा।

## ईसाई बोलावटमा हुने सम्पूर्ण कष्ट ख्रीष्टसँगै र ख्रीष्टको निम्ति भोगिने कष्ट हो

ईसाई आज्ञाकारिताको मार्गमा आउने कष्टका सम्पूर्ण अनुभवहरूमा, चाहे ती सतावटबाटका होऊन् चाहे बिमारी वा दुर्घटनाबाटका होऊन्, यो कुरा हुन्छ : तिनीहरू सबैले परमेश्वरको भलाइमाथिको हाम्रो विश्वासलाई चेतावनी दिन्छन् र हामीलाई आज्ञाकारिताको मार्ग त्याग्ने परीक्षामा पार्दछन्। त्यसकारण,

विश्वासको हरेक विजय र सदैव निरन्तर आज्ञाकारी भइरहने कार्य परमेश्वरको भलाइ र खीष्टको बहुमूल्यपनका गवाहीहरू हुन् - चाहे त्यो शत्रु बिमारी, शैतान वा पाप होस्, चाहे विनाश नै होस्।

त्यसकारण हरेक प्रकारको कष्ट, जुन हामीले हाम्रो ईसाई बालावटको मार्गमा सहन्छौं, "खीष्टसँगै" र "खीष्टको निम्ति" भोग्ने कष्ट हो। उहाँसँगै, यस अर्थमा कि हामी विश्वासद्वारा उहाँसँगै हिँड्दा हामीमाथि कष्ट आउँदछ र उहाँको प्रधान पूजाहारीको जस्तो सहानुभूतिपूर्ण सेवकाइद्वारा उहाँले उपलब्ध गराउनुहुने शक्तिद्वारा त्यो कष्टलाई सहिन्छ (हिब्रू ४:१५)। उहाँको निम्ति, यस अर्थमा कि उक्त कष्टले उहाँको भलाइ र शक्तिसँगको हाम्रो मिलापलाई जाँच र प्रमाणित गर्दछ र यसले उहाँ सबै कुरामा पर्याप्त क्षतिपूर्ति र पुरस्कार दिन सक्ने हुनुहुन्छ भन्ने उहाँको योग्यता प्रकट गर्दछ।

## एउटै कष्टमा शैतान र परमेश्वरको योजना

त्यति मात्र होइन, बिमारीको कष्ट र सतावटको कष्ट दुवैमा यो कुरा हुन्छ : ती शैतानले हाम्रो विश्वास नाश पार्न लक्षित गरेका र परमेश्वरले हाम्रो विश्वासलाई खार्नको निम्ति उत्पन्न गर्नुभएका दुवै कष्टहरू हुन्।

**सर्वप्रथम** सतावटलाई नै लिनुहोस् : १थिस्स. ३:४, ५ मा पावलले **सतावटमा** परेका थिस्सलोनिकीहरूको विश्वासप्रतिको आफ्नो फिक्रीलाई व्याख्या गर्दछन्:

> तिमीहरूसँग रहँदा, 'हामीले कष्ट भोग्नुपर्छ' भनी हामीले तिमीहरूलाई पहिल्यै भनेका थियौं, र यस्तै भयो पनि, अनि तिमीहरूले पनि जान्दछौ। यही कारणले मैले अब उसो सहन नसक्दा परीक्षा गर्नेले कुनै प्रकारले तिमीहरूलाई परीक्षा पो गर्‍यो कि, र हाम्रो परिश्रम व्यर्थै होला कि भन्ने ठानेर तिमीहरूको विश्वास थाह पाउनको निम्ति मैले तिमोथीलाई पठाएँ।

यहाँ यो कुरा प्रष्ट छ कि यो सङ्कष्टमा "परीक्षा गर्ने" को योजनाचाहिँ विश्वासलाई नाश पार्नु हो।

तर शैतान यो विषयको एक मात्र योजनाकार होइन। परमेश्वरले शैतानमाथि शासन गर्नुहुन्छ र त्यसलाई उहाँका अन्तिम उद्देश्यहरू पूरा गर्न सक्ने भन्दा

बढी शक्ति दिनुहुन्न । कष्टको एउटै अनुभवमा समेत, ती उद्देश्यहरू शैतानका भन्दा विपरीत हुन्छन् । उदाहरणको लागि, हिब्रू १२ का लेखकले सतावटमा परमेश्वरका प्रेममय उद्देश्यहरू हुने भएकोले, सतावटमा पर्दा मनमा हताश नहुने तरिका आफ्ना पाठकहरूलाई बताउँदछन् ।

> जसले आफ्नो विरुद्धमा पापीहरूको यस्तो विरोध सहनुभयो, उहाँलाई विचार गर; कि थकित नहोओ, र आफ्ना मनहरूमा हताश नहोओ । अहिलेसम्म तिमीहरूले पापको विरोधमा लडाइँ गर्दै रगत बगुञ्जेल सामना गरेका छैनौ । अनि तिमीहरूले त्यस अर्तीलाई बिर्सेका छौ, जसले तिमीहरूसँग छोराहरूसँग झैं बात गर्दछ, "हे मेरो छोरा, प्रभुको ताडनालाई तुच्छ नठान, न त उहाँद्वारा तिमीले हप्की पाउँदा हताश होऊ; किनकि जसलाई प्रभुले प्रेम गर्नुहुन्छ, उसलाई ताडना पनि दिनुहुन्छ, अनि आफूले अपनाएको हरेक छोरालाई कोर्रा पनि लाउनुहुन्छ" (हितोपदेश ३:११, १२) । ताडनाको निम्ति नै तिमीहरू सहन्छौं....कुनै पनि ताडना अहिलेलाई आनन्दमय होइन, तर दुःखमय नै देखापर्छ; तरैपनि यस तालिमद्वारा अभ्यस्त भइसकेकाहरूका निम्ति यसले पछि धार्मिकताको शान्तिमय फल दिनेछ ।

यहाँ "पापीहरूको विरोध" बाट आउने कष्टलाई उल्लेख गरिएको छ । यसको अर्थ यो हो कि यसमा शैतानको हात रहेको हुन्छ, जसरी येशूको कष्टमा त्यसको हात रहेको थियो (लूका २२:३) । तथापि, त्यही कष्टलाई परमेश्वरले यस्तो प्रकारले रच्नुभएको रूपमा व्याख्या गरिन्छ कि त्यसमा शुद्ध पार्ने अनुशासनको प्रेममय र बुबाद्वारा तयार पारिएको जस्तो योजना हुन्छ । त्यसैले हामीले सतावटमा कष्ट भोग्दा, त्यसमा शैतानको एउटा योजना हुन्छ र त्यही भोगाइमा परमेश्वरको अर्कै भिन्न योजना हुन्छ ।

तर सतावट यस अर्थमा अद्वितीय हुँदैन । बिमारीको सम्बन्धमा पनि त्यही कुरा साँचो हुन्छ । २कोरिन्थी १२:७-१० मा शैतानको योजना र परमेश्वरको योजना दुवै प्रष्ट छन् :

> मेरो शरीरमा एउटा काँडा अर्थात् शैतानको एउटा दूत दिइयो - नापभन्दा बढी नफुलूँ भनेर मलाई मुक्काले हान्नको निम्ति दिइयो । यो मबाट हटोस् भनी यस कुराका लागि मैले प्रभुलाई तीनपल्ट बिन्ती

गरें । अनि उहाँले मलाई भन्नुभयो, "मेरो अनुग्रह तिम्रा लागि प्रशस्त छ, किनकि दुर्बलतामा मेरो सामर्थ्य सिद्ध हुन्छ ।" यसकारण खीष्टको सामर्थ्य ममाथि रहोस् भनेर बरु मेरा दुर्बलताहरूमा ज्यादै खुशीसित म गर्व गर्नेछु । यसकारण खीष्टका निम्ति म दुर्बलताहरूमा, निन्दाहरूमा, अभावहरूमा, सतावटहरूमा, क्लेशहरूमा आनन्दित हुन्छु । किनकि जब म कमजोर हुन्छु, तब म बलियो हुन्छु ।

यहाँ पावलको शारीरिक कष्ट - शरीरमा रहेको काँडा - लाई "शैतानको एउटा दूत" भनिएको छ । तर यो कष्टको उद्देश्य "[पावललाई] नापभन्दा बढी फुल्न नदिनु" थियो, जुनचाहिँ शैतानको योजना कहिल्यै थिएन । त्यसैले मुख्य कुरा यो हो कि खीष्टले शैतानका विनाशकारी प्रयासहरूलाई पराजित गरेर उहाँको प्रेममय, शुद्ध पार्ने उद्देश्यलाई सर्वोच्चरूपमा पूरा गर्नुहुन्छ । शैतानले जहिले पनि हाम्रो विश्वासलाई नाश पार्न खोज्दछ; तर खीष्टले दुर्बलतामा आफ्नो शक्ति विशाल पार्नुहुन्छ ।

## के सतावट र बिमारीबाट आउने कष्टहरू छुट्ट्याउन सकिने किसिमका हुन्छन् ?

सतावट र बिमारीबीचको भिन्नतालाई प्रष्टरूपमा नछुट्ट्याउनुको अर्को कारण यो हो कि सतावटबाट हुने पीडा र बिमारीबाट हुने पीडालाई सदैव छुट्ट्याउन सकिँदैन । रुमानियाको जेलमा दशकौंसम्म खीष्टको निम्ति शासना भोगेपछि पनि रिचार्ड उम्ब्राण्डले शारीरिक असरहरूको कष्ट भोग्नुभयो । उहाँले तीस वर्षपछि आफ्नो खुट्टामा पीडा सहनुहुँदा, के उहाँ "सताइनु" भएको थियो ? अथवा प्रेरित पावललाई विचार गर्नुहोस् । उनले "खीष्टको दास" को रूपमा सूचीबद्ध गरेका कष्टहरूमध्येमा यो सत्यता पनि थियो कि उनी चढेको पानी जहाज तीन पटक दुर्घटना भयो र उनले एक दिन र एक रात पानीमै बिताए । उनले खीष्टको निम्ति भोगेका कष्टहरूमा यी पनि पर्दथे भनी उनी भन्दछन्, "परिश्रम र कष्टमा, बारम्बार जागो रहनमा, भोक र तिर्खामा, बारम्बार उपवासहरूमा, जाडो र नाङ्गो अवस्थामा" (२कोरिन्थी ११:२५-२७) ।

मानिलिनुहोस् कि उनको सम्पूर्ण मेहनत र नाङ्गो अवस्थाको कारण उनलाई निमोनिया भयो । के त्यो निमोनिया "सतावट" हुनेथियो त ? पावलले लौरोले पिटिनु वा जहाज दुर्घटनामा पर्नु वा शहरहरूको यात्रामा जाँदा जाडो अवस्थामा पर्नुबीच भिन्नता छुट्ट्याएनन् । उनको निम्ति ख्रीष्टको सेवा गर्दा उनीमाथि आइपर्ने कुनै पनि कष्ट चेला हुनुको "मोल" थियो । कुनै मिशनरीको बच्चालाई झाडापखाला लाग्दा, हामीले त्यसलाई विश्वासयोग्यताको मोलको रूपमा सोच्दछौं । तर यदि कुनै अभिभावक परमेश्वरको बोलावटप्रति आज्ञाकारी बनेर हिँडिरहेको छ भने, त्यो मोल एउटै हुन्छ । कष्टहरूलाई ख्रीष्ट "सँगै" र ख्रीष्टको निम्ति भोगिने कष्टहरूमा परिणत गर्ने कुराचाहिँ हाम्रा शत्रुहरू कति कडा छन् भन्ने नभई हामी कति विश्वासयोग्य छौं भन्ने हो । हामी ख्रीष्टका हौं भने, हामीलाई आइपर्ने कुनै पनि कुरा, चाहे त्यो जैविक रसायनयुक्त उत्प्रेरकहरूको कारणले भएको होस् चाहे शत्रुहरूले गराएको होस्, उहाँको महिमाको निम्ति र हाम्रो भलाइको निम्ति हो ।

## के खन्चुवा बानी पुनरुत्थानको विकल्प हो ?

अब हामी हाम्रो प्रसङ्गबाहिरको छोटो कुराबाट १कोरिन्थी १५:१५ मा रहेको, पुनरुत्थान नभएमा उनले रोजेका जीवन दुःखदायी हुन्छ भन्ने, पावलको आश्चर्यजनक भनाइतर्फ लाग्दछौं । अर्को शब्दमा, पावलले बुझेअनुसार, यदि यो जीवन यति मै टुङ्गिन्छ भने ईसाईमतचाहिँ आनन्दलाई बढाउने सबैभन्दा असल तरिका होइन । पावलले हाम्रो यो जीवनका आनन्दहरूलाई बढाउने सबैभन्दा असल तरिका हामीलाई बताउँदछन् । "यदि मरेकाहरू बौराइँदैनन् भने, 'खाऔं र पिऔं, किनकि भोलि त हामी मर्छौं'" (१कोरिन्थी १५:३५) । उनले सीधै भोजको मोजमज्जा र व्यभिचारजस्तो कुनै सोझो कुरा भन्न खोजेका होइनन् । त्योचाहिँ तपाईंका आनन्दहरूलाई बढाउने सबैभन्दा असल तरिका होइन, जुन कुरा त्यो व्यक्तिलाई थाहा हुन्छ जसले मतवालीपन र भोजको मोजमज्जाको बाटो समातेको हुन्छ । यदि पुनरुत्थान हुँदैन भने, ईसाईहरूझैं गरी मतवालीहरू र खन्चुवाहरू पनि दुःखी हुनुपर्दछ ।

तर उनले "खाऔं र पिऔं" भन्ने वाक्यांशद्वारा भन्न खोजेका कुरा यो हो कि, पुनरुत्थानको आशा नहुने हो भने, हामीले साधारण आनन्दहरू खोज्नुपर्दछ

र असाधारण कष्टलाई हटाउनुपर्दछ। यो त्यो जीवन हो जसलाई एक ईसाई भएका हुनाले पावलले अस्वीकार गरेका छन्। यसरी, मरेकाहरू बौराइँदैनन् भने र परमेश्वर र स्वर्ग छैनन् भने, उनले आफ्नो शरीरलाई त्यसरी बारम्बार मुक्का लगाउनेथिएनन् जसरी उनले लगाए। उनले पाल बनाएर कमाउने ज्यालालाई त्यसरी बर्बाद पार्नेथिएनन् जसरी उनले पारे। उनले पाँच पटकसम्म कोर्राको उनन्चालीस मार खानेथिएनन्। उनले तीन पटकसम्म लौरोका पिटाइहरू सहनेथिएनन्। उनले आफ्नो जीवनलाई चोरहरू, उजाड भूमिहरू, नदीहरू, शहरहरू, समुद्रहरू र आक्रोशित भीडहरूबाटको खतरामा पार्नेथिएनन्। उनले बारम्बार जागा रहने कार्यलाई अनि जाडो र नाङ्गो अवस्थालाई स्वीकार गर्नेथिएनन्। उनले विश्वासबाट पछाडि हटेका र ढोङ्गी ईसाईहरूलाई त्यति लामो समयसम्म सहनेथिएनन् (२कोरिन्थी ११:२३-२९)। बरु उनले रोमी नागरिकताको विशेष अधिकार लिएर एक आदरणीय यहूदीको रूपमा आराम र सरलताको असल जीवन जिउनेथिए।

"मरेकाहरू बौराइँदैनन् भने, खाऔं र पिऔं" भन्दा, पावलले "हामी सबैजना विलाशीहरू बनौं" भन्ने खोजका होइनन्। उनको अर्थ यो हो, मानवीय आनन्दहरूको एउटा साधारण, सरल, आरामदायी, सामान्य जीवन हुन्छ जसमा हामीले स्वर्ग वा नरक वा पाप वा पवित्रता वा परमेश्वरसम्बन्धी दुःखदायी विचारहरूबिना आनन्द मनाउन सक्दछौं - यदि मरेकाहरूको पुनरुत्थान हुँदैन भने। अनि यस प्रकारको विचारबारे मलाई यो कुराले अचम्मित तुल्यायो कि धेरैजना ईसाईहरूले यसै कुरालाई मात्र लक्ष्य बनाएका जस्तो देखिन्छ र तिनीहरूले यसैलाई ईसाईमत भन्दछन्।

पावलले ख्रीष्टसँगको आफ्नो सम्बन्धलाई यो जीवनका उनका शारीरिक आरामहरू र आनन्दहरूलाई बढाउने कडीको रूपमा हेरेनन्। अहँ, ख्रीष्टसँगको पावलको सम्बन्ध कष्टलाई रोज्न दिइएको एउटा बोलावट थियो - त्यो कुराभन्दा पनि ठूलो कष्ट जसले नास्तिकवादलाई "अर्थपूर्ण" वा "सुन्दर" वा "साहसी" बनाइदिन्छ। त्यो यस्तो कष्ट थियो जुन, यदि ख्रीष्टको आनन्दमय उपस्थितिमा पुनरुत्थान हुँदैन भने, पूर्णतया मूर्खतापूर्ण र दुःखदायी हुनेथियो।

## पश्चिमी ईसाईमतको एउटा प्रायः अविश्वस्नीय दोषारोपण

सिस्टर्सियाली मठाधीशसम्बन्धी उम्ब्राण्डको कथालाई अध्ययन गर्दा मैले अन्तमा देखेको आश्चर्यजनक कुरा यही नै थियो । पावलको पूर्णतया भिन्न दृष्टिकोणमा मैले पश्चिमी ईसाईमतको एउटा प्रायः अविश्वस्नीय दोषारोपण देखें । के मैले यसलाई बढाइँचढाइँ गर्दैछु ? आफैले फैसला गर्नुहोस् । यसो भन्न सक्ने कतिजना ईसाईहरूलाई तपाईं चिन्नुहुन्छ, "मैले एक ईसाई भएको नाताले रोजेको जीवनशैली, यदि पुनरुत्थान नहुने हो भने, पूर्णतया मूर्खतापूर्ण र दुःखदायी हुन्छ" ? यसो भन्न सक्ने ईसाईहरू कति छन्, "मैले ख्रीष्टको निम्ति भोग्नलाई स्वतन्त्रतापूर्वक रोजेको कष्ट, यदि पुनरुत्थान हुँदैन भने, दुःखदायी हुन्छ" ? मैले बुझेअनुसार, यी आश्चर्यजनक प्रश्नहरू हुन् ।

## ईसाईमत : रोजिएको कष्टको जीवन

"यही जीवनमा मात्र हामीले ख्रीष्टमा आशा राखेका छौं भने, सबै मानिसहरूमध्ये हामीचाहिँ सबैभन्दा दुःखी हौं" (१कोरिन्थी १५:१९) । पावलको निम्ति ईसाई जीवनचाहिँ पृथ्वीमा स्वेच्छापूर्वक दिइने बलिदानको जीवन थियो, ता कि आउने युगमा हामीले ख्रीष्टसँगको सङ्गतिमा आनन्द मनाउन सकौं । उनले यसलाई यसरी प्रस्तुत गर्दछन् :

> जुन कुराहरू मेरा निम्ति लाभ थिए, तिनलाई मैले ख्रीष्टका निम्ति हानि सम्झें । अँ, साँच्चै मेरा प्रभु ख्रीष्ट येशूको ज्ञानको सर्वश्रेष्ठताका निम्ति म सबै कुराहरू हानि ठान्छु उहाँकै निम्ति मैले सबै कुराहरूको हानि खपें, अनि ख्रीष्टलाई प्राप्त गरुँ....भनेर म तिनीहरूलाई कसिङ्गर ठान्छु,....उहाँका दुःखहरूको सम्भागी बन्न सकूँ र जसरी भए पनि म मरेकाहरूबाटको बौरिउठाइसम्म आइपुग्न सकूँ (फिलिप्पी ३:७-११) ।

म यसलाई फेरि भन्दछु : ख्रीष्टको बोलावटचाहिँ बलिदान, हानि र कष्टको जीवन जिउनलाई दिइएको बोलावट हो, जुन जीवन जिउनु, यदि मरेकाहरूको पुनरुत्थान नहुने हो भने, मूर्खतापूर्ण हुन्छ । यो पावलको एक बुद्धिमानी छनौट हो । उनको भनाइ सुन्नुहोस् : "मरेकाहरू बौराइँदैनन् भने....हामी पनि किन हरघडी जोखिममा परौं त ? ए भाइहो, हाम्रा प्रभु ख्रीष्ट येशूमा तिमीहरूका निम्ति मलाई जो गर्व छ, त्यसैको आधारमा दृढतापूर्वक म भन्दछु, 'म दिनहुँ

मर्छु !'" (१कोरिन्थी १५:२९-३१) । पावलले यही कुरालाई रोजका छन् । उनले "दृढतापूर्वक भन्दछन्" किनभने उनले यस प्रकारले जिउनुपर्दैन । उनले यसलाई रोज्दछन् : "हरघडी जोखिममा पर्नु !" "दिनहुँ मर्नु !" त्यसैकारण उनी भन्दछन् कि मरेकाहरूको पुनरुत्थान हुँदैन भने, उनी दुःखी हुनुपर्दछ । उनले यस्तो मार्ग रोज्दछन् जसले उनको जीवनको प्रायः हरेक दिनलाई समस्या र पीडातर्फ डोऱ्याउँदछ । "म दिनहुँ मर्छु ।"

## किन ? उनले किन यसो गर्दछन् ?

यो साधारण कुरा होइन । मानवप्राणीहरू कष्टदेखि भाग्दछन् । हामी सुरक्षित छिमेकतिर सर्दछौं । हामीलाई न्यानो वातावरण मन पर्दछ । हामीले एअर कण्डिशनरहरू किन्दछौं । हामीले पीडानाशक औषधि सेवन गर्दछौं । हामी पानी पर्दा जोगिनलाई भित्र पस्दछौं । हामीलाई अँध्यारा सडकहरू मन पर्दैनन् । हामी पानी शुद्ध बनाएर पिउँदछौं । हामीलाई "हरघडी जोखिममा" पार्ने जीवनशैली हामी साधारणतया रोज्दैनौं । प्रायः विज्ञापनका कुनै पनि नाराहरूले हामीलाई दिनहुँ मर्नलाई बहकाउँदैनन् ।

त्यसैले प्रेरित पावललाई "ख्रीष्टका कष्टहरूमा प्रशस्त मात्रामा सम्भागी हुन" (२कोरिन्थी १:५) र "ख्रीष्टको निम्ति मूर्ख" हुन (१कोरिन्थी ४:१०) कुन कुराले बहकाउँदछ ? किन उनले यस्ता छनौटहरू गर्दछन् जसले उनलाई "भोकाउन र तिर्खाउन....नाङ्गा हुन....मुक्का खान....घरविहीन हुन....गिल्ला गरिन....सताइन....निन्दित हुन....संसारका कसिङ्गर र सबै कुराका फोहोरमैला सरह" हुन लगाउँदछन् (१कोरिन्थी ४:११-१३) ?

## "उसले कति धेरै दुःख भोग्नुपर्छ, सो म उसलाई देखाउनेछु"

शायद योचाहिँ प्रेरित ९:१५, १६ मा व्यक्त गरिएको ख्रीष्टको आज्ञाप्रतिको सामान्य आज्ञाकारिता मात्र थियो होला । पावल दमस्कसको बाटोमा अन्धा बनाइएपछि, येशूले हननियालाई उनका आँखा खोलिदिन पठाउनुहुँदा, उहाँले यसो भन्नुभयो, "तिमी जाऊ, किनकि [पावल] अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानहरूको सामु मेरो नामको घोषणा गर्नलाई मेरो लागि चुनिएको भाँडा हो; किनभने उसले मेरा नामका निम्ति कति धेरै दुःख

भोग्नुपर्छ, सो म उसलाई देखाउनेछु।" अर्को शब्दमा, कष्टचाहिँ पावललाई प्रेरित हुनलाई दिइएको बोलावटको सामान्य अंश मात्र थियो। उहाँको बोलावटप्रति विश्वासयोग्य हुन, खीष्टले उनलाई दिनुभएको कुरा अर्थात् धेरै कष्टलाई उनले सहनुपर्‍यो।

"दिनुभयो" भन्ने चाहिँ असल शब्द हो। किनभने फिलिप्पीहरूलाई लेख्दा, पावलले, अविश्वस्नीयरूपमा, कष्टलाई वरदान भन्दछन्, जसरी विश्वास एक वरदान हो। "खीष्टको सम्बन्धमा उहाँमाथि विश्वास गर्ने मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्ने पनि तिमीहरूलाई अनुग्रह दिइएको छ" (फिलिप्पी १:२९)। तर यसले त पावलले उनको प्रेरितपदको अंशको रूपमा उनलाई दिइएको "वरदान" प्रेरितहरूमा मात्र सीमित थियो भन्ने रूपमा हेर्दैनन् भन्ने अर्थ दिन्छ। यो त फिलिप्पीका विश्वासीहरू, सम्पूर्ण मण्डलीलाई "दिइएको" छ।

अरूले पनि त्यस्तै अनौठो आविष्कार गरेका छन्, कि कष्टचाहिँ अङ्गाल्नुपर्ने एक वरदान हो। अलेक्ज्याण्डर सोल्भेनित्सिनले आफ्नो कैदको जीवनलाई त्यसका सम्पूर्ण पीडासहित, एक वरदानको रूपमां व्याख्या गरे। "जेलको कुहिन लागेको परालमाथि पल्टिँदा मात्र मैले आफूभित्र असल भावनाहरू मडारिएका महसुस गरेँ। बिस्तारै, मैले यो कुरा थाहा पाएँ कि असल र खराबलाई छुट्ट्याउने रेखा राज्यहरूबाट वा वर्गहरूबीचबाट प्रवेश गर्दैन, न त राजनैतिक पार्टीहरूको बीचबाट नै प्रवेश गर्दछ, तर हरेक मानव हृदयबाट प्रवेश गर्दछ - र सम्पूर्ण मानव हृदयहरूबाट....हे कैद, मेरो जीवनमा आएको लागि तँलाई म धन्यको भन्दछु।"[२] सोल्भेनित्सिन प्रेरित पावलसँग यस कुरामा सहमत हुन्छन् कि कष्टचाहिँ प्रेरितहरूको लागि मात्र नभई हरेक ईसाईको निम्ति एउटा वरदान हो - वा हुन सक्दछ।

## उनी एक ईसाई मात्र थिए भन्ने देखाउनु

जसले यो प्रश्न उठाउँदछ : के उनको कष्टले उनी येशूका एक विश्वासयोग्य चेला मात्र थिए भन्ने कुरा पुष्टि गर्ने भएकोले पावलले त्यस बेला आफ्नो कष्टलाई स्वीकार गरे ? येशूले यसो भन्नुभएको थियो, "जसले मेरो पछि आउने इच्छा गर्दछ, उसले आफैलाई इन्कार गरोस्, दिनहुँ आफ्नो क्रूस

उठाओस् र मेरो पछि लागोस्। किनभने जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ; तर जसले मेरा निम्ति आफ्नो प्राण गुमाउँछ, उसैले त्यो बचाउनेछ" (लूका ९:२३-२४)। त्यसैले क्रूस नउठाएसम्म र दिनहुँ नमरेसम्म त्यहाँ साँचो ईसाईमत हुँदैन - जुन कुरा पावलले भनेका "म दिनहुँ मर्छु" सँग ज्यादै मेल खान्छ (१कोरिन्थी १५:३१)। त्योभन्दा वढी, येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभएको थियो, "दास आफ्नो मालिकभन्दा ठूलो हुँदैन....तिनीहरूले मलाई सताएका छन् भने, तिनीहरूले तिमीहरूलाई पनि सताउनेछन्" (यूहन्ना १५:२०)। त्यसैले पावल ख्रीष्टका शासनाका सम्भागी नभएका भए, कुनै कुरा गलत हुनेथियो। येशूले आफ्ना चेलाहरूलाई तिनीहरूको सेवकाइ दु:खद हुन्छ भन्ने झलक दिनुभएको थियो : "हेर, म तिमीहरूलाई भेडाका पाठाहरू झैं ब्याँसाहरूको बीचमा पठाउँछु" (लूका १०:३)। अनि त्यसैले उहाँले तिनीहरूसँग यो प्रतिज्ञा गर्नुभयो, "तिमीहरू बाबुआमा, दाजुभाइ, नातेदार र साथीहरूद्वारा पक्राइनेछौ; र तिमीहरूमध्ये कतिलाई तिनीहरूले मार्न लाउनेछन्....मेरो नामको कारणले सबै जातिहरूद्वारा तिमीहरू घृणा गरिनेछौ" (लूका २१:१६; मत्ती २४:९)।

पावलले कष्टसम्बन्धी यी प्रतिज्ञाहरू बाह्रजना प्रेरितहरूमा मात्र सीमित रहेका ठानेनन् भन्ने कुरा प्रष्टै छ, किनभने उनले ती प्रतिज्ञाहरू आफ्ना मण्डलीहरूलाई पनि दिए। उदाहरणको लागि, उनले आफूले विश्वासमा ल्याएका सबैलाई यसो भनेर शक्तिशाली तुल्याए, "अनेकौं कष्ट सहँदै हामी परमेश्वरको राज्यभित्र पस्नुपर्छ" (प्रेरित १४:२२)। अनि उनले थिस्सलोनिकीका कष्टरत विश्वासीहरूलाई "यी कष्टहरूद्वारा ढलपल नहुन" अर्ती दिँदै प्रोत्साहन दिए, "किनकि तिमीहरू आफै जान्दछौ, हामी यसैका निम्ति ठहराइएका छौं" (१थिस्स. ३:३)। अनि तिमोथीलाई पत्र लेख्दा उनले यसलाई एउटा साधारण सिद्धान्त बनाए : "हो, ख्रीष्ट येशूमा भक्तिपूर्वक जिउन चाहनेहरू सबै सतावटमा पर्नेछन्" (२तिमोथी ३:१२)। आफ्ना कष्टहरूबारे बताउँदा, उनले तिनलाई अद्वितीय ठानेनन्, तर मण्डलीहरूलाई यसो भने, "तिमीहरू मेरो देखासिकी गर्नेहरू होओ" (१कोरिन्थी ४:१६)। त्यसैले कष्टले पावल एक ईसाई थिए भन्ने कुरा पुष्टि गर्ने भएकोले यदि उनले त्यसलाई स्वीकार गरेका भए, त्यो बुझ्न सकिने कुरा हुनेथियो। "तिनीहरूले मलाई सताएका छन् भने, तिमीहरूलाई पनि सताउनेछन्।"

## ईसाईहरूलाई आफैमाथि भर पर्ने हुन नदिनु

कष्टचाहिँ विश्वासयोग्य ईसाई जीवनको अंश थियो भनी उनले विश्वास गरेका हुनाले, कसरी त्यसो हुन सक्दथ्यो भन्ने कुराबारे उनले गहन अध्ययन गरे। कष्ट भोग्नुको उनको आफ्नै अनुभवले उनलाई परमेश्वरले आफ्ना सन्तानलाई प्रेम गर्नुहुने तरिकाको गहिराइमा पुऱ्यायो। उदाहरणको लागि, हामीलाई आफैमाथि भर पर्नदेखि रोक्न र केवल उहाँमाथि मात्र निर्भर हुन लगाउन परमेश्वरले हाम्रो कष्टलाई प्रयोग गर्नुहुन्छ भन्ने उनले थाहा पाए। एशियामा कष्ट भोगेपछि, उनी यसो भन्दछन्, "हे भाइहरूहो, एशियामा हुँदा हामीमाथि आइपरेको हाम्रो सङ्कष्टको विषयमा तिमीहरूलाई थाह नहोस् भन्ने इच्छा हामी गर्दैनौं; हामी त हदभन्दा बेसी, शक्तिदेखि बाहिरको मिचाइमा पऱ्यौं, यहाँसम्म कि नबाँच्ने रहेछौं भनी हरेस पनि खायौं; तर हामीले आफूमाथि होइन, तर मरेकाहरूलाई बौराउनुहुने परमेश्वरमाथि भरोसा राख्नुपर्छ भनेर हामीले आफैमा मृत्युदण्डको आज्ञा पाइसकेका थियौं" (२कोरिन्थी १:८, ९)। यही नै सम्पूर्ण ईसाई कष्टमा रहेको परमेश्वरको विश्वव्यापी उद्देश्य हो : परमेश्वरमा बढी सन्तोष, अनि आफै र संसारमा कम सन्तुष्टि।

कसैले यसो भनेको मैले कहिल्यै सुनेको छैन, "जीवनका वास्तवमै गहीरा शिक्षाहरू आराम र सरलताका समयहरूबाट आउँदछन्।" तर अटल पवित्र जनहरूले यसो भनेका मैले सुनेको छु, "परमेश्वरको प्रेमका गहिराइहरूलाई बुझ्नुमा र उहाँसँगको घनिष्ठतामा वृद्धि हुनुमा मैले गरेको हरेक महत्वपूर्ण प्रगति कष्टबाट नै आएको छ।" शमूएल रुदरफर्डले यसो भनेका थिए कि उनलाई कष्ट दिइने मदिराका कोठीहरूमा फ्याकिइँदा महान् राजाले आफ्नो दाखरस सदैव त्यहीं नै राख्नुहुन्थ्यो भन्ने उनले सम्झिए। कष्टको समुद्रमा डुबुल्की मार्नेहरूले नै बिरलै पाइने अमूल्य मोतीहरू निकाल्दछन् भनी चार्ल्स स्पर्जनले भनेका थिए।

## ख्रीष्टलाई सर्वोच्च सन्तुष्टिको रूपमा व्याख्या गर्नु

सबैभन्दा बहुमूल्य मोति ख्रीष्टको महिमा हो। यसैले हाम्रा कष्टहरूमा नै ख्रीष्टको सबै कुराको लागि पर्याप्त अनुग्रह वृद्धि हुन्छ भन्ने कुरामा पावलले

जोड दिन्छन् । विपत्तिमा पर्दा यदि हामीले उहाँमाथि भरोसा गर्दछौं र उहाँले हामीलाई "आशामा आनन्दित" तुल्याउनुहुन्छ भने, उहाँ अनुग्रह र शक्तिका सर्वोच्च परमेश्वर हुनुहुन्छ भन्ने कुरा प्रमाणित हुन्छ र उहाँ वास्तवमै सबै कुराका लागि पर्याप्त परमेश्वर हुनुहुन्छ । यदि "हाम्रो प्राणले पूर्णरूपमा हरेस खाँदा" हामीले उहाँलाई बेस्सरी पक्रन्छौं भने, हामीले गुमाएका सबै कुराभन्दा बहुमूल्य उहाँ नै हुनुहुन्छ भन्ने कुरा हामी देखाउँदछौं । ख्रीष्टले कष्टरत प्रेरितलाई यसो भन्नुभयो, "मेरो अनुग्रह तिम्रा लागि प्रशस्त छ, किनकि दुर्बलतामा [मेरो] सामर्थ्य सिद्ध हुन्छ ।" यस भनाइप्रति पावलले यसरी जवाफ दिए : "यसकारण ख्रीष्टको सामर्थ्य ममाथि रहोस् भनेर बरु मेरा दुर्बलताहरूमा ज्यादै खुशीसित म गर्व गर्नेछु । यसकारण ख्रीष्टका निम्ति म दुर्बलताहरूमा, निन्दाहरूमा, अभावहरूमा, सतावटहरूमा, क्लेशहरूमा आनन्दित हुन्छु किनकि जब म कमजोर हुन्छु, तब म बलियो हुन्छु" (२कोरिन्थी १२:९, १०) । त्यसैले कष्टचाहिँ परमेश्वरले ईसाईहरूलाई तिनीहरूमाथि नै निर्भर हुन नदिने तर अनुग्रहमाथि भरोसा गर्न लगाउने तरिकाले मात्र नभई त्यो अनुग्रहलाई मुख्य विषय बनाई चम्किलो पार्ने तरिकाले पनि तयार पार्नुभएको हुन्छ भन्ने कुरा प्रष्ट छ । विश्वासले वास्तवमा ठीक त्यसो नै गर्दछ; यसले ख्रीष्टको भविष्यको अनुग्रहलाई वृद्धि गराउँदछ ।

परमेश्वरमा रहेर जिइने जीवनका गहीरा कुराहरू कष्टमा थाहा पाईन्छन् । त्यसैले त्यो येशू स्वयम्मा नै थियो । "उहाँ पुत्र हुनुहुन्थ्यो र पनि आफूले दुःख भोगेका कुराहरूबाट उहाँले आज्ञापालन गर्न सिक्नुभयो" (हिब्रू ५:८) । हामीले यो कुरा जहाँ पढ्दछौं, त्यही पुस्तकले 'येशूले कहिल्यै पाप गर्नुभएन' भनेर पनि हामीलाई बताउँदछ (हिब्रू ४:१५) । त्यसैले "आज्ञापालन गर्न सिक्नु" को अर्थ अनाज्ञाकारिताबाट आज्ञाकारितामा सर्नु होइन । यसको अर्थ त आज्ञाकारी बनेर परमेश्वरसँग झन्-झन् नजिक हुनु हो । यसको अर्थ त परमेश्वरप्रतिको समर्पणताका गहिराइहरू अनुभव गर्नु हो, नत्र त त्यसको माग गरिनेथिएन ।

## ईसाई कष्टका अवर्णनीय वचनहरू

पावलले आफ्ना गुरुको मार्गबारे मनन् गर्दा, उनी त्यसैलाई पछ्याउन उत्साहित भए । तर ठीक यहींनेर नै पावलका वचनहरूद्वारा म फेरि अचम्मित भएँ । ख्रीष्टका र उनका आफ्नै कष्टहरूबीचको सम्बन्धलाई व्याख्या

गर्दा, उनले अवर्णनीय कुरा बोल्दछन् । उनले कलस्सीको मण्डलीलाई यसो भन्दछन् : "अब म तिमीहरूका निम्ति मेरा दुःखहरूमा आनन्द मनाउँछु अनि उहाँको शरीरका निम्ति, जो मण्डली हो, ख्रीष्टका कष्टहरूमा जो कमी छ, त्यसलाई म मेरो शरीरमा पूरा गर्दछु" (कलस्सी १:२४) । यही नै पावलले कष्टको जीवन रोज्नुको सबैभन्दा शक्तिशाली अभिप्राय हुन सक्दछ । यी वचनहरूले मलाई येशू ख्रीष्टको मण्डलीप्रतिको चाहनाले भरिदिएका छन् । त्यसैले संसारमा ख्रीष्टको राज्य विस्तारको निम्ति तोकिएको अपरिहार्य कष्ट हामी स्वीकार गर्दछौं !

## कसरी हामीले ख्रीष्टका कष्टहरू पूरा गर्न सक्दछौं ?

पावलले "ख्रीष्टका कष्टहरूमा जो कमी छ....म पूरा गर्छु" भनेर के भन्न खोज्दछन् ? के यो सबै कुराको लागि पर्याप्त येशूको मृत्युको प्रायश्चित गर्ने योग्यतालाई घटाउने अवर्णनीय कार्य हो ? येशू मर्नुहुँदा के उहाँ आफैले यसो भन्नुभएन, "पूरा भयो" (यूहन्ना १९:३०) ? के यो साँचो होइन कि "एउटै बलिदानद्वारा [ख्रीष्ट] ले पवित्र पारिएकाहरूलाई सदाका निम्ति सिद्ध पार्नुभएको छ" (हिब्रू १०:१४) ? र कि "उहाँको आफ्नै रगतद्वारा उहाँ पवित्र स्थानभित्र एकैचोटि पस्नुभयो, र हाम्रा निम्ति अनन्त छुटकारा प्राप्त गर्नुभयो" (हिब्रू ९:१२) ? ख्रीष्टका कष्टहरू हामी धर्मी ठहऱ्याइनको निम्ति पूरा र पर्याप्त आधार थिए भनी पावलले थाहा पाए र सिकाए । हामी "उहाँको रगतद्वारा धर्मी ठहरिएका" छौं (रोमी ५:९) । ख्रीष्टले कष्ट रोज्नुभयो र उहाँ "मृत्युसम्म नै आज्ञाकारी" हुनुभयो भनी पावलले सिकाए (फिलिप्पी २:८) । त्यही कष्टपूर्ण आज्ञाकारिता नै परमेश्वरको सामु हाम्रो धार्मिकताको सुपर्याप्त आधार थियो । "जसरी [आदम] ले आज्ञा भङ्ग गरेकोले धेरैजना पापी बनिए, त्यसरी नै [ख्रीष्ट] ले आज्ञापालन गरेकोले धेरैजना धर्मी बनाइनेछन्" (रोमी ५:१९) । त्यसैले पावलले आफ्ना कष्टहरूले येशूका कष्टहरूको प्रायश्चित गर्ने योग्यतालाई पूरा गर्दछन् भनी भन्न खोजेका होइनन् ।

त्यसको एउटा ज्यादै असल व्याख्या छ । पावलका कष्टहरूले ख्रीष्टका कष्टहरूको योग्यतामा कुनै कुरा थपेर होइन तर उद्धार पाउने मानिसहरूसम्म तिनलाई फैलाएर ख्रीष्टका कष्टहरूलाई पूरा गर्दछन् । ख्रीष्टका कष्टहरूमा

रहेको कमी, तिनले विश्वास गर्ने सबैका पापहरू पर्याप्त मात्रामा ढाक्न सक्दैनन् भने झैं, तिनीहरू कम योग्यताका थिए भन्ने होइन । त्यो कमीचाहिँ यो हो कि खीष्टका कष्टहरूको अनन्त महत्वलाई संसारमा थाहा गरिएको र विश्वास गरिएको छैन । ती कष्टहरू र तिनका अर्थहरू अधिकांश मानिसहरूलाई अझैसम्म पनि थाहा छैन । अनि सबै जातिहरूले त्यो रहस्य थाहा पाऊन् भन्ने नै परमेश्वरको अभिप्राय हो । त्यसैले खीष्टका कष्टहरूमा यो अर्थमा "कमी" छ कि तिनलाई जातिहरूमाझ देखिएको, जानिएको र प्रेम गरिएको छैन । तिनलाई वचनका सेवकहरूले फैलाउनुपर्दछ । अनि त्यसरी तिनलाई अरूसम्म फैलाएर वचनका सेवकहरूले खीष्टका कष्टहरूमा रहेको कमी "पूरा" गर्दछन् ।

## एपाफ्रोडिटस नै मुख्य कडी हुन्

फिलिप्पी २:३० मा रहेका यस्तै शब्दहरूको प्रयोगमा यो व्याख्याको बलियो प्रमाण पाइन्छ । फिलिप्पीको मण्डलीमा एपाफ्रोडिटस नाम गरेका एक मानिस थिए । त्यहाँको मण्डलीले पावलको निम्ति सहायता (शायद पैसा वा खाद्यान्न वा पुस्तकहरू) जम्मा गरेपछि, तिनीहरूले ती वस्तुहरू एपाफ्रोडिटसको हातमा रोममा रहेका पावलकहाँ पठाउने निर्णय गरे । त्यो सहायता बोकेर यात्रामा जाँदै गर्दा, एपाफ्रोडिटसले झण्डै आफ्नो ज्यान गुमाएका थिए । उनी बिरामी भएर मर्नै लागेका थिए, तर परमेश्वरले उनलाई बचाउनुभयो (फिलिप्पी २:२७) ।

त्यसैले पावलले फिलिप्पीको मण्डलीलाई एपाफ्रोडिटस फर्किआउँदा उनको सम्मान गर्न अह्राउँदछन् (पद २९) र उनले आफ्नो कारणलाई कलस्सी १:२४ का जस्तै शब्दहरूले व्याख्या गर्दछन् । उनी भन्दछन्, "मतर्फको सेवामा तिमीहरूको जो कमी थियो (कलस्सी १:२४ मा भएका जस्तै शब्दहरू), त्यो पूरा गर्नलाई (कलस्सी १:२४ मा भएकै शब्द) आफ्नो प्राणको पनि वास्ता नगरी तिनी खीष्टका कामका निम्ति मृत्युको मुखैनिर पुगेका थिए ।" मौलिक ग्रीक संस्करणमा, "मतर्फको सेवामा तिमीहरूको जो कमी थियो, त्यो पूरा गर्नलाई" भन्ने वाक्यांश र "खीष्टका कष्टहरूमा जो कमी थियो, त्यसलाई पूरा गर्नु" भन्ने वाक्यांश प्रायः एउटै छन् ।

त्यसो भए, पावलतर्फको फिलिप्पीहरूको सेवामा कुन अर्थमा "कमी" थियो र तिनीहरूको सेवामा रहेको कमीलाई एपाफ्रोडिटसले कुन अर्थमा "पूरा" गरे ? एकसय वर्ष पहिला एक समालोचक मार्विन विन्सेन्टले यसलाई यसरी व्याख्या गरे :

> पावललाई दिइएको वरदान मण्डलीलाई एक शरीर मानी दिइएको वरदान थियो । त्योचाहिँ प्रेमको बलिदानपूर्ण भेटी थियो । कमी रहेको कुरा, अनि पावल र मण्डली दुवैलाई उत्तिकै गुणकारी हुने कुराचाहिँ मण्डलीले त्यो भेटीलाई व्यक्तिमा प्रस्तुत गर्ने कार्य थियो । त्यो असम्भव थियो र एपाफ्रोडिटसले आफ्नो स्नेहपूर्ण र उत्साहपूर्ण सेवकाइद्वारा त्यो कमी पूरा गरेका थिए भनी पावलले उनलाई उल्लेख गर्दछन् ।[३]

तिनै शब्दहरूले कलस्सी १:२४ मा दिने अर्थ ठीक यही नै हो भन्ने मलाई लाग्दछ । खीष्टले पापीहरूको निम्ति कष्ट भोग्नुभएर र मर्नुभएर संसारको निम्ति एउटा प्रेमको भेटी तयार पार्नुभएको छ । त्यो पूर्ण छ र कुनै पनि कुरामा कमी छैन - एउटा कुराबाहेक, त्यसलाई खीष्ट आफैले संसारका जातिहरूसमक्ष व्यक्तिगतरूपमा प्रस्तुत गर्नुभयो । यो कमीप्रतिको जवाफस्वरूप परमेश्वरले खीष्टका जनहरूलाई (पावलजस्ता मानिसहरूलाई) खीष्टका कष्टहरू संसारसमक्ष व्यक्तिगतरूपमा प्रस्तुत गर्न बोलाउनुहुन्छ ।

त्यसो गर्दा हामीले "खीष्टका कष्टहरूमा जो कमी थियो, त्यो पूरा गर्दछौं ।" ती जुन उद्देश्यको निम्ति तयार पारिएका थिए, तोकेर भन्नुपर्दा, तिनको अनन्त महत्व थाहा नपाएका मानिसहरूसमक्ष तिनलाई व्यक्तिगतरूपमा प्रस्तुत गर्नु, त्यो उद्देश्य हामी पूरा गर्दछौं ।

## कष्टहरूले कष्टहरू पूरा गर्नु

तर कलस्सी १:२४ सम्बन्धी सबैभन्दा आश्चर्यजनक कुराचाहिँ पावलले खीष्टका कष्टहरूमा रहेको कमीलाई पूरा गर्ने तरिका हो । उनका आफ्नै कष्टहरूले नै खीष्टका कष्टहरूलाई पूरा गर्दछन् भनी उनी भन्दछन् । "म तिमीहरूका निम्ति मेरा दुःखहरूमा आनन्द मनाउँछु अनि खीष्टका कष्टहरूमा जो कमी छ, त्यसलाई म मेरो शरीरमा पूरा गर्दछु ।" त्यसैले यसको अर्थ यो हो कि पावलले जसलाई प्रभुमा जित्ने प्रयास गरिरहेका छन्, तिनीहरूको

निम्ति कष्ट भोगेर खीष्टका कष्टहरू प्रदर्शन गर्दछन्। उनकै कष्टहरूमा तिनीहरूले खीष्टका कष्टहरू देख्दछन् । त्यसको आश्चर्यजनक अन्तिम निष्कर्ष यो हो : *खीष्टका कष्टहरू उहाँका जनहरूका कष्टहरूद्वारा ससारसमक्ष प्रस्तुत गरिऊन् भन्ने परमेश्वर चाहनुहुन्छ ।* खीष्टले भोग्नुभएको कष्टमध्ये केही उहाँको शरीर अर्थात् मण्डलीले भोगोस् भन्ने वास्तवमै परमेश्वर चाहनुहुन्छ ताकि हामीले क्रूसलाई जीवनको बाटो भनेर प्रचार गर्दा, मानिसहरूले हामीमा क्रूसका दागहरू देखून् र हामीबाट क्रूसको प्रेम महसुस गरून् । हाम्रो बोलावटचाहिँ मानिसहरूलाई मुक्तिको सन्देश सुनाउँदा हामीले भोगेका कष्टहरूद्वारा तिनीहरूसमक्ष खीष्टका कष्टहरू वास्तविक तुल्याउनु हो ।

खीष्ट पृथ्वीमा नहुनुभएकोले, उहाँको शरीर अर्थात् मण्डलीको कष्टमा आफ्नो कष्ट प्रकट गर्न उहाँ चाहनुहुन्छ । हामी उहाँको शरीर भएकाले, हाम्रा कष्टहरू उहाँका कष्टहरू हुन् । रुमानियाली पाष्टर जोसेफ सनले यसलाई यसरी प्रस्तुत गर्दछन् : "म येशू खीष्टको एउटा अंश हुँ । मैले रुमानियामा पिटाइ खाँदा, उहाँले मेरो शरीरमा कष्ट भोग्नुभयो । त्यो मेरो कष्ट होइन : मैले त उहाँका कष्टहरूमा सहभागी हुने सुअवसर मात्र पाएको थिएँ ।"[४] त्यसकारण हाम्रा कष्टहरूले खीष्टले संसारलाई गर्नुभएको प्रेमको स्वरूपलाई प्रमाणित गर्दछन् ।

## "म आफ्नो शरीरमा येशूका दागहरू धारण गर्दछु"

यसैकारण पावलले आफ्ना दागहरूलाई "येशूका दागहरू" भनेका थिए । उनका घाउहरूमा मानिसहरूले खीष्टका घाउहरू देख्न सके । "म आफ्नो शरीरमा येशूका दागहरू धारण गर्दछु" (गलाती ६:१७) । येशूका दागहरू धारण गर्नुको महत्व यो हो कि येशू देख्न सकिनुहोओस् र उहाँलाई देख्नेहरूमा उहाँको प्रेमले शक्तिशालीरूपमा काम गर्न सकोस् । "येशूको जीवन पनि हाम्रो शरीरमा प्रकट होओस् भनेर [हामी] येशूको मरणावस्था [सधैं] हाम्रा शरीरमा धारण गर्दछौं । किनकि येशूको जीवन पनि हाम्रो मरिजाने शरीरमा प्रकट होओस् भनेर नै हामी जिउँदाहरू येशूको कारणले सधैंभरि मृत्युको हातमा सुम्पिइन्छौं । यसैकारण मृत्युले हामीमा काम गर्दछ, तर जीवनले तिमीहरूमा" (२कोरिन्थी ४:१०-१२) ।

## "शहीदहरूको रगत नै बीउ हो"

ईसाईमतको विस्तारको इतिहासले "शहीदहरूको रगत नै बीउ हो" भन्ने कुरा प्रमाणित गरेको छ - ख्रीष्टमा पाइने नयाँ जीवनको बीउ संसारभरि फैलिरहेछ । करिब तीनसय वर्षसम्म ईसाईमत शहीदहरूको रगतले भिजेको माटोमा वृद्धि भयो । 'ईसाई सेवकाइहरूको इतिहास' मा, स्टिफन नेलले शुरूका ईसाईहरूका कष्टहरूलाई मण्डली त्यति साह्रै तीव्र गतिमा वृद्धि हुनुका छवटा मुख्य कारणहरूमध्ये एकको रूपमा उल्लेख गर्दछन् ।

> कानूनसँग सम्बन्धित खतरापूर्ण अवस्थाको कारण ईसाईहरू सडकमा भेट हुन प्रायः बाध्य पारिएका थिए....आफूले ढिलो वा चाँडो ज्यानै गुमाउनुपर्ने गरी आफ्नो विश्वासको साक्षी दिनुपर्ने हुन सक्दथ्यो भन्ने कुरा हरेक ईसाईलाई थाहा थियो....सतावट फैलिएपछि, सम्भाव्य सबैभन्दा बढी सार्वजनिकरूपमा शहीद बन्नुपर्ने हुन सक्दथ्यो । रोमी जनता कठोर र क्रूर थिए, तर त्यहाँ सहानुभूति हुँदै हुन्थेन भन्ने त होइन; र शहीदहरूको र विशेष गरी पुरुषहरूसँगै कष्ट भोगेका जवान स्त्रीहरूको व्यवहारले गहिरो प्रभाव पार्दथ्यो भन्ने कुरामा कुनै शङ्का छैन....हामीले प्राचीन अभिलेखहरूमा शान्त, प्रतिष्ठित, शिष्ट व्यवहार पाउँदछौं; विपत्तिको अवस्थामा दृढ साहस, शत्रुहरूप्रतिको शिष्टता र कष्टलाई प्रभुको स्वर्गीय राज्यमा पुऱ्याउने उहाँद्वारा नियुक्त बाटो भनी आनन्दसाथ स्वीकार गर्ने कार्य पाउँदछौं । ईसाईहरूलाई दोषँ लगाइएको र मारिएको हेर्ने क्षणमा नै मूर्तिपूजकहरू परिवर्तन भएका असङ्ख्य सत्य घटनाहरू छन्; त्यहाँ ज्यादै धेरैजना प्रभावित भएका हुनुपर्दछ जुन प्रभावहरू समय बित्दै जाँदा जीवित विश्वासमा परिणत हुन्छन् ।[५]

## "मलाई उद्धार गर्नुहुने मेरा राजालाई म कसरी निन्दा गर्न सक्दछु र ?"

कष्टको यस्तै एउटा शक्तिशाली साक्षीको उदाहरणचाहिँ स्मर्नाका विशप पोलिकार्पको शहादत थियो जो सन् १५५ मा मरे । उनका विद्यार्थी इरानेइअसले

बताए कि पोलिकार्प प्रेरित यूहन्नाका विद्यार्थी रहेका थिए । मर्ने बेलामा उनी ज्यादै वृद्ध थिए भन्ने हामी जान्दछौं किनभने राज्यपालले ख्रीष्टलाई त्याग्न र श्राप दिन उनलाई आज्ञा दिँदा, उनले यसो भने, "मैले उहाँलाई छयासी वर्षसम्म सेवा गरेको छु र उहाँले मलाई केही हानि गर्नुभएको छैन; त्यसैले मलाई उद्धार गर्नुहुने मेरा राजालाई म कसरी निन्दा गर्न सक्दछु र ?"[६]

सतावटको एक अवधिमा स्मर्नाको एउटा उत्तेजित भीडले पोलिकार्पको खोजी गर्न दबाब दियो । उनी त्यो शहरको ठीक बाहिरपट्टिको नगरमा सरेका थिए र मृत्यु हुनुभन्दा तीन दिनअघि उनले एउटा सपना देखे, जसबाट उनले यो निष्कर्ष निकाले, "म जिउँदै जलाइनुपर्दछ ।" त्यसैले अन्तमा खोजी गरिँदा, भाग्नुको विपरीत उनले यसो भने, "परमेश्वरको इच्छा पूरा होस् ।" उक्त शहादतसम्बन्धी प्राचीन वर्णनले निम्नलिखित अभिलेख प्रस्तुत गर्दछ :

> त्यसैले, तिनीहरूको आगमन सुनेर, उनी तल ओर्लिए र तिनीहरूसँग कुरा गरे, उनको उमेर र दृढता देखेर त्यहाँ उपस्थित हुनेहरू आश्चर्यचकित भए र त्यहाँ यस्ता वृद्ध मानिसको पक्राउबारे ज्यादै धेरै झमेला भयो । त्यसपछि, आफ्नो त्यो अन्तिम घडीमा तिनीहरूले चाहे जति तिनीहरूलाई खान र पिउन दिन उनले आज्ञा गरे । उनले स्वतन्त्रतापूर्वक प्रार्थना गर्नको निम्ति आफूलाई एक घण्टाको समय दिन तिनीहरूसँग बिन्ती गरे । तिनीहरूले उनलाई त्यो समय दिए र उनले उभिएर प्रार्थना गरे, परमेश्वरको अनुग्रहले अति भरिएर उनी दुई घण्टासम्म बोलिरहे, जबकि सुन्नेहरू अचम्मित भए र ती मानिसहरूले आफूहरू यस्ता कमजोर वृद्ध मानिसलाई खोज्न आएकोमा पश्चाताप गरे ।[७]

अन्तमा उनलाई लगेर जिउँदै जलाउन दोष लगाइएपछि, तिनीहरूले उनका हातहरूलाई काठको खाँबोमा राखी काँटी ठोक्ने प्रयास गरे, तर उनले त्यसविरुद्ध बिन्ती गरे र यसो भने, "म जस्तो छु, त्यस्तै रहन दिनुहोस् । यो आगो सहन मलाई अनुग्रह गर्नुहुनेले काँटीहरूको सहायताबिना नै उक्त खाँबोमा नचलीकन टाँसिएर उभिइरहन पनि मलाई अनुग्रह गर्नुहुनेछ ।"[८] उनको शरीरलाई आगोले नष्ट नपारेको देखेर, मृत्युदण्ड दिनेहरूमध्ये एकजनाले एउटा छुरी उनको शरीरभित्र छिरायो । प्राचीन वर्णनले अन्तमा यसो भन्दछ, "अविश्वासीहरू र चुनिएकाहरूबीचको ठूलो भिन्नता देखेर सम्पूर्ण भीड अचम्मित भयो ।"[९] यही कुराले नै शुरूका शताब्दीहरूमा भएको ईसाईमतको

विजयलाई ठूलो मात्रामा व्याख्या गर्दछ । तिनीहरू आफ्नो कष्टले विजयी भए । यसले तिनीहरूको गवाहीलाई साथ मात्र दिएन, यो त तिनीहरूको गवाहीको कोशे ढुङ्गा नै थियो । "उनीहरूले [शैतान] लाई थुमाको रगतद्वारा र आफ्नै गवाहीको वचनद्वारा जिते; अनि *मृत्युसम्म उनीहरूले आफ्ना प्राणहरूलाई प्रेम गरेनन्"* (प्रकाश १२:११) ।

## शहीदहरूको सङ्ख्या अझैसम्म पनि पूरा भएको छैन

मण्डली वृद्धि हुन्छ अनि कष्ट र शहादतद्वारा बलियो बन्दछ भन्ने कुरा इतिहासको संयोगको कुरा होइन । यो त परमेश्वरले चाहनुभएकै तरिका हो । परमेश्वरले कष्टको माध्यमद्वारा संसारमा आफ्ना उद्धार दिने उद्देश्यहरू पूरा गर्न चाहनुहुन्छ भन्ने कुराका सबैभन्दा शक्तिशाली प्रमाणहरूमध्ये एउटाचाहिँ प्रकाशको पुस्तकमा पाइन्छ । त्यहाँ स्वर्गको दृश्य प्रस्तुत गरिएको छ जहाँ शहीदहरूका प्राणहरू यसो भन्दै ठूलो सोरले कराउँछन्, "हे परमप्रभु, कहिलेसम्म ?" अर्को शब्दमा, इतिहास कहिले पूरा हुनेछ, अनि मुक्ति र न्यायसम्बन्धी तपाईंका उद्देश्यहरू कहिले पूरा हुन्छन् ? यसको जवाफ महान् आज्ञाको पूर्णताको अंश हुन चाहने हामी सबैको लागि दुःखद हुन्छ । "तिनीहरूझैं मारिन लागेका तिनीहरूका सङ्गीदासहरू र तिनीहरूका भाइहरूको सङ्ख्या पूरा नहोउञ्जेल, अझै केहीबेरका निम्ति तिनीहरूले विश्राम गरून् भनी तिनीहरूलाई भनियो" (प्रकाश ६:११) ।

यसको अर्थ यो हो कि परमेश्वरले निश्चित सङ्ख्यामा शहीदहरू नियुक्त गर्नुभएर उहाँका उद्देश्यहरू पूरा गर्ने योजना बनाउनुभएको छ । त्यो सङ्ख्या पूरा भएपछि अन्त आउनेछ । सन् १९८९ मा मनिलामा भएको वर्ल्ड इभान्जेलाइजेशनको दोश्रो लौसान्ने सम्मेलनमा उपस्थित धेरैजनालाई जर्ज ओटिसले तब अचम्मित तुल्याए, जब उनले यसरी सोधे, "के शहीदहरूको अभावको कारण हामी मुस्लिम राष्ट्रहरूमा प्रवेश गर्न नसकेका हौं ? के एक भूमिगत मण्डली अटल भएर वृद्धि हुन सक्दछ ? के एउटा कलिलो मण्डलीलाई शहीदका नमुनाहरू आवश्यक पर्दछन् ?" त्यसै गरी उनले आफ्नो पुस्तक "The Last of the Giants" लाई "खतरापूर्ण सुरक्षित" भन्ने शीर्षक भएको अध्यायसँगै टुङ्ग्याउँदछन् ।

के राजनैतिक र सामाजिकरूपमा परीक्षा आउने परिस्थितिहरूमा रहेको मण्डली ईसाईमतका विरोधी शक्तिहरूले गर्ने सम्भावित विनाशदेखि जोगिन भूमिगत नै रहनुपर्दछ ? अथवा व्याप्त रहेको आत्मिक बेवास्ता र भ्रष्टताप्रति बढी खुल्लारूपमा सामना गर्नुले - यसले ईसाई शहीदहरू उत्पन्न गराए तापनि - सुसमाचार प्रचारमा ठूलो प्रगति गराउन के सम्भव हुन्छ ? इस्लामिक कट्टरवादीहरूले तिनीहरूको आत्मिक क्रान्तिले शहीदहरूको रगतको शक्ति पाएको छ भनी दावी गर्दछन् । ईसाई शहीदहरूको उल्लेखनीय कमीको कारण ईसाईमत मुस्लिम संसारमा प्रवेश गर्न सकेको छैन भन्ने सोच्न के सम्भव हुन्छ ? अनि के मुस्लिम समुदायले भूमिगत मण्डलीका दाबीहरूलाई गम्भीररूपमा लिन सक्दछ ?....यहाँ प्रश्नचाहिँ कतिपय अवस्थाहरूमा आराधना र साक्षीलाई होशियारीसाथ सञ्चालन गर्नु बुद्धिमत्तामानी हुन्छ कि हुँदैन भन्ने होइन, तर हामी "हाम्रो असल पक्षलाई लुकाउनु" को दोषी हुनुभन्दा पहिला कति लामो समयसम्म त्यो कार्य जारी रहन सक्दछ भन्ने हो...."इतिहासले देखाउँदछ कि यरूशलेम र दमस्कसदेखि एफेसस र रोमसम्म प्रेरितहरूलाई तिनीहरूको साक्षीको कारण पिटिएको, ढुङ्गाले हानिएको, षडयन्त्रमा पारिएको र कैदमा राखिएको थियो । निमन्त्रणा गरिएका घटनाहरू बिरलै थिए र ती उनीहरूका सेवकाइका आधार कहिल्यै थिएनन् ।"[१०]

ओटिसले "शहीदहरूको मृत्यु विश्वासयोग्यहरूको जीवनमा विकसित हुन्छ" भन्दा, उनी ग्रेगोरी महान् (सन् ५९० देखि सन् ६०४ सम्मका पोप) सँग सहमत हुन्छन् भन्ने कुरामा कुनै शङ्का छैन ।[११]

## हाम्रा घाउहरूबाट फोहोरा झैं रगत बह्यो

कलस्सी १:२४ को उद्देश्य - ख्रीष्टका कष्टहरूलाई कष्टहरूद्वारा नै अरूसमक्ष प्रस्तुत गरेर तिनमा रहेको कमी पूरा गर्नु - को निम्ति कष्टलाई रोज्जिएका असङ्ख्य उदाहरणहरू हाम्रै जमाना पाइन्छन् ।[१२] मैले सन् १९९५ को अन्ततिर यो अध्याय लेखिरहँदा, यस्तै कष्टलाई व्याख्या गरिएको एकजना मिशनरीको पत्र मकहाँ आइपुग्यो । मैले ती सत्यताहरूलाई पुष्टि गर्न अफ्रिकामा रहेका ती मिशनरीलाई हतार-हतार ईमेल लेखें । उनले दान्सासँग

व्यक्तिगतरूपमा कुरा गरे, जसको पत्र मैले पाएको थिएँ र त्यही पत्रबाट दान्साकै शब्दहरूमा यो कथालाई उद्धृत गर्ने उनको अनुमति पनि ती मिशनरीले नै मलाई जुटाइदिए।

करिब सन् १९८० तिर, हाम्रो क्षेत्र बलायटामा साम्यवादी सरकारका स्थानीय अधिकारीबाट गम्भीर सतावट आयो। त्यस समयमा, म एक सरकारी कार्यालयमा कार्यरत थिएँ, तर मैले मेरो क्षेत्रका सम्पूर्ण मण्डलीहरूको ईसाई जवान सङ्गठनको अगुवाको रूपमा सेवा पनि गरिरहेको थिएँ। जवानहरूबीच क्रान्तिका सिद्धान्तहरू सिकाउनमा मेरो सहायता माग्न साम्यवादी अधिकारीहरू बारम्बार मकहाँ आए। अन्य धेरैजना ईसाईहरूले आत्मसमर्पण गरिरहेका थिए किनभने त्यो दबाब ज्यादै कडा थियो, तर मैले त अस्वीकार गर्दै 'अहँ' मात्र भन्न सकें।

शुरूमा त तिनीहरूको तरिका सकारात्मक थियो : तिनीहरूले मेरो बढुवा गरिदिने र तलब बढाइदिने प्रस्ताव राखे। तर त्यसपछि कैदमा राख्न शुरू गरियो। शुरूका दुई पटकका कैदका समयहरू ज्यादै छोटा थिए। तेश्रो पटकको कैद भने एक वर्षभरि जारी रह्यो। त्यस अवधिमा हामी एकै ठाउँमा राखिएका नौजना विश्वासीहरूको मगजधुलाइ गर्न साम्यवादी दलहरू नियमितरूपमा आउने गर्दथे (हामी छजना पुरुष र तीनजना स्त्री थियौं - जसमध्ये एकजना पछि गएर मेरी श्रीमती बनिन्)। तर त्यो दलका एकजना सदस्यले ख्रीष्टलाई ग्रहण गरेपछि, हामीलाई पिटियो र टाढा-टाढाबाट पानी बोकेर ल्याउन र बारीलाई खेतीयोग्य बनाउन त्यहाँबाट ठूला-ठूला ढुङ्गाहरू बोकेर ल्याउन लगाइयो।

एक पटक दुई हप्ताको अवधिमा सबैभन्दा खराब समय आयो। त्यस अवधिमा जेलका अधिकारीले हामीलाई अँध्यारो छँदा नै सबेरै उठाउँदथ्यो जतिबेला कसैले पनि देख्न सक्दैनथ्यो र नगरको रोडा बिछ्याइएको सडकमा डेढ किलोमिटरसम्म नाङ्गै घुँडा टेकेर हिँडन लगाउँदथ्यो। हामीलाई त्यो दूरी पार गर्न करिब तीन घण्टा लाग्दथ्यो। पहिलो दिनपछि, हाम्रा घाउहरूबाट फोहोरा झैं रगत बह्यो, तर हामीले केही पनि थाहा पाएनौं।

अर्को पटक, कैदको एक अत्यन्तै क्रूर अधिकारीले हामीलाई पूरै छ घण्टासम्म टन्टलापुर घाममा उत्तानो पारेर पल्टिन लगायो । मैले यो कुरा किन भनें भन्ने मलाई थाहा छैन, तर हामीले सिध्याइसकेपछि मैले उसलाई यसो भनें, "तपाईंले हामीलाई घाममा सेकिन लगाउनुभयो, तर परमेश्वरले तपाईंलाई हिर्काउनुहुनेछ ।" त्यसको केही समयपछि, त्यो अधिकारीलाई मधुमेहले ग्रस्त पाऱ्यो र त्यो मऱ्यो ।

कैयौं वर्षपछि साम्यवादी सरकार पतन भएपश्चात्, मुख्य अधिकारीले जेलमा प्रचार गर्न हामीलाई फेरि निमन्त्रणा गरे । त्यस समयमा, हत्याको अभियोगमा कैदी जीवन बिताइरहेका बाह्रजनाले ख्रीष्टलाई ग्रहण गरे । हामीले त्यो जेलमा सेवकाइ गरिरहेका छौं र त्यहाँ अहिले १७० जना विश्वासीहरू छन् । जेलका अधिकांश अधिकारीहरूले पनि विश्वास गरेका छन् ।

जेलका कैदीहरू र अधिकारीहरूमाझको यो उल्लेखनीय कटनीको समय उत्पन्न गराउने सम्पूर्ण प्रभावहरू परमेश्वरले मात्र मिलाउन सक्नुहुन्छ । तर दान्साको कष्ट विश्वास गरेकाहरूको जीवनमा ख्रीष्टको वास्तविकताको आकर्षक प्रस्तुतिको अंश थिएन भन्ने सोच्नु पक्कै पनि अपरिपक्वता नै हुन्छ ।

## ख्रीष्टको निम्ति र मुक्तिको निम्ति पद घटाइएको

जोसेफ सनले ख्रीष्टको निम्ति कष्ट भोग्ने कार्यलाई संसारलाई ख्रीष्ट चिनाउने तरिकाको रूपमा लिँदै त्यस विषयबारे गहनरूपमा मनन् गरेका छन् । उनी सन् १९८१ मा सरकारद्वारा देशनिकाला नगरिँदासम्म ओरेडिया, रुमानियाको सेकेण्ड बप्टिष्ट चर्चका पाष्टर थिए । उनले ख्रीष्टको कष्ट प्रायश्चितको निम्ति हो र हाम्रो कष्ट विस्तारको निम्ति हो भनी कलस्सी १:२४ लाई व्याख्या गरेका मैले सुनेको छु । कलस्सी १:२४ ले मात्र होइन, तर २तिमोथी २:१० ले पनि कष्टलाई सुसमाचार प्रचारको माध्यम बनाउँदछ भनी उनले प्रष्ट पार्दछन् : "उनीहरूले पनि ख्रीष्ट येशूमा भएको मुक्ति अनन्त महिमासहित पाऊन् भनेर म चुनिएकाहरूका निम्ति सबै कुराहरू सहन्छु ।" जोसेफ सनका अनुसार, पावलले यसो भनिरहेका छन् :

म एन्टिओकमा, त्यही सम्पन्न र शान्त शहरमा, त्यति धेरैजना भविष्यवक्ताहरू र यस्ता महान् आशिषहरू भएको त्यही अति सुन्दर शहरमा पाष्टर बनिरहेको भए, एशिया माइनर वा यूरोपमा कसैको पनि उद्धार गरिनेथिएन । तिनीहरूको उद्धार होस् भनेर, मैले लौरोका चुटाइहरू, कोर्राका पिटाइहरू, ढुङ्गाले हानिएको, पृथ्वीको कसिङ्गरलाई झैं व्यवहार गरिएको, मृत्युसम्म नै पुग्नुपरेको घटनाहरूलाई स्वीकार गर्नुपरेको छ । तर म यसरी घाइते र रगताम्य भएर हिँड्दा, मानिसहरूले परमेश्वरको प्रेम देख्दछन्, मानिसहरूले क्रूसको सन्देश सुन्दछन् र तिनीहरूको उद्धार गरिन्छ । यदि हामी हाम्रा सम्पन्न मण्डलीहरूमा सुरक्षित भएर बसिरहन्छौं र क्रूसलाई स्वीकार गर्दैनौं भने, अरूको उद्धार नगरिन सक्दछ । हामीले क्रूसलाई स्वीकार नगरेका कारण कतिजनाले उद्धार पाएका छैनन् ?[१३]

कसरी ईसाईहरूको कष्ट स्वयम्ले नै फलदायी सुसमाचार प्रचारको माध्यम प्रायः उपलब्ध गराउँदछ भन्ने कुरा उनले प्रष्ट पार्दछन् ।

एक महत्वपूर्ण ओहोदामा रहेका एकजना व्यक्ति, जसलाई मैले बप्तिस्मा दिएको थिएँ, मकहाँ आए र सोधे, "अब मैले के गर्नुपर्दछ ? तिनीहरूले तीन-चार हजार मानिसहरू भेला गराउनेछन् र मलाई तिनीहरूको सामु लगेर मेरो बारेमा बताइ मेरो गिल्ला गर्नेछन् । मैले आफूलाई बचाउन तिनीहरूले मलाई पाँच मिनेट समय दिनेछन् । मैले कसरी त्यसो गर्नुपर्दछ होला ?"

अनि मैले उनलाई भनें, "हेर भाइ, आफ्नो रक्षा गर्नुचाहिँ तिमीले गर्न नहुने एक मात्र कार्य हो । यो त तिमी पहिला कस्ता थियौ र येशूले तिमीलाई कस्तो बनाउनुभयो; येशू को हुनुहुन्छ र अहिले तिम्रो निम्ति उहाँ के हुनुहुन्छ भनी तिनीहरूलाई बताउने तिम्रो लागि अद्वितीय मौका हो ।"

उनको अनुहार चम्कियो र उनले यसो भने, "दाजु जोसेफ, मैले के गर्नुपर्दछ भन्ने अब मैले थाहा पाएँ ।" अनि उनले राम्रोसँग त्यसो गरे - यति राम्रोसँग कि पछि उनको पद नराम्रोसँग घटाइयो । उनले करिब आधा तलब गुमाउनुपऱ्यो । तर त्यसपछि पनि उनी यसो भन्दै

मकहाँ आइ नै रहे, "दाजु जोसेफ, तपाईंलाई थाहा छ, अहिले म त्यो कारखानामा यताउता हिँड्दा कोही न कोही मलाई भेट्न आइहाल्छ। म जहाँ गए पनि, कसैले मलाई एउटा कुनातिर तान्दछ, मसँग कुरा गरेको कसैले देख्छ कि भनी यताउता हेर्दछ र सासैसासले यसो भन्दछ, 'मलाई तपाईंको मण्डलीको ठेगाना दिनुहोस् न' वा 'येशूको बारेमा मलाई अझै धेरै कुरा बताउनुहोस् न' वा 'के तपाईं मलाई एउटा बाइबल दिन सक्नुहुन्छ ?'"

हरेक प्रकारको कष्ट अरू मानिसहरूको मुक्तिप्रतिको सेवकाइ बन्न सक्दछ।[१४]

## जातिहरूको निम्ति कष्ट भोग्न चाहनु

त्यसैले पावलले "यही जीवनमा मात्र हामीले ख्रीष्टमा आशा राखेका छौं भने, सबै मानिसहरूमध्ये हामीचाहिँ सबैभन्दा दुःखी हौं" भन्दा यसो भन्न खोजेका थिए भनी म निष्कर्ष निकाल्दछु कि ईसाईमतको अर्थ ख्रीष्टको निम्ति कष्ट भोग्ने जीवनलाई रोज्नु र अङ्गाल्नु हो जुन जीवन ख्रीष्ट झूटा ठहरिनुभएमा दुःखदायी हुन्छ। ईसाईमत त्यो जीवन होइन, जसलाई हामीले पुनरुत्थानमा ख्रीष्टसँगै सङ्गति गर्ने आशाबिना पर्याप्त र सन्तोषजनक हुन्छ भनी स्वीकार गर्दछौं। अनि हामीले यो कुरा पनि बुझेका छौं कि कष्टलाई स्वीकार गर्ने यो कार्य ख्रीष्टको निम्ति हामीले दिने गवाहीको अंश मात्र होइन, यो त त्यसको देख्न सकिने अभिव्यक्ति हो। हाम्रा कष्टहरूले ख्रीष्टका कष्टहरूलाई चिनाउँदछन्, जसले गर्दा ख्रीष्टले गर्नुहुने प्रेम कस्तो प्रकारको हुन्छ भनी मानिसहरूले देख्न सक्दछन्। ख्रीष्टका कष्टहरूमा नभएको कुरा अर्थात् ख्रीष्टले मानवरूपमा आउनुहुँदा कष्ट भोग्नुभएको अवस्थालाई नदेखेकाहरूको सामु तिनलाई जीवन्तरूपमा प्रस्तुत गरेर हामीले उहाँका कष्टहरू पूरा गर्दछौं।

यसको आश्चर्यजनक भावार्थ यो हो कि ईसाईहरूले कष्ट भोग्न नचाहेसम्म जातिहरूमाझ र हाम्रा छिमेकहरूमा ख्रीष्टका उद्धार दिने उद्देश्यहरू पूरा हुनेछैनन्। यो कष्टको चरमसीमामा, शहीदहरूको सङ्ख्या अझै पनि पूरा भएको छैन (प्रकाश ६:११)। तिनीहरूबिना, विश्वव्यापी सुसमाचार प्रचारका अन्तिम सीमाहरू पार गरिनेछैनन्। अत्यधिक र सौखपूर्ण फुर्सदको समयलाई

दासको जस्तो प्रेमका व्यवहारहरूले भर्नको निम्ति आवश्यक पर्ने समय, सहजता, पैसा र प्रयासको केही लगानी वास्तवमा सामान्य कुरा नै हो : "त्यसरी नै तिमीहरूको ज्योति मानिसहरूको सामु चम्कोस् र तिनीहरूले तिमीहरूका असल कामहरू देखून्, अनि स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्" (मत्ती ५:१६)।

## तर के यही नै ईसाई आनन्द हो ?

मैले यो अध्यायको शीर्षक "कष्ट : ईसाई आनन्दको बलिदान" राखेको छु, तैपनि मैले [जहीँतहीँ] डेविड लिभिङ्गस्टोनको यो भनाइलाई उद्धृत गरेको छु कि उनको मिशनरी सेवाका कष्टहरू "बलिदान" थिएनन्। यो लिभिङ्गस्टोनसँगको विरोधाभाष वा असहमति होइन। शब्दहरू त त्यस्तै छन्। सन्दर्भ नै प्रायः सबै कुरा हो। कष्ट एक बलिदान होइन भनी बताउँदा, उनले नोक्सानीहरूभन्दा आशिषहरू बढी हुन्छन् भनी भन्न खोज्दछन्। कष्ट एक बलिदान हो भनी बताउँदा, मैले त्यहाँ नोक्सानीहरू - ठूला-ठूला नोक्सानीहरू - हुन्छन् भनी भन्न खोज्दछु। म लिभिङ्गस्टोनसँग सहमत हुन्छु भनी तपाईंले महसुस गर्नुहुँदा, त्यसको सरल अर्थ यही नै हुन्छ कि **मैले आशिषहरूलाई ठूला देख्दछु।**

तर म बलिदान शब्दको पुरानो प्रयोगलाई नै समातिराख्नेछु। हामीले 'बलिदान होइन' भन्ने अर्थमा मात्र कुरा गर्न सक्दछौं भनी छल गर्नै नसकिने गरी पीडा अत्यन्त तीव्र र नोक्सानहरू ज्यादै वास्तविक हुन्छन्। हामीले हाम्रा परिभाषाहरूलाई सामान्यतया प्रष्ट पार्नुपर्दछ।

मेरो जवाफ यो छ : हो, यो ईसाई आनन्द हो। सम्पूर्ण नयाँ करारले कष्टलाई ईसाई आनन्दको सन्दर्भमा व्याख्या गर्दछ।

के पावलले कष्ट भोग्नुलाई रोज्दा गहीरो र रहिरहने आनन्द खोजिरहेका थिए - यति धेरै कष्ट कि मरेकाहरूको पुनरुत्थान नहुने हो भने, उनको जीवन पूर्णतया मूर्खतापूर्ण र दुःखदायी हुनेथियो ? यो प्रश्नले प्रायः आफैले नै जवाफ पनि दिन्छ। यदि पुनरुत्थानले मात्र पावलले गरेका जीवनभरिका पीडादायी **छनौट**हरूलाई दुःखदायी नभई प्रशंसनीय (र सम्भावित !) बनाउँदछ भने, त्यही **पुनरुत्थान**प्रतिको उनको आशा र **चाहना**ले नै उनको कष्टलाई **जीवितै**

राख्दछन् र शक्ति प्रदान गर्दछन् भन्ने कुरा निश्चित छ। वास्तवमा उनले यसो नै भन्दछन् : उनले सम्पूर्ण साधारण मानवीय सुअवसरहरूलाई हानि ठान्दछन् "र उहाँको मृत्युसँग एकरूपको भएर म उहाँलाई, उहाँको बौरिउठाइको सामर्थ्यलाई र उहाँका दुःखहरूको सङ्गतिलाई जान्न सकूँ र जसरी भए पनि म मरेकाहरूबाटको बौरिउठाइसम्म आइपुग्न सकूँ" (फिलिप्पी ३:१०, ११)। उनको लक्ष्य यसरी जिउनु - र कष्ट भोग्नु - हो कि उनी मरेकाहरूको पुनरुत्थान हुन्छ भन्ने कुरामा विश्वस्त होऊन्।

## ख्रीष्टलाई पाउन सबै कुरा गुमाउनु

किन ? किनभने पुनरुत्थानको अर्थ ख्रीष्टसँगको पूर्ण, शारीरिक, अनन्त सङ्गति थियो। त्यही नै पावलको आशाको केन्द्रविन्दु थियो : "ख्रीष्टलाई प्राप्त गरुँ भनेर म [सबै कुराहरू] लाई कसिङ्गर ठान्छु" (फिलिप्पी ३:८)। पावलले गरेका सबै कार्यमा रहेको विशाल चाहना र लक्ष्य ख्रीष्टलाई पाउनु नै थियो। "जिउनु ख्रीष्ट हुनुहुन्छ र मर्नुचाहिँ लाभ हो" (फिलिप्पी १:२१)। लाभ ! लाभ ! यही नै उनको जीवनको र कष्टको लक्ष्य हो। पावलले यसो भने, "इच्छा त हुन्छ, बिदा लिऊँ र ख्रीष्टसँग रहूँ; किनकि यो अति नै राम्रो हो" (फिलिप्पी १:२३)। "अति नै राम्रो" भन्ने चाहिँ कुनै स्वार्थहीन अभिप्राय होइन। यो त ईसाई आनन्दको अभिप्राय हो। पावलले त्यो कुराको चाह गरे जसले उनको जीवनमा सबैभन्दा गहीरो र रहिरहने सन्तुष्टि अर्थात् महिमामा ख्रीष्टसँग हुने अवस्था ल्याउँदथ्यो।

तर महिमामा ख्रीष्टसँग एक्लै त होइन !

ख्रीष्टलाई चिन्ने र प्रेम गर्ने कोही पनि एक्लै उहाँकहाँ आउनुमा सन्तुष्ट हुन सक्दैन। उहाँको महिमाको शीर्षस्थान यो हो : "तपाईं मारिनुभयो र आफ्नै रगतद्वारा तपाईंले हरेक कुल भाषा, मानिस र जातिबाट हामीलाई परमेश्वरका निम्ति किनेर छुटाउनुभएको छ" (प्रकाश ५:९)। यदि यही नै ख्रीष्टको अनुग्रहपूर्ण करुणाको शिखर हो भने, यसलाई आफ्नो अनन्त प्राप्ति ठान्नेहरू व्यक्तिगत आनन्दका निम्ति जिउन सक्दैनन्। ख्रीष्टको दाहिने हातमा रहेका आनन्दहरूचाहिँ सार्वजनिक आनन्दहरू, सामूहिक आनन्दहरू, सामुदायिक आनन्दहरू हुन्। पावलले ख्रीष्टलाई प्राप्त गर्नको निम्ति सबै कुरालाई हानि

ठानेका थिए भनी उनले बताउँदा, उनका हानिहरू सबै नै अरूलाई आफूसँगै खीष्टकहाँ ल्याउनको निम्ति भएका हानिहरू थिए । "तिमीहरूको विश्वासको बलि र सेवामाथि म आफू अर्घ भैं चढाइएँ भने पनि म आनन्द गर्दछु, र तिमीहरू सबैसँग आनन्द मनाउँदछु" (फिलिप्पी २:१७) । उनले आफ्नो जीवन कष्टहरूमा अर्घ भैं चढाउनुको कारण, निश्चय पनि, "उनले खीष्टलाई प्राप्त गर्न सकून् भन्ने" थियो, तर यो पनि थियो कि उनले जातिहरूको विश्वास प्राप्त गर्न सकून् जसले खीष्टको करुणा वृद्धि गराउँदछ ।

## मेरो आनन्द, मेरो हर्षको मुकुट !

यसैकारण पावलले आफूले विश्वासमा जितेका मानिसहरूलाई आफ्नो आनन्दमा बोलाए । "मेरा अति प्रिय र तिर्सना गरिएका भाइहरूहो, हे मेरा आनन्द र मुकुटहो, प्रभुमा यही प्रकारले स्थिर रहो, मेरा प्रियहरूहो" (फिलिप्पी ४:१) । "हाम्रो आशा, आनन्द वा रमाहटको मुकुट के हो ? हाम्रा प्रभु येशू खीष्टको उपस्थितिमा, उहाँको आमगनमा, के तिमीहरू नै होइनौ र ? किनकि तिमीहरू हाम्रा महिमा र आनन्द हौ" (१थिस्स. २:१९, २०) । मण्डली नै उनको आनन्द थियो किनभने तिनीहरूले खीष्टमा मनाउने आनन्दमा नै उनले खीष्टमा मनाउने आनन्द बढी महान् हुन्थ्यो । खीष्टको करुणाको धेरै भाग क्रूसलाई ग्रहण गर्नेहरूको सङ्ख्या वृद्धि हुनुमा नै बढेको थियो । त्यसैले पावलले विश्वभरि सुसमाचार प्रचार गर्ने माध्यमको रूपमा कष्टलाई रोज्दा र उनको लक्ष्य "खीष्टलाई प्राप्त" गर्नु थियो भनी बताउँदा, उनले यसो भन्न खोजेका थिए कि मुक्त पारिएकाहरूको ठूलो समूहले उनीसँगै खीष्टमा आनन्द मनाउँदा नै खीष्टसँग सङ्गति गर्नुको उनको व्यक्तिगत आनन्द अनन्तरूपमा बढी हुनेथियो ।

पावलले मण्डलीप्रति जति लामो समससम्म उत्कटरूपमा प्रेम गरे, मैले त्यति समयसम्म नगरे तापनि, मेरो जीवनमा भएका केही मुख्य घटनाहरूको निम्ति म परमेश्वरलाई धन्यवाद चढाउँदछु जहाँ परमेश्वरले मलाई सबै कुरामा त्रुटि देख्ने सोचाइको पिंधबाट उद्धार गर्नुभएको छ । मैले कलेजको अध्ययन पूरा गरेर सेमिनारीको अध्ययन शुरू गरेको समयका दिनहरूलाई म सम्भन्छु । साठीको दशकको अन्ततिरको अवस्था स्थानीय मण्डलीको निम्ति

प्रतिकुल थियो । सन् १९६८ को वर्षमा आइतवार बिहान पासाडेनाका सडकहरूमा हिँड्दै मण्डलीको भविष्य छ कि छैन भनी - माछाले पानीको महत्वमाथि शङ्का गरे झैं गरी वा चराले हावा र बतासको कारणबारे मनन् गरे झैं गरी - मनमा विचार खेलाएको म सम्झन्छु । परमेश्वरले मलाई त्यो मूर्खताबाट उद्धार गर्नुभयो र लेक एभेन्यु चर्चमा तीन वर्षसम्मको लागि परमेश्वरका जनहरूको साथमा रहने घर दिनुभयो, र मलाई मेरा पाष्टर रे ओर्टलण्डको हृदयलाई बुझ्ने मौका दिनुभयो जसले आफ्नो बथानलाई हेरेर "मेरो आनन्द, मेरो हर्षको मुकुट" भन्दा पावलको आत्मा झल्काएका थिए । अनि यी सबै कार्यहरू अनुग्रहका बहुमूल्य कार्य थिए ।

दश वर्षपछि विपत्तिको अर्को क्षण आयो जब सन् १९७९ को अक्टोबर महिनाको एक दिन मध्यरातमा मैले मेरो टेबलमा बसेर टिपोट लेखिरहेको थिएँ । त्यसको विषयचाहिँ यो थियो, के म बेथेल कलेजमा 'बाइबल अध्ययनहरू' पढाउने प्राध्यापक नै बनिरहनेथिएँ वा के मैले राजिनामा दिएर पाष्टरको काम खोज्नेथिएँ ? परमेश्वरले ती दिनहरूमा गर्नुभएका कामहरूमध्ये एउटाचाहिँ ममा मण्डलीप्रति गहीरो प्रेम राखिदिनु थियो - मण्डली जो मानिसहरूको समूह, वृद्धिरत र सेवारत शरीर हो जो हरेक हप्तामा भेट हुन्छ र खीष्टको स्वरूपमा ढालिँदै जान्छ । शिक्षणमा त्यसको आफ्नै आनन्द हुन्छ । यो एउटा महान् बोलावट हो । तर त्यस रात अर्को तीव्र चाहना विजयी भयो र केही महिनापछि परमेश्वरले मलाई बेतलेहेम बप्तिष्ट चर्चतर्फ डोऱ्याउनुभयो । मैले यी शब्दहरू लेख्दा, पन्ध्र वर्ष बितिसकेको थियो । मैले आफूलाई अनुमति दिने हो भने, ती मानिसहरूले मप्रति गरेका व्यवहारबारे सम्झँदा मेरा आँशुहरू त्यत्तिकै बहन थाल्दछन् । म आशा गर्दछु, मेरो तीव्र चाहना भनेको "खीष्टलाई प्राप्त गर्नु" हो भन्ने तिनीहरूलाई थाहा छ । अनि मैले गल्ती गर्दिनँ भने, म "तिनीहरूका विश्वासको उन्नति र आनन्दको" निम्ति जिउँदछु भन्ने पनि तिनीहरूलाई थाहा छ (फिलिप्पी १:२५) । यी दुवै लक्ष्यहरू एउटै हुन् भन्ने देखाउनु नै मेरो लेखन र प्रचारको लक्ष्य हो । एक सय साधारण जनहरूमा भन्दा खीष्टलाई ग्रहण गरी पवित्रजनमा वृद्धि भइरहेको एक पापीमा म खीष्टलाई बढी प्राप्त गर्दछु । खीष्ट मेरो आनन्द हुनुहुन्छ र बेतलेहेम मेरो आनन्द हो भन्दा, त्यो दुई जिब्रे कुरा हुँदैन ।

## कष्टमा पाइने आनन्द प्रशंसनीय हुन्छ भने, त्यसको खोजी गर्नुहोस्

पावलले कलस्सी १:२४ मा "म तिमीहरूका निम्ति मेरा दुःखहरूमा आनन्द मनाउँछु अनि ख्रीष्टका कष्टहरूमा जो कमी छ, त्यसलाई म मेरो शरीरमा पूरा गर्दछु" भन्दा, यो पूर्णतया अस्वाभाविक भए तापनि यसले हामीलाई अचम्मित तुल्याउनुहँदैन। अर्को शब्दमा, मैले मेरा आफ्नै कष्टहरूमा र पीडामा तपाईंसमक्ष ख्रीष्टका कष्टहरूलाई व्यक्तिगतरूपमा प्रस्तुत गरेर तिनलाई पूरा गर्दा, म आनन्द मनाउँदछु। म आनन्द मनाउँदछु।

पावलले गरेका कार्य असल र प्रशंसनीय थियो र हामीले पनि गएर त्यसो नै गर्नुपर्दछ भनी ईसाई आनन्दको सिद्धान्तले सामान्यरूपमा बताउँदछ। कष्टमा हुने आनन्दको यो बृहद् आत्मिक घटनालाई कुनै सानो वा प्रासङ्गिक वा चाह नगर्नुपर्ने कुराको रूपमा व्याख्या गर्नुचाहिँ ईश्वरनिन्दा गर्नुजस्तै हो। म होशियारीसाथ यो कुरा भन्दछु। पवित्र आत्मा आफैले यस्तो महान् कार्य गर्नुहुँदा र यसरी ख्रीष्टको सुपर्याप्ततालाई कष्टमा वृद्धि गराउनुहुँदा, "अरूको निम्ति कष्ट भोग्नु त स्वीकार्य नै हो, तर आनन्द खोज्नु त स्वीकार्य होइन" भन्नुचाहिँ ईश्वरनिन्दा गर्नुजस्तै हो। ख्रीष्टलाई महिमा दिने आश्चर्यकर्म कष्ट मात्र होइन, तर कष्टमा हुने आनन्द हो। अनि हामीले त्यसैलाई खोज्नुपर्दछ। १थिस्स. १:६, ७ मा पावल यसो भन्दछन्, "ठूलो कष्टमा पवित्र आत्माको आनन्दसाथ वचन ग्रहण गरेपछि तिमीहरू.... म्यासिडोनिया र अखैयामा भएका सबै विश्वासीहरूका निम्ति नमुना बन्यौ।" दुईवटा महत्वपूर्ण कुराहरू याद गर्नुहोस् : पहिलो, ठूलो कष्टमा हुने आनन्द पवित्र आत्माको काम हो; दोश्रो, यो अरूले पछ्याउनुपर्ने एउटा नमुना हो। परमेश्वरका आत्माले गर्नुहुने आश्चर्यकर्महरू असल वरदानहरू हुन् तर असल लक्ष्यहरू होइनन् भनेर ती आश्चर्यकर्महरूको महत्व घटाउनेहरूदेखि होशियार रहनुहोस्।

## सतावटमा आनन्द मनाउनुहोस्, तपाईंको इनाम ठूलो छ !

एक ईसाई भएर कष्टमा आनन्द मनाउने तरिकाहरू विभिन्न छन् भनी ईसाई आनन्दको सिद्धान्तले बताउँदछ। ती सबैलाई सबै कुराका लागि पर्याप्त परमेश्वरको अनुग्रहको अभिव्यक्तिको रूपमा खोजिनुपर्दछ। त्यस्तो

एउटा तरिकालाई येशूले मत्ती ५:११, १२ मा व्यक्त गर्नुभएको छ । "तिमीहरू धन्य हौ, जब मानिसहरूले मेरो कारणले तिमीहरूलाई निन्दा गर्नेछन्, सताउनेछन् र झूट बोली-बोली तिमीहरूका विरोधमा हर प्रकारको खराब कुरा गर्नेछन् । रमाओ र अत्यन्तै खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो छ" (सन्दर्भ, लूका ६:२२, २३) । पुनरुत्थान हुँदा हामीले पाउने ठूलो इनाममाथि ध्यान केन्द्रित गर्नुचाहिँ कष्टमा आनन्द मनाउने एउटा तरिका हो । यस प्रकारले ध्यान केन्द्रित गर्नुको कारणचाहिँ आउने पीडाको तुलनामा हाम्रो हालको पीडालाई सानो तुल्याउनु हो । "म ठान्दछु, यस वर्तमान समयका दुःखकष्टहरू त्यस महिमासँग तुलना गरिने योग्यका छैनन्, जो हामीमाथि प्रकट हुनेछ (रोमी ८:१८; सन्दर्भ, २कोरिन्थी ४:१६-१८) । कष्टलाई सहन सकिने बनाउँदा, हाम्रो इनामबारे आनन्द मनाउनुले प्रेम गर्न पनि सम्भव तुल्याउनेछ, जसरी हामीले अध्याय ४ मा हेर्‍यौं । "तिमीहरूका शत्रुहरूलाई प्रेम गर, र भलाइ गर, अनि फेरि केही पाउने आशा नगरीकन सापट देओ; र तिमीहरूको इनाम ठूलो हुनेछ" (लूका ६:३५) । गरिबप्रति दयालु हुनुहोस् "र तिमी धन्य हुनेछौ; किनभने तिनीहरूले तिमीलाई बदलामा केही दिन सक्दैनन्; किनकि धर्मीहरूको बौरिउठाइमा तिमीलाई बदला दिइनेछ" (लूका १४:१४) ।

## सङ्कष्टमा आनन्द मनाउनुहोस्, यसले निश्चयता बढाउँदछ !

कष्टले हाम्रो आशाको निश्चयतामा पार्ने प्रभावहरूले कष्टमा आनन्द मनाउने अर्को तरिका उत्पन्न गराउँदछन् । सङ्कष्टमा हुने आनन्दको जरा पुनरुत्थानको आशामा गाडिएको हुन्छ, तर हाम्रो कष्ट भोगाइले त्यो आशाको जरालाई झन् गहीरो पनि बनाइदिन्छ । उदाहरणको लागि, पावल यसो भन्दछन्, "हामी सङ्कष्टहरूमा पनि आनन्द मनाउँछौं; यो कुरा जानेर कि सङ्कष्टले धीरज, अनि धीरजले खारिएको गुण; र खारिएको गुणले आशा उत्पन्न गर्छ" (रोमी ५:३, ४) । यहाँ पावलको आनन्दको जरा उनको ठूलो इनाममा मात्र नभई त्यो इनामप्रतिको उनको आशालाई दृढ तुल्याउने कष्टको प्रभावमा पनि गाडिएको छ । सङ्कष्टले धैर्य र धैर्यले हाम्रो विश्वास वास्तविक र सत्य हो भन्ने भावना उत्पन्न गराउँदछ र हामीले वास्तवमै ख्रीष्टलाई प्राप्त गर्नेछौं भन्ने हाम्रो आशालाई त्यसले बलियो पार्दछ ।

खीष्टको निम्ति भोगिने शासनाको तीव्र पीडाका क्षणहरूलाई सहने तरिका रिचार्ड उम्ब्राण्डले व्याख्या गर्नुहुन्छ ।

तपाईंलाई यति धेरै यातना दिइन्छ कि तपाईंलाई कुनै पनि कुराको वास्ता हुँदैन । यदि कुनै पनि कुराको वास्ता हुँदैन भने, म जीवित रहनु वा नरहनुको पनि कुनै वास्ता हुँदैन । यदि कुनै पनि कुराको वास्ता हुँदैन भने, मैले पीडा भोग्नुहुँदैन भन्ने सत्यताको पनि कुनै वास्ता हुँदैन । तपाईं जुन अवस्थामा आइपुग्नुभएको छ, त्यहीँ नै यो अन्तिम निर्णय लिनुहोस् र तपाईंले विपत्तिको क्षणलाई पार गर्नुभएको तपाईंले देख्नुहुनेछ । यदि तपाईंले विपत्तिको यो एउटा क्षणलाई पार गर्नुभएको छ भने, यसले तपाईंलाई गहीरो भित्री आनन्द दिनेछ । त्यो निर्णायक घडीमा खीष्ट तपाईंसँग हुनुहुन्थ्यो भन्ने कुरा तपाईंले महसुस गर्नुहुन्छ ।[१५]

त्यो "गहीरो आनन्द" तपाईंले खीष्टको सहायताद्वारा पीडा सहनुभयो भन्ने भावनाबाट उत्पन्न हुन्छ । तपाईं आगोमा खारिनुभएको छ र तपाईं सक्कली प्रमाणित हुनुभएको छ । तपाईंले त्याग्नुभएन । खीष्ट तपाईंको जीवनमा वास्तविक हुनुभएको छ । तपाईंको निम्ति उहाँ सबै कुरामा पर्याप्त परमेश्वर हुनुहुन्छ, जस्तो हुँ भनी उहाँले दाबी गर्नुहुन्छ । प्रेरित ५:४१ अनुसार प्रेरितहरूले यही नै अनुभव गरेका थिए, जब पिटाइ खाएपछि "उहाँका निम्ति अपमानित हुने लायकका ठहरियौं भनेर रमाउँदै-रमाउँदै उनीहरू महासभाका सामुबाट निस्केर गए ।" परमेश्वरले तिनीहरूको विश्वास वास्तविक र सङ्कष्टको आगोमा खारिएर प्रमाणित हुन तयार छ भनी ठान्नुभएको थियो भन्ने सोचाइबाट नै त्यो आनन्द आएको थियो ।

## कष्टमा खीष्टसँगै आनन्द मनाउनुहोस्, यसले महिमामा पुऱ्याउँदछ !

हाम्रो आनन्द स्वयम् नै महिमामा पुऱ्याउने प्रमाणित बाटो हो भन्ने सत्यताबाट कष्टमा आनन्द मनाउने अर्को तरिका उत्पन्न हुन्छ । कष्टमा हुने आनन्द (१) हाम्रो इनाममाथि ध्यान केन्द्रित गर्नुबाट, (२) कष्टले हाम्रो शुद्धताको भावनालाई बलियो बनाउन त्यसमाथि पार्ने प्रभावबाट मात्र होइन, तर (३) कष्टमा हुने आनन्दले भविष्यको अनन्त आनन्द सुनिश्चित गर्नेछ

भन्ने प्रतिज्ञाबाट पनि आउँदछ । प्रेरित पत्रुसले यसलाई यसरी प्रस्तुत गर्दछन् : "जति तिमीहरू ख्रीष्टका दुःखहरूमा भागी हुन्छौं, उति नै आनन्द मनाओ; र उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि भारी आनन्दले आनन्दित हुन सक" (१पत्रुस ४:१३) । अहिले कष्टमा हुने आनन्द ख्रीष्ट प्रकट हुनुहुँदा आउने अन्तिम आनन्दको निम्ति तोकिएको मार्ग हो । पत्रुसले हामीलाई अहिले कष्टमा हुने आनन्द खोज्न लगाइरहेका छन् (उनले यो आज्ञा दिन्छन् !) जसले गर्दा ख्रीष्टको आमगनमा अत्यन्तै आनन्द मनाउनेहरूको माझमा हामी पनि पाइनेछौं ।

## अरूको निम्ति कष्ट भोग्दा आनन्द मनाउनुहोस्, तिनीहरूले ख्रीष्टलाई देख्दछन् !

कष्टमा आनन्द मनाउने चौंथो तरिका हामीले देखिसकेका छौं । हाम्रो कष्टद्वारा अरूले ख्रीष्टको महत्वलाई बुझिरहेका छन् र हामीले आगोमा पनि विश्वासलाई नत्यागेका कारण तिनीहरू प्रभुमा अटल रहिरहेका छन् भन्ने महसुस गर्नुबाट त्यो आनन्द उत्पन्न हुन्छ । पावलले थिस्सलोनिकीहरूलाई यसो भन्दछन्, "अब तिमीहरू प्रभुमा स्थिर भइ उभिन्छौ भने हामी जिउँछौं । तिमीहरूका निम्ति हाम्रा परमेश्वरका सामु जुन आनन्दले हामी रमाहट गर्दछौं, त्यो सबै आनन्दका निम्ति तिनीहरूका विषयमा हामी परमेश्वरलाई कुन धन्यवाद चढाउन सक्छौं र ?" (१थिस्स. ३:८, ९) । यही नै कलस्सी १:२४ को आनन्द हो, "म तिमीहरूका निम्ति मेरा दुःखहरूमा आनन्द मनाउँछु ।" अरूलाई ख्रीष्टको प्रेम र ख्रीष्टको महत्व देखाउनको लागि हामीले कष्ट भोग्दा, त्यसकै कारण विश्वासमा स्थिर रहने हरेक नयाँ विश्वासी सबै कुराको लागि पर्याप्त ख्रीष्टको महिमा परावर्तन गर्ने एक नयाँ, अद्वितीय प्रिज्म (सिसाको तिनपाटे वस्तु जसले प्रकाश परावर्तन गर्दछ) हुन्छ । हामीले तिनीहरूमा महसुस गर्ने आनन्द ख्रीष्टमा महसुस गर्ने आनन्दभन्दा भिन्न हुँदैन । ख्रीष्टको महिमा हाम्रो "महान् उपलब्धि" हो । यसैको निम्ति हामीले सबै कुराको हानि खेप्दछौं । अनि हाम्रो कष्टमा ख्रीष्टको सर्वोच्च महत्व देख्ने र विश्वास गर्ने हरेक व्यक्ति त्यो महान् महत्वको अर्को स्वरूप र प्रमाण हो - र त्यसकारण आनन्द मनाउने अर्को कारण हो ।

## संसारका सबैभन्दा खुशी मानिसहरू

येशू हिँड्नुभएको कलवरीको बाटो आनन्दविहीन बाटो होइन । यो पीडादायी बाटो हो, तर यो अत्यन्तै आनन्दमय बाटो पनि हो । हामीले मिशनहरू, सुसमाचार प्रचार, सेवकाइ र प्रेमका बलिदानहरू र कष्टहरूलाई छोडेर आराम र सुरक्षाका क्षणिक आनन्दहरूलाई रोज्दा, हामीले आनन्दको विरुद्धमा छनौट गर्दछौं । हामीले त्यो पानीको मूललाई अस्वीकार गर्दछौं जसको पानी कहिल्यै सुक्दैन (यशैया ५८:११) । संसारका सबैभन्दा खुशी मानिसहरू ती हुन् जसले "महिमाको आशा ख्रीष्ट तिनीहरूभित्र" को रहस्य अनुभव गर्दछन् (कलस्सी १:२७), जसले तिनीहरूका तीव्र चाहनाहरू पूरा गर्दछ र ख्रीष्टका सङ्कष्टहरू तिनीहरूका आफ्नै कष्टहरूद्वारा संसारलाई देखाउन तिनीहरूलाई स्वतन्त्र तुल्याउँदछ ।

परमेश्वरले हामीलाई ख्रीष्टको निम्ति जिउन र कष्टद्वारा त्यसो गर्न बोलाइरहनुभएको छ । ख्रीष्टले कष्ट रोज्नुभयो; यो अचानक उहाँमाथि आइपरेन । उहाँले यसलाई मण्डली स्थापना गर्ने र उनलाई सिद्ध तुल्याउने तरिकाको रूपमा रोज्नुभयो । अर्थात्, उहाँले हामीलाई मण्डलीप्रति सेवकाइ गर्न र उहाँका कष्टहरूलाई संसारसमक्ष प्रस्तुत गर्नको निम्ति हाम्रो क्रूस उठाउन, कलवरीको बाटोमा उहाँलाई पछ्याउन, आफैलाई इन्कार गर्न र बलिदानहरू गर्न बोलाउनुहुन्छ ।

ओपन डुर्स भनिने सेवकाइका निर्देशक दाजु एण्ड्रुऊ सन् १९६७ मा लिखित उहाँको पुस्तक 'गड्स स्मगलर' (God's Smuggler) को कारण अत्यन्त प्रख्यात हुनुहुन्छ । उहाँले ९० को दशकको मध्यतिर भएको ख्रीष्टको बोलावटलाई यसरी व्याख्या गर्नुहुन्छ :

> तपाईंले येशूको निम्ति साक्षी दिन चाहनुहुने संसारको कुनै पनि ठाउँमा एउटा पनि ढोका बन्द भएको हुँदैन.... मलाई एउटा बन्द ढोका देखाउनुहोस् र तपाईं त्यसभित्र प्रवेश गर्न सक्नुहुने तरिका म तपाईंलाई बताउनेछु । तैपनि त्यसबाट निस्कने तरिका बताउने प्रतिज्ञाचाहिँ म गर्नेछैनँ....

येशूले यसो भन्नुभएन ,"ढोकाहरू खुल्ला छन् भने जाओ," किनभने ती खुल्ला थिएनन् । उहाँले यसो भन्नुभएन्, "तिमीहरूलाई निमन्त्रणा गरिन्छ वा

रातो कार्पेट बिछ्याएर स्वागत गरिन्छ भने जाओ ।" उहाँले यसो भन्नुभयो, "जाओ" किनभने मानिसहरूलाई उहाँको वचन आवश्यक थियो....

हामीलाई मिशनहरूमा एउटा नयाँ विधि चाहिन्छ - एक सशक्त, परीक्षणात्मक, सुसमाचारीय, सीमाहीन विधि....अग्रगाम्मी आत्मा....

म डराउँदछु कि हामी खाँचो र धम्कीपूर्ण अवस्थाहरूको गहीरो खोँच भएर, रक्ताम्य बाटोहरू भएर जानुपर्नेछ; तर हामी त्यहाँ अवश्य पुग्नेछौं ।

हामी सेवकाइमा अटल हुन्छौं भने, परमेश्वरले हामीलाई बाधा पार्ने कुराहरू हटाइदिनुहुनेछ । यदि हामीले "हे प्रभु, कुनै पनि हालतमा...." भन्दछौं भने - र मानिसहरूले तबसम्म कहिल्यै त्यसरी प्रार्थना गर्नुहुँदैन, जबसम्म परमेश्वरले तिनीहरूको वचनअनुसार गर्नुहोस् भन्ने तिनीहरू वास्तवमै चाहँदैनन् - उहाँले जवाफ दिनुहुनेछ । जुन डरलाग्दो हुन्छ । तर हामीले त्यो प्रक्रिया पार गर्नुपर्दछ । यसरी नै यसले विगत दुई हजार वर्षसम्म बाइबलमा काम गरेको छ ।

त्यसैले हामीले अत्यन्तै कठिन अवस्थाहरूको सामना गर्दछौं, र हामीले त्यसलाई पार गर्नुपर्दछ....हामीले मण्डली बनाउँदछौं र ईसाईमत निर्माण गर्दछौं । अनि हामी मनतातो छौं भन्ने हामीले थाहा पाउँदैनौं....हामीले हाम्रो विश्वासको निम्ति मूल्य चुकाउनुपर्दछ । २तिमोथी ३:१२ पढ्नुहोस् : "हो, ख्रीष्ट येशूमा भक्तिपूर्वक जिउन चाहनेहरू सबै सतावटमा पर्नेछन् ।" अत्यधिक दबाब भएका देशहरूमा मण्डली ज्यादै खारिएका छन्....म यति मात्र भन्न सक्दछु कि तयार रहनुहोस् ।[१६]

## हाम्रो शक्तिलाई प्रमाणित गर्ने होइन, तर उहाँको अमूल्यपनलाई

यो बोलावटप्रतिको जवाफ ईसाई आनन्दको एउटा महत्वपूर्ण कदम हो । हामीलाई कष्ट रोज्न लगाइएको कारणले मात्र हामी त्यसो गर्दैनौं, तर हामीलाई त्यसो गर्न लगाउनुहुनेले नै यसलाई सदासर्वदा रहिरहने आनन्दको बाटोको रूपमा व्याख्या गर्नुभएकोले हामी कष्टलाई रोज्दछौं । हाम्रो कर्तव्यपरायणताको सामर्थ्यलाई प्रदर्शन गर्न, हाम्रो नैतिक सङ्कल्पको शक्ति प्रकट गर्न, वा हामीले पीडा सहन सक्ने क्षमताहरूलाई प्रमाणित गर्न नभई,

बरु, बच्चाको जस्तो विश्वासमा, उहाँका सबै कुराको लागि पर्याप्त प्रतिज्ञाहरूको असीमित अमूल्यपनलाई घोषणा गर्न उहाँले हामीलाई आज्ञाकारी भएर कष्ट भोग्न ईशारा गर्नुहुन्छ । मोशाले "थोरै समयसम्म पापको मोजमज्जा भोग्नुभन्दा बरु परमेश्वरका जनहरूसँग दु:ख भोग्नु नै रोजे....किनकि तिनको आँखा इनामतिर लागेको थियो" (हिब्रू ११:२५, २६) । त्यसकारण उनको आज्ञाकारिताले कष्ट भोग्ने सङ्कल्पलाई होइन तर अनुग्रही परमेश्वरलाई महिमित तुल्यायो ।

## ईसाई आनन्दको सार

यही नै ईसाई आनन्दको सार हो । कष्टद्वारा आनन्द खोज्ने कार्यमा, हामीले हाम्रो आनन्दको श्रोतको सर्वसन्तोषप्रदक महत्वलाई व्याख्या गर्दछौं । हाम्रो पीडाको सुरुङ्गको छेऊमा परमेश्वर स्वयम् नै चहकिलो गरी चम्कनुहुन्छ । कष्टमा हुने हाम्रो आनन्दको लक्ष्य र आधार उहाँ नै हुनुहुन्छ भनी हामी भन्दैनौं भने, हाम्रो कष्टको मूल अर्थ नै हराउनेछ । त्यो अर्थचाहिँ यो हो : परमेश्वर लाभ हुनुहुन्छ । परमेश्वर लाभ हुनुहुन्छ । परमेश्वर लाभ हुनुहुन्छ ।

मानिसको मुख्य लक्ष्य परमेश्वरलाई महिमा दिनु हो । अनि हामी परमेश्वरमा सबैभन्दा बढी सन्तुष्ट हुँदा, उहाँ हामीमा सबैभन्दा बढी महिमित हुनुहुन्छ भन्ने कुरा अन्य कतैभन्दा कष्टमा नै बढी साँचो हुन्छ । त्यसकारण मेरो प्रार्थना यही छ कि पवित्र आत्माले संसारभरिका आफ्ना जनहरूमाथि सबै कुरामा परमेश्वरको सर्वोच्चता खोज्ने तीव्र चाहना खन्याउनुहोओस् । अनि म प्रार्थना गर्दछु कि परमेश्वरमा आनन्द खोज्ने कार्य, जतिसुकै पीडादायी भए तापनि, परमेश्वरको सर्वोच्च र सर्वसन्तोषप्रदक महत्वको शक्तिशाली गवाही हो भन्ने कुरा उहाँले प्रष्ट पारिदिनुहोओस् । अनि त्यसैले हामीले "ख्रीष्टका कष्टहरूमा जो कमी थियो सो पूरा" गर्दा यसो नै होस् कि संसारका सम्पूर्ण मानिसहरूले ख्रीष्टको प्रेमलाई देखून् र विश्वासमा खुशी भएर उहाँको अनुग्रहलाई वृद्धि गराऊन् ।

## पादटिप्पणीहरू :

1. Richard Wurmbrand, *Reaching Toward the Heights* (Bartlesville, OK: Living Sacrifice Book, 1992), back cover.
2. Quoted by Philip Yancey in "Frozen Fire," *Christianity Today*, October 5, 1984, p 109.
3. Marvin Vincent, I.C.C. *Epistle to the Philippians and to Philemon* (Edinburgh: T. & T. Clark 1897), p. 78.
4. Joseph Tson, "A Theology of Martyrdom," an undated booklet of The Romanian Missionary Society, P.O. Box 527, Wheaton, IL, 60189057, p. 4.
5. Stephen Neil, *A History of Christian Missions* (Harmondsworth, Middlesex: Penguin Books Ltd., 1964), pp. 43, 44.
6. Quoted in "The Martyrdom of Polycarp," in *Documents of the Christian Church*, Henry Bettenson, ed., (London: Oxford University Press, 1967), p. 10.
7. "The Martyrdom of Polycarp," pp. 9,10.
8. "The Martyrdom of Polycarp," p. 11.
9. The Martyrdom of Polycarp," p. 12.
10. GeO{rge Otis Jr., *The Last of the Giants: Lifting the Veil on Islam and the End Times* (Grand Rapids: Chosen Books, 1991), pp. 261, 263.
11. Quoted in Joseph Tson, "A Theology of Martyrdom," p. 1.
12. See the examples in John Piper's *Let the Nations Be Glad: The Supremacy of God in Missions* (Grand Rapids: The Baker Book House, 1993), pp. 94-96. See almost any of the books by Richard Wurmbrand, for example, *Tortured for Christ* or *If That Were Christ, Would You Give Him Your Blanket?* or *Victorious Faith.* Other sources include *Called to Suffer, Called to Triumph* by Herbert Schlossberg and *God Reigns in China* by Leslie Lyall.
13. Joseph Tson, "A Theology of Martyrdom," p. 2.
14. "A Theology of Martyrdom," p. 3.
15. Richard Wurmbrand, "Preparing for the Underground Church," in *Epiphany Journal*, Vol. 5, No. 4, Summer 1985, p. 50.
16. Brother Andrew, "God's Smuggler Confesses," an interview with Michael Maudlin in *Christianity Today*, December 11, 1995, p. 46.

# सतावटका रूपरेखाहरू

## अध्ययन र प्रस्तुतिको लागि



मिल्टन मार्टिन

सम्पादित र संशोधित । मिल्टन मार्टिन मिशनरी मिनिष्ट्रिजको अनुमतिद्वारा प्रयोग गरिएको

**मिल्टन मार्टिन मिशनरी मिनिष्ट्रिज**

P.O. Box 1567
Route 2, Box 2624
Bettcn, TX 76513
(254) 933-9339

## मण्डलीको कार्यशैली

*(मत्ती १६:१८)*

१. ख्रीष्टले आफ्नो मण्डली स्थापना गर्नुभयो र आफ्नो कार्यलाई निरन्तरता दिन उनलाई आज्ञा दिनुभयो। (मत्ती १६:१८; २८:१८-२०)
   क. यदि हाम्रा भवनहरू सधैंको लागि बन्द हुन्छन् भने, के यसको अर्थ हाम्रो ईसाईमत अन्त्य हुन्छ भन्ने हुन्छ ?
   ख. प्राचीन मण्डलीहरूका मन्दिरहरू वा भवनहरू थिएनन्।

२. प्राचीन मण्डलीले गम्भीररूपमा सतावट भोगे। तिनीहरूले कस्तो प्रतिक्रिया जनाए ?
   क. तिनीहरू व्यक्तिगत घरहरूमा भेला हुन्थे। (प्रेरित ५:४२)
   ख. "साधारण ईसाईहरू" ले विश्वासयोग्यतापूर्वक आफ्नो गवाही प्रस्तुत गरे। (प्रेरित ८:१,४)
   ग. तिनीहरूले साक्षी र गवाही दिने हरेक मौकालाई सदुपयोग गरे। (प्रेरित १६:१२, १३)
   घ. तिनीहरूले चेलाहरूलाई सिकाए। (प्रेरित ११:२५, २६)
   ङ. तिनीहरूले मिलेर सेवा गर्दै सङ्गति गर्दथे। (प्रेरित २:४६, ४७)
   च. तिनीहरूले हरेक परिस्थिति र अवसरमा आराधना गर्दथे। (प्रेरित १६:२३-२५)

३. आराधना, सङ्गति र गवाहीका वैकल्पिक विधिहरू अवलम्बन गरियो।
   क. घरेलु मण्डलीहरू व्याप्त भए। (रोमी १६:३-५; १कोरिन्थी १६:१९)
   ख. सताइएका ईसाईहरू र "दर्ता नभएका" मण्डलीहरूले जन्मदिनहरू, विवाहहरू र दाहसंस्कारहरूलाई शरीरको रूपमा भेट्ने मौकाहरूको रूपमा प्रयोग गर्दछन्।
   ग. के तपाईं यस्ता कुनै स्वरूपहरू र विधिहरू प्रस्ताव गर्न सक्नुहुन्छ ?

४. सतावटको अवधिमा ईसाईहरू र मण्डलीहरूलाई पराजित गर्न शैतानले प्रयोग गर्ने केही माध्यमहरू।
   क. शैतानले पृथकीकरणलाई मण्डलीहरूविरुद्धको एउटा साधनको रूपमा प्रयोग गर्दछ।

ख. शैतानले दोष र अपराधहरूलाई मण्डलीहरूविरुद्धको हतियारको रूपमा प्रयोग गर्दछ ।
   १. शैतानचाहिँ "भाइहरूलाई दोष लगाउनेवाला" हो ।
   २. शैतानका दोषारोपणहरू अबिरल र कहिल्यै नटुङ्गिने हुन्छन् ।
   ३. पाप स्वीकार नगरिँदा झम्टिनको लागि दुष्टले निगरानी गर्दै पर्खिबस्छ ।
   ४. निरन्तर प्रभुभोज र प्रभुसँग सङ्गति गर्न ज्यादै ध्यान पुऱ्याउनुपर्दछ । (१यूहन्ना १:८-१०)
   ५. स्वीकार नगरिएका व्यक्तिगत अपराधहरू ज्यादै गम्भीर बन्दछन् र वृद्धि भएर "विशाल" समस्याहरू बन्न सक्दछन् ।
   ६. ईसाईहरूलाई पाप क्षमा भइसकेपछि पनि "झूटो दोष" बोकिराख्न लगाउन शैतानले सकेसम्म प्रयास गर्दछ । (रोमी ५:१, २; ८:३३, ३४)
   ७. शङ्का गर्दै "किन ?" भनी सोध्नुको सट्टा यसो भन्नुहोस्, "हे प्रभु, तपाईं मलाई के अह्राउनुहुन्छ ?"

## ईसाईहरूले सतावट भोग्नेछन्

*(१पत्रुस ४:१२-१९)*

१. कष्टको प्रतिज्ञा । (१पत्रुस २:२१; ४:१२; १थिस्स. ३:३, ४; प्रेरित १४:२२; २तिमोथी ३:१२; मर्कूस १३:९, १३; फिलिप्पी १:२९)
२. कष्टको उद्देश्य । (१पत्रुस ४:१२; "खार्ने परीक्षा," अय्यूब २३:१०; भ.सं. ६६:१०)
   क. हाम्रो विश्वासको प्रमाण
   ख. कुनै कुराको घोषणा गरिँदा, त्यसको वास्तविकतालाई प्रमाणित गर्नु आवश्यक हुन्छ ।
   ग. हाम्रो विश्वासको गहिराइको प्रमाण ।
      १. हामीलाई कुन कुराले विचलित पार्न वा पाखा लगाउन सक्नेछ ?
      २. हाम्रो विश्वासको सामर्थ्य प्रकट गर्न नदिने कुराको महत्व वा आकार ।
३. ख्रीष्टका कष्टहरूमा उहाँसँगै सहभागी हुनु । (१पत्रुस ४:१३)

वास्तवमा ईसाई खीष्टका कष्टहरूमा प्रवेश गर्दछ । त्यो क्रूस त हुनेछैन तर मानिसहरूका हातमा पर्नु हुन सक्दछ ।

क. प्रभुलाई अस्वीकार गरियो । (यूहन्ना १:१०, ११)
ख. प्रभुलाई घृणा गरियो । (यूहन्ना १५:२४; यशैया ५३:३)
ग. प्रभुले आफ्ना पिताको आरामदायी घर त्याग्नुभयो (यूहन्ना ३:१६)
घ. प्रभुको आफ्नै घर थिएन ।
ङ. प्रभुसँग कर तिर्ने समेत पैसा थिएन । (मत्ती १७:२७)
च. प्रभुसँग सुत्ने बिस्तारा थिएन ।
छ. प्रभुलाई झूटो आरोप लगाइँदा, उहाँको रक्षा गर्ने कोही थिएन । (१ पत्रुस २:२२, २३)
ज. प्रभुको आफ्नै चिहान थिएन । (यशैया ५३:९)
झ. प्रभु गरिब हुनुभयो ।
ञ. फिलिप्पी ३:१०; १पत्रुस २:२१; ४:१; गलाती २:२०; ६:१२, १७; प्रेरित ५:४१, हिब्रू १२:२; १थिस्स. २:२ ।

हाम्रो व्यवहार कस्तो हुनेछ ? (हिब्रू १२:२)

४. कष्टमा वा कष्टद्वारा आउने शक्ति । (१पत्रुस ४:१४)

कष्ट भोग्नेहरूमाथि पवित्र आत्मा वास गर्नुहुन्छ । पुरानो करारमा बादलचाहिँ परमेश्वरको उपस्थितिको सङ्केत थियो । यो बादललाई परमप्रभुको महिमाको रूपमा चिनिन्थ्यो (१राजा ८:१०, ११) । विश्वासीले खीष्टको निम्ति कष्ट भोग्दा पवित्र आत्माद्वारा त्यस्तै महिमा विश्वासीमाथि आउँदछ । आत्मा सेवकाइ गर्न आउनुहुन्छ - भर्न, छोप्न, ढाक्न, सम्हाल्न, जीवित राख्न, सहायता गर्न, शक्तिशाली तुल्याउन, अन्तरबिन्ती गर्न, र कमी पूरा गर्न । यो महिमा स्तिफनसमा देखिएको थियो (प्रेरित ६:५-८; ७:५५, ६०) । रात जति छिप्पिँदै जान्छ, ताराहरू त्यति नै चम्किला हुँदै जान्छन् (२कोरिन्थी १२:९, १०) ।

कष्टमा हुने खतराहरू । (१पत्रुस ४:१४-१६)

क. खीष्टको निम्ति कष्ट भोग्नु र हाम्रा आफ्नै दोष वा मूर्खताको निम्ति कष्ट भोग्नुबीच भिन्नता हुन्छ ।
ख. लाज । (हिब्रू २:११)

ग. आनन्द र धन्यवादिताको सट्टा कटुता। (प्रस्थान १५:२३, २४; १६:२; १थिस्स. ५:१६-१८)

६. कष्टद्वारा शुद्धीकरण। (१पत्रुस १:७; ४:१२)

क. कष्टलाई "मैला" शुद्ध पार्न, पखाल्न, डढाउनको निम्ति प्रयोग गर्न सकिन्छ।

ख. कष्ट आफैले खार्न वा शुद्ध पार्न सक्दैन। परमेश्वरको अनुग्रहले मात्र खार्न वा शुद्धीकरण उत्पन्न गराउन सक्दछ, तर कष्टले हामीलाई हाम्रो आवश्यकता चिनाइदिन सक्दछ।

१. हाम्रो आफ्नै सामर्थ्यले केही पनि गर्न सकिँदैन भन्ने कुरा कष्टले हामीलाई बुझाइदिन सक्दछ।

२. कष्टले हामीलाई पापप्रति सम्वेदनशील बनाइदिन सक्दछ।

ग. कष्टद्वारा हामीले प्रभुमाथि पूर्णतया निर्भर हुन सिक्न सक्दछौं। (२कोरिन्थी १२:९, १०)

घ. तपाईंले कस्तो व्यवहार गर्नुहुनेछ ? हाम्रा प्राणहरूलाई परमेश्वरप्रति सुम्पनुपर्दछ। (१पत्रुस ४:१९; प्रेरित ७:५९; लूका २३:४६)

## विश्वासीको जीवनमा हुने कष्टको भूमिका

कष्ट सबैले भोग्नुपर्दछ (अय्यूब ५:६, ७)। एक ईसाईले कष्ट भोग्नु पनि सामान्य कुरा नै हो (२तिमोथी ३:१२; प्रेरित १४:२२; १पत्रुस २:२१)।

सतावटका तहहरू हुन्छन् : दबाब, अपमान, भेदभाव, धम्कीहरू, भौतिक सम्पत्तिहरूको गुमाहट वा शारीरिक हिंसा।

१. सामान्य गलत धारणहरू।

क. कष्ट कुनै गल्ती वा पापको सजायँ हो। (१पत्रुस ४:१९; ३:१४; ४:१६)

ख. हामी कहिल्यै दुःखित हुनुहुँदैन भन्ने सोचाइ। (१पत्रुस १:६)

ग. ईसाईहरूले मात्र कष्ट भोग्दछन् भन्ने सोचाइ। (उत्पत्ति ३:१६-१९)

घ. कष्टप्रतिको अनुचित मोह।

ङ. कष्टप्रतिको अनुचित डर।

२. बाइबलले कष्टबारे बताउने कुराहरू।

क. ईसाईहरूले कष्ट आइपर्ने आशा गर्नुपर्दछ । (यूहन्ना १५:१८-२१; १७:१४; १यूहन्ना ३:१३)
ख. कष्ट हामीप्रतिको परमेश्वरको इच्छा हुन सक्दछ । (१पत्रुस ४:१६; २:२१)
ग. परमेश्वरको सन्तानको जीवनमा आउने कष्टको एउटा उद्देश्य हुन्छ । (१पत्रुस १:६, ७; २कोरिन्थी १२:७-१०)
घ. हामीले धार्मिकताको खातिर कष्ट भोग्नुपर्दछ । (मत्ती ५:१०; १पत्रुस ४:१५)
ङ. परमेश्वरले उचित कष्टलाई आशिष दिनुहुन्छ । (मत्ती ५:१०-१२; लूका ६:२२, २३)
च. कष्टले हामीलाई स्वर्गतर्फ हेर्न लगाउँदछ (रोमी ८:१६-१८; कलस्सी ३:१-३)
छ. हामी कष्टबारे शर्माउनु वा लज्जित हुनुहुँदैन । (१पत्रुस ४:१६; हिब्रू १३:१२, १३)
ज. हामीले ख्रीष्टको उदाहरण पछ्याउनुपर्दछ । (१पत्रुस २:१९-२५)
झ. हामीले कष्टमा पर्दा प्रभुको जस्तै व्यवहार गर्नुपर्दछ । (मत्ती ५:३८-४८; रोमी १२:१४, १७-२१; १पत्रुस २:२१-२३)
ञ. हामी विजयी हुन सक्दछौं । (यूहन्ना १६:३२)

३. कष्टको निम्ति तयारी गर्नुहोस् ।
क. यो सामान्य हो भन्ने बुझ्नुहोस् । (१पत्रुस ४:१२; फिलिप्पी १:२९)
ख. परमेश्वरको वचनको शिक्षा थाहा पाउनुहोस् । (फिलेमोन ३:१०; रोमी ६:३-५; यूहन्ना ८:३१, ३२)
ग. ख्रीष्टमा रहिरहनुहोस् । (यूहन्ना १५:४)
घ. पवित्र आत्माप्रति दिनहुँ समर्पित हुनुहोस् । (एफिसी ५:१८; ४:३०)
ङ. परमेश्वरको इच्छा बुझ्नुहोस् । (एफिसी ५:१७; हिब्रू ४:१, ९-११)
च. तपाईं र तपाईंका भाइहरूले कष्ट भोग्नुहुँदा, तिनीहरूलाई सुधार गर्नुहोस् । (कलस्सी ३:१६, १७; एफिसी ५:१९-२१)

## मण्डलीहरूप्रति आक्रमण हुन सक्ने तरिकाहरू

१. सतावटको केन्द्र । (यूहन्ना १५:१८-२१, कलस्सी १:२४-२७)

आक्रमण हाम्रा प्रभुविरुद्ध नै हुँदै आएको छ र सदैव हुनेछ।

२. विजेताको भाषा ।

क. एक विजेताका एकत्र पार्ने वचनहरू - "विजय पाउनु ।" (प्रकाश २:७, ११, १७, २६; ३:५, १२, २१)

ख. विजयको रहस्य । (प्रकाश १२:११)

१. "थुमाको रगतद्वारा ।" (प्रकाश १२:११क)

(नोट : रगतको महत्वबारे अध्ययन गर्नुहोस् ।)

क. परमेश्वरसँग मिलाप ।

ख. हाम्रो विवेकसँग मिलाप ।

ग. जीवनमा शक्ति ।

घ. यो हतियार हराएको छ :

१. उदारवादी ईश्वरशास्त्रद्वारा - रगत छैन ।

२. छुटकाराको ईश्वरशास्त्रद्वारा - क्रूस छैन ।

३. बोझविहीन प्रचारद्वारा - शक्ति छैन ।

२. "तिनीहरूको गवाहीको वचनद्वारा ।" (प्रकाश १२:११ख)

क. शैतानले हामीलाई हाम्रो मुख खोल्न नदिएर वा हाम्रो गवाही र विश्वासयोग्यता गुमाउन लगाएर विजयदेखि बञ्चित पार्ने प्रयास गर्दछ ।

ख. त्यहाँ "आन्तरिक शत्रु" पनि हुन्छ ।

१. झूण्डहरूबीच फूट ।

२. डर ।

३. अविश्वास ।

४. प्रेमको अभाव ।

५. मानिसहरू र प्राणहरूमाथि केन्द्रित नभई अन्य विषयहरूमा अल्झिनु ।

ग. हाम्रा परिवारको हेरचार गर्न नसक्नु ।

घ. योजनाहरू र परियोजनाहरू जुन परमेश्वरको इच्छा होइनन् ।

ङ. हाम्रो जीवनलाई असुन्तलित बनाइदिने कुनै पनि कुरा ।

३. "मृत्युसम्म उनीहरूले आफ्ना प्राणहरूलाई प्रेम गरेनन् ।" (प्रकाश १२:११ग)

क. शब्दकोषमा "सम्झौता" शब्द नै छैन ।

ख. कष्ट भोगेका ईसाईहरूका उदाहरणहरू ।

ग. शारीरिक जीवन मात्र सङ्लग्न हुँदैन । महत्वाकांक्षाहरू, ओहोदा, र अधिकारहरूप्रति मर्नु आवश्यक हुन सक्दछ ।

३. साधारण चिन्हहरू ।

सतावट कुनै प्रकारको खोल वा तोकेर भन्नुपर्दा, हरेक राष्ट्रमा हुने कुनै बृहद् कुरा होइन, चाहे त्यो साम्यवादी, धार्मिक राष्ट्र होस् वा अन्य कुनै एकदलीय सरकार भएको राष्ट्र नै होस् । तैपनि सतावट शुरू हुन सक्ने अवस्थाका केही साधारण चिन्हहरू हुन्छन् ।

क. सुसमाचार प्रचारमा अवरोधहरू ।

१. ईसाईहरूलाई यात्रा गर्न वा चाहेअनुसार काम गर्न अनुमति दिइँदैन ।

२. रेडियो र टिभीका सम्पूर्ण ईसाई कार्यक्रमहरू बन्द गरिन्छन् ।

३. मण्डली भवनहरूभन्दा बाहिर कुनै पनि धार्मिक सभाहरू गर्न प्रतिबन्ध लगाइन्छ ।

४. आराधनाका समयहरूको निम्ति अनुमति लिइनुपर्दछ । ती निश्चित समयहरूबाहेक अन्य समयमा भेला हुन पाइँदैन ।

५. सरकारी सुराकीहरू वा गुप्तचरहरू सबै सेवाहरूमा उपस्थित हुन्छन् ।

ख. बाइबलहरू र ईसाई पुस्तकहरूको आयातमा प्रतिबन्ध लगाइन्छ ।

१. यस्ता छापिएका सामग्रीलाई अनावश्यक मानिन्छ ।

२. कति पटक बाइबललाई अश्लील सामग्रीकै वर्गमा राखिएको थियो ।

ग. विदेशी मिशनरीहरूलाई देशनिकाला गरिन्छ ।

१. स्थानीय नागरिकहरू मात्र सेवक हुन पाउने कानूनद्वारा ।

२. विदेशीहरूलाई त्यस देशमा काम गर्न प्रतिबन्ध लगाइने कानूनद्वारा । अन्य राष्ट्रहरूमा, कुनै विदेशी सीमित अवधिको निम्ति बस्न वा निश्चित तोकिएका क्षेत्रहरूमा मात्र यात्रा गर्न अनुमति पाउने पर्यटक मात्र हुन सक्दछ ।

३. विदेशीहरूलाई प्रत्यक्षरूपमा धम्की दिएर र हिंसाद्वारा ।

घ. ईसाई अगुवाहरूलाई धम्की दिइन्छ र गम्भीररूपमा भेदभाव गरिन्छ ।

१. पत्राचारमा निगरानी राखिन्छ र पाष्टरहरूलाई सीमित विषयहरूमा मात्र बोल्न दिइन्छ ।

क. यदि वेदीहरूबाट कुनै राजनैतिक कुरा उल्लेख मात्र गरिन्छ भने, मण्डलीहरूको करमुक्त अवस्था हटाइनेछ ।

ख. सरकारले पाष्टरहरूका बालबालिकालाई खोसेर लैजाने धम्कीहरू दिएर तिनीहरूलाई "सीमित" पार्दछ ।

२. पाष्टरहरूलाई तिनको सम्पूर्ण समय सेवकाइमा समर्पण गर्न अनुमति दिइँदैन ।

क. "तिनीहरू समाजका सिर्जनशील सदस्यहरू बन्नुपर्दछ ।" यसको अर्थ यो हो कि तिनीहरू दुवैतर्फ दक्ष हुनुपर्दछ ।

ख. तिनीहरूलाई तिनीहरूको सम्पूर्ण सामर्थ्य र समय खर्च हुने कामहरूमा नियुक्त गरिन सक्दछ ।

३. पाष्टरहरूलाई आफ्ना सदस्यहरूको घरमा गएर भेट्न वा सुसमाचारीय पुस्तक-पुस्तिकाहरू वितरण गर्न अनुमति दिइँदैन ।

४. मण्डलीहरूलाई टाइप गर्ने मेशिन, कम्प्युटरहरू वा छाप्ने यन्त्रहरू राख्न अनुमति दिइँदैन ।

५. पाष्टरहरूलाई भयभित पार्ने दाउपेचहरूद्वारा प्रभावित तुल्याइन सक्दछ ।

क. तिनीहरूलाई केरकार गर्न बोलाइन सक्दछ ।

ख. तिनीहरूलाई सरकारका निश्चित "सिद्धान्त सिकाउने" कक्षाहरूमा सहभागी हुन बाध्य पारिन सक्दछ ।

ग. तिनीहरूलाई दबाब वा प्रलोभनको रूपमा "लोभ्याउने" विशेष प्रस्तावहरू दिइन सक्दछ ।

१. यो कार्य विशेष सुअवसरहरूको रूपमा गरिन सक्दछ ।

२. तिनका छोराछोरीलाई ईसाईहरूलाई सीमित पारिएका शैक्षिक संस्थामा नभई अन्य कलेज वा अन्य सीप सिकाउने संस्थाहरूमा भर्ना गराइदिने स्वरूपमा यो कार्य गरिन सक्दछ ।

घ. घरमा अघोषितरूपमा छापा मारेर तिनीहरूलाई दिक्क पारिन सक्दछ ।

ङ. तिनीहरूका सेवाहरूमा सरकारी अधिकारीहरू आएर आक्रमण गर्न सक्दछन् ।

६. पाष्टरहरूलाई देशको कुनै दुर्गम र टाढाको स्थानमा काम गर्न खटाइन सक्दछ ।
   क. त्यसको उद्देश्य तिनीहरूलाई तिनका जनहरू र अन्य ईसाईहरूदेखि अलग्ग्याउनु हो ।
   ख. तिनीहरूलाई ज्यादै तल्लो दर्जाको र अपमानपूर्ण कामहरू दिइन सक्दछ ।

७. पाष्टहरूलाई गिरफ्तार गरिन्छ र "पुनः शिक्षा दिइन्छ ।"
   क. यसमा यातना पनि समावेश हुन सक्दछ ।
   ख. तिनीहरूलाई लाजमा पार्न सकिन्छ ।
   ग. तिनीहरूमाथि झूटो आरोप लगाइन्छ र गलत साक्षी दिइन्छ ।

ङ. मण्डलीहरूलाई दर्ता हुन बाध्य पारिन्छ ।
   १. मण्डलीका सम्पूर्ण अगुवाहरू राज्यद्वारा अनुमोदित हुनुपर्दछ ।
   २. सम्पूर्ण प्रवचनहरू लेख्नुपर्दछ र तिनलाई प्रचार गर्नुभन्दा पहिला निश्चित व्यक्तिहरू वा विभागहरूद्वारा पुनरावलोकन गराइनुपर्दछ ।
   ३. पाष्टरहरूलाई प्रचार गर्न अनुमति दिइनुभन्दा पहिला निश्चित बुँदाहरूमा हस्ताक्षर गर्नुपर्दछ । (उदाहरण : "उद्धार नगरिएकाहरूलाई सुसमाचार सुनाउन कुनै प्रयास गरिनेछैन ।")

च. सम्प्रदायहरूलाई एकिकृत हुन बाध्य पारिन्छ ।
   १. सम्प्रदायहरूको सङ्ख्या सीमित पारिन्छ ।
   २. सबैलाई राष्ट्रिय ईसाई परिषदको मातहतमा ल्याइन्छ ।
   ३. पूर्णतया राष्ट्रिय मण्डली "सृजना" गरिन्छ ।

छ. ईसाईहरूको निम्ति शैक्षिक र सीपमूलक अवसरहरू सीमित पारिन्छ ।
   १. निश्चित जवान समूहहरूका सदस्यहरूलाई मात्र विश्वविद्यालयमा पढ्न अनुमति दिइन्छ ।
   २. कुनै पनि ईसाई डाक्टर, कानून व्यवसायी, प्राध्यापक वा समाजसेवी हुन पाउँदैन ।
   ३. ईसाईहरूले आफ्नो सीप वा जागीरमा छनौट गर्न पाउँदैनन् ।

ज. १८ वर्षमुनिका मानिसहरूलाई धार्मिक शिक्षा दिन प्रतिवन्ध लगाइन्छ ।
   १. घरमा पढाउन अनुमति दिइँदैन ।
   २. जवान ईसाईहरूलाई नास्तिकवाद, क्रमविकास, यौन शिक्षा र "वैकल्पिक जीवनशैलीहरू" सम्बन्धी "विशेष शैक्षिक" कक्षाहरूमा उपस्थित हुन बाध्य पारिन्छ ।
   ३. कानून उल्लङ्घन गर्ने अभिभावकहरूदेखि तिनका छोराछोरीहरू खोसिन्छ ।

झ. ईसाईहरूलाई आपसमा सहायता गर्न प्रतिबन्ध लगाइन्छ । परिवारको एक सदस्यलाई गिरफ्तार गरिँदा, उक्त परिवारले निश्चित "अधिकारहरू" वा "अवसरहरू" गुमाउँदछ ।
   १. यसले उपचार, आवास वा खाद्यान्नको अधिकारलाई पनि समेट्न सक्दछ ।
   २. उक्त परिवारलाई सङ्गी विश्वासीहरू वा नजिकका नातेदारहरूसँग समेत मिलजुल गर्न अनुमति नदिएर अलग राखिन्छ ।

ञ. मण्डलीहरू बन्द गरिन्छन् ।
   १. मण्डली भवनहरूलाई अन्य प्रयोजनको निम्ति प्रयोग गरिन्छ ।
   २. ईसाईहरूलाई अलगग्याउनको निम्ति दुर्गम वा अन्य क्षेत्रहरूमा "खटाइन्छ ।"
   ३. ईसाईहरूलाई अन्य विश्वासीहरूसँग सम्पर्क राख्न दिइँदैन ।

४. धेरैजना ईसाईहरूले यो कुरा आफूहरूलाई कहिल्यै आइपर्नेछैन भन्ने दृढ विश्वास गर्दछन् ।
   क. कुनै कारणले तिनीहरूले आफूलाई मुक्त ठान्दछन् ।
   ख. "र्‍याप्चर" बारे भिन्न व्याख्याहरू भए तापनि, यो छुट दिने बुँदा होइन । परमेश्वरले हामीमाथि सतावट आउन दिनुहुनेछैन भनी विश्वास गर्ने हामीसँग कुनै अधिकार छैन ।

५. विश्वासीहरूको लागि वर्तमान शिक्षाहरू ।
   क. हाम्रो जाति र यसका अगुवाहरूको निम्ति पहिला कहिल्यै नगरेको तरिकाले प्रार्थना गर्नुहोस् । (१तिमोथी २:१-४; रोमी १३:१-७)
   ख. ख्रीष्टको निम्ति एक विजयी हुने अठोट गर्नुहोस् । (प्रकाश १२:११)

## सतावटका केही सम्भावित रूपहरू

*(१पत्रुस २:१९-२४)*

कष्ट हरेक सच्चा विश्वासीको जीवनको एउटा हिस्सा हो। हामीले कम्तिमा पनि ३३ सम्भावित तरिकाले कष्ट भोग्न सक्दछौं।

१. धार्मिकताको निम्ति। (मत्ती ५:१०, १पत्रुस ३:१४)
२. झूटो निन्दाद्वारा (खराब प्रतिवेदनद्वारा)। (भ.सं. ३१:१३; अय्यूब १९:१८; ५५:१२-१४, लूका ६:२२)
३. लाज। खुल्ला शर्म, बेइज्जत वा अपमान। हाम्रा प्रभुलाई वैवाहिक सम्बन्धबिना नै गर्भधारण भई जन्मिनुभएको भनी आरोप लगाइएको तरिका; साथै, उहाँको नग्नतालाई क्रूसमा खुल्लारूपमा प्रदर्शन गरिएको तरिका। (हिब्रू १३:१३; ११:२६)
४. झूटो आरोप लगाइएको। (भ.सं. ३५:११; २७:१२; मत्ती ५:११, लूका २३:२, ५, १०, मर्कूस १४:५५-६०; प्रेरित ६:१३; १६:१९-२३; २६:२, ७)
५. धोका, परिवन्द, दाउपेचहरूद्वारा र दोष लगाउने तरिकाहरू खोजेर पासोमा पार्नु। (दानियल ६:४, ५, लूका ११:५४, मत्ती १०:१६-१८)
६. षडयन्त्रको उद्देश्य। (२शमूएल १५:१२; उत्पत्ति ३७:१८; २कोरिन्थी ११:३२; प्रेरित ९:२३)
७. गिल्ला गरिएको (भ.सं. ४२:३) - घृणा गर्नु, खिसी गर्नु, हाँसो उडाउनु, उपहास गर्नु। (अय्यूब १२:४; मत्ती २७:२९, ३१, ४१; प्रेरित २:१३; १७:१८, ३२; हिब्रू ११:३६)
८. धोका दिइएको - विश्वासघात गरिएको। (मत्ती २४:१०; लूका २१:१६, भ.सं. ४१:९)
९. घृणा गरिएको - तिरस्कार गर्नु, अवहेलना गर्नु, तुच्छ सम्झनु, अनादर गर्नु। (१कोरिन्थी १:२८; ४:१०ग)
१०. परिवारद्वारा घृणित। (मत्ती १०:२१, ३४-३६; मीका ७:६; लूका २१:१६)।
११. मानिसहरूद्वारा घृणित। (लूका २१:१७; मत्ती १०:२२; अय्यूब १९:१९)
१२. चरित्रहत्या, अपमानजनक लेख, बदनाम, खराब प्रतिवेदन। (भ.सं. ३१:१३; अय्यूब १९:१९, १पत्रुस २:१२, १कोरिन्थी ४:१३)
१३. आफ्नै मानिसहरूदेखि डराएको। (प्रेरित ९:२६)

१४. विशेष परीक्षाहरूमा पर्नु। (१कोरिन्थी ४:९-१४; २कोरिन्थी ११:२३-२८)
१५. कैदमा हालिएको। (लूका २१:१२; प्रेरित ४:३; ५:१८; १२:४, १६:२४; २कोरिन्थी ६:५; ११:२३ग; हिब्रू ११:३६ख)
१६. पिटिएको। (प्रेरित ५:४०; १६:२३; २ कोरिन्थी ६:५; ११:२४; मत्ती १०:१७)
१७. खण्डन गर्नु। (प्रेरित १३:४५)
१८. कसैको विरुद्ध भड्काइएको। (प्रेरित ६:१२; १३:५०; १४:२, १९; १९:२३, २५, २६, २९; २१:२७)
१९. अधिकारीहरूको सामु आरोप लगाइनु। (प्रेरित १८:१२; मत्ती १०:१७, १८)
२०. धम्की दिइएको। (प्रेरित ४:१८, २१; ५:४०)
२१. ढुङ्गाले हिर्काइएको। (प्रेरित ७:५८, ५९; १४:१९; २ कोरिन्थी ११:२५; हिब्रू ११:३७)
२२. सङ्कष्टहरू। (२तिमोथी ३:११; भ.सं. ३४:१९)
२३. निष्कासन। (प्रेरित १३:५०; यूहन्ना १६:२क)
२४. थकान, उच्च थकावट। (२कोरिन्थी ११:२७)
२५. भोक र तिर्खा। (२कोरिन्थी ११:२७, १कोरिन्थी ४:११)
२६. रमिता। (१कोरिन्थी ४:९; प्रेरित ९:१६; २०:२३, २१:११; हिब्रू १०:३३क)
२७. भौतिक आवश्यकताको अभाव। (१कोरिन्थी ४:११; २कोरिन्थी ६:४; फिलिप्पी ४:१२; हिब्रू ११:३७)
२८. शहादत। (लूका २१:१६; प्रेरित ७:५९; १२:२; यूहन्ना १६:२)
२९. सङ्कष्टहरू। (२तिमोथी १:८; ४:५; मत्ती २४:९; भ.सं. ३४:१९, २कोरिन्थी ४:१७, ६:४, हिब्रू १०:३२, ३३; ११:२५, ३७, कलस्सी १:२४; १थिस्स. १:६; ३:७, याकूब ५:१०)
३०. गरीबी। (२कोरिन्थी ६:१०; फिलिप्पी ४:१२)
३१. सम्पत्ति र भौतिक सामानको नोक्सानी। (हिब्रू १०:३४ख)

## सतावटमा विजय पाउनको निम्ति आवश्यक पर्ने केही कुराहरू

१. नयाँ करारअनुसार आत्मिक अगुवाहरू छान्नुहोस् र चेला बनाउनुहोस्। (प्रेरित १४:२१, २२; तितस १:५)

क. अगुवाहरू आफ्नो ओहोदाको कारण घमण्डी भएका थिएनन् । (१तिमोथी ३:६; १पत्रुस ५:३)

ख. अगुवाहरू सच्चा सेवकहरू थिए । (१पत्रुस ५:२; यूहन्ना १३:१४-१७)

ग. अगुवाहरू मानिसहरूबीच परिचित थिए ।

घ. अगुवाहरू ईसाईहरूले मात्र नभई सबैले चिनेका, इमान्दार र निष्कपट मानिसहरू थिए ।

ङ. अगुवाहरूमा विशेष वीरता र साहस थियो जसले तिनीहरूलाई सच्चा रहन सक्षम तुल्यायो ।

२. चेला बनाउन समय खर्चनुहोस् । (२तिमोथी २:२)

क. परमेश्वरद्वारा चुनिएकामध्ये सीमित मानिसहरूलाई चेला बनाउनको निम्ति छान्नुहोस् । (लूका ६:१२)

ख. आफ्ना चेलाहरूसँग समय बिताउनुहोस् । (मर्कूस ३:१४)

ग. तिनीहरूलाई उदाहरणद्वारा सिकाउनुहोस् । (१कोरिन्थी ४:१५, १६; फिलिप्पी ४:९; यहून्ना १३:१४-१७)

घ. सरल, प्रष्ट निर्देशनहरू दिनुहोस् । (प्रेरित २०:२६, २७)

ङ. गृहकार्यहरू जाँच गर्नुहोस् ।

च. तिनीहरूलाई जवाफदेहिता र चरित्रको विकासबारे सिकाउनुहोस् । (१तिमोथी ४:१२-१६)

छ. तिनीहरूको निम्ति नाम तोकेरै विशेषरूपमा दिनहुँ अन्तरबिन्ती गर्नुहोस् । (एफिसी १:१६; फिलिप्पी १:३-६; कलस्सी १:३)

३. हाम्रा परिवारहरू सुरक्षित हुनुपर्दछ ।

क. हरेक सदस्यले उद्धार पाएको छ र ख्रीष्ट प्रभु हुनुहुन्छ भन्ने कुरा निश्चित गर्नुहोस् । (कलस्सी १:१९-१३; २कोरिन्थी १३:५; रोमी ८:१-१४)

ख. हाम्रा छोराछोरी प्रत्येकलाई तिनीहरूमाथि आइपर्ने आँधीका बादलहरूको निम्ति तयार पार्नुहोस् । (व्यवस्था ६:४-९, २०-२५; ११:१८-२१; ३०:२; हितोपदेश ६:२०-२४; यहोशू २४:१४, १५)

ग. परिवारलाई सदैव उपलब्ध हुने बाइबल र ईसाई सामग्री जम्मा गर्नुहोस् ।

घ. कम भाग्यमानीलाई दिन कहिल्यै नबिर्सनुहोस् । (रोमी १२:९-१८; १३:८; १५:१; १कोरिन्थी १६:१; प्रेरित २०:३५; गलाती ६:२)

४. खीष्टको निम्ति निरन्तर साक्षी दिने बैकल्पिक तरिकाहरू र विधिहरू खोजी गर्नुहोस् । (मत्ती १६:१८)
   क. जवानहरूलाई सक्रिय बनाइराख्नुहोस् र सङ्लग्न गराउनुहोस् ।
   ख. अरूको कष्टबारे सम्भव भएसम्म सबै कुरा थाहा पाउनुहोस् र तिनीहरूलाई भेट्नुहोस् । (हिब्रू १३:३)
   ग. सबैलाई, विशेषगरी खाँचो परेको समयमा, हेरचाह गरेर वास्तविक प्रेम देखाउनुहोस्; उदाहरणको लागि, खाना, वास्ता, बिरामी हुँदा भेटघाट गर्नु, विशेष आवश्यकता, मृत्युहरू । (मत्ती २५:३५-४०; ५:४३-४५; याकूब १:२७; २तिमोथी १:१६-१८; रोमी १२:२०)
   घ. कटुताहरू कत्ति पनि आउन नदिनुहोस् । (रोमी १२:१४, १७, १९, २१; मत्ती ५:३८-४८)
   ङ. खराबीको बदला खराबी नगर्नुहोस् । (मत्ती ५:४४; लूका २३:३४; प्रेरित ७:६०; १कोरिन्थी ४:११-१३; १पत्रुस २:२३)
   च. हाम्रा शत्रुहरूको निम्ति प्रार्थना गर्नुहोस् । (मत्ती ५:४४)

## रात आउँछ, तब कसैले काम गर्न सक्दैन

*(यूहन्ना ९:४)*

दाबीहरू गरिइरहेका भए तापनि, अझै पनि ४० भन्दा बढी राष्ट्रहरू सुसमाचार प्रचारको निम्ति “बन्द” छन् । अन्य राष्ट्रहरू धार्मिक स्वतन्त्रता र अन्य स्वतन्त्रताहरू गुमाउने ठूलो खतरामा छन् । ती राष्ट्रहरूका प्राणहरूको अवस्था कस्तो हुनेछ ? यर्मिया ८:२० तिनीहरूको पुकारा र द्बिविधा हो । हामीले “दिन हुँदा-हुँदै” हामीलाई “पठाउनुहुनेका कामहरू गर्नुपर्दछ” (यूहन्ना ९:४) ।

१. खीष्टका वचनहरूलाई मनन् गरेर ।
   क. “रात” शब्दको अर्थ के हुन सक्दछ ? कुनै स्थानमा वा कहीं पनि खीष्ट अनुपस्थित हुनुचाहिँ त्यो स्थानमा “रात” (अन्धकार - ज्योतिको अभाव) हुनु समान हो ।
      १. मानिसहरूले सुसमाचारलाई र खीष्टको उद्देश्यलाई विरोध गर्दा, “रात” पर्दछ । (मर्कूस ५:१७)

२. जब धर्म तीव्र चाहना, आक्रोशले बल्दछ र त्यसले परमेश्वरलाई आक्रमण गर्दछ, तब "रात" पर्दछ । धार्मिक यहूदीहरूले ख्रीष्टलाई क्रूसमा टाँगेका थिए । (मत्ती २७:२०-२५)
३. विश्वासीको जीवनमा पापलाई आउन अनुमति दिइँदा र त्यसलाई स्वीकार नगरिँदा र नत्यागिँदा, "रात" पर्दछ । (१यूहन्ना १:५, ६)
४. ख्रीष्ट आफ्नैका निम्ति फर्किआउनुहुँदा, धेरैजनाको निम्ति "अनन्त रात" पर्नेछ । (मत्ती २४:३०, ३१)

ख. "काम" शब्दको अर्थ के हुन सक्दछ ?
१. परमेश्वरको इच्छाप्रतिको आज्ञाकारिता भनेको "मलाई पठाउनुहुनेका कामहरू" गर्नु हो । (यूहन्ना ९:४)
२. हामीले ख्रीष्टलाई हामीमा र हामीद्वारा काम गर्न अनुमति दिँदा - योचाहिँ "मलाई पठाउनुहुनेका कामहरू" गर्नु हो । (मत्ती ५:१५, १६)

२. रात कसरी आउँदछ जतिबेला कसैले काम गर्न सक्दैन ?
क. अन्धकारका शक्तिहरूले संसारमा र निश्चित क्षेत्रहरूमा ज्यादै विशेषरूपमा अन्धकार ल्याउन काम गरिरहेका छन् (एफिसी ५:११; ६:१२)
तिनका विधिहरू यी हुन् : सांसारिक मानवतावाद, नयाँ युग, राजनैतिक शक्तिहरूको आराधना, भूटा शिक्षाहरू, अनैतिकता र विकृति ।
ख. शैतानले हृदयहरूमा, मण्डलीहरूमा र समाजमा अन्धकारका बीउहरू रोपिदिन्छ । (मत्ती १३:२४-२८)

३. रात किन आउँदछ जतिबेला कसैले काम गर्न सक्दैन ?
क. दिनपछि रात आउनु त प्रकृतिको नियम नै हो ।
ख. हामी दुष्टताको गहीरो खाडलमा जिउँदछौं र खराबी झन्-झन् खराब हुँदै जान्छ भनी बाइबलले बताउँदछ । (२तिमोथी ३:१३)
ग. मधुरो प्रकाश र जाडो, कमजोर ईसाईहरूले यो संसारलाई प्रभाव पार्नेछैनन् । (मत्ती ६:२२, २३; ५:१३-१५; प्रकाश ३:१५, १६)
घ. आत्मिक अन्धकारका अवधिहरूमा, पाप पापजस्तो देखिँदैन न त त्रुटि त्रुटिजस्तो नै देखिन्छ (कुनै पनि परिशुद्ध, विवेकयुक्त र परिस्थितिगत नैतिकताहरूले शासन नगर्ने अवधिहरू) । (२तिमोथी ३:१-९; ४:३, ४)

४. हामीले के गर्नुपर्दछ ?

क. दिनको ज्योतिको फाइदा लिनुहोस् ।

१. ढोकाहरू खुल्ला भए पनि वा "बन्द" भए पनि हामी प्रवेश गर्नुपर्दछ । (हामीले सम्भव भएसम्म कम समयमा सम्भव भएसम्म सबैभन्दा प्रभावकारी माध्यमद्वारा सम्भव भएसम्म धेरै मानिसहरूलाई सुसमाचार सुनाउनुपर्दछ ।)

२. संसारका फसल पाकेका खेतहरू पत्ता लगाउनुहोस् । (परमेश्वरका आत्माले विशेष समयहरूमा निश्चित क्षेत्रका हृदयहरू तयार पार्नुहुन्छ ।)

३. "खुल्ला र सहनीय" क्षेत्रहरू पत्ता लगाउनुहोस् र निश्चित परिस्थितिहरूले सुसमाचारको निम्ति गरिदिएका तयारीको फाइदा उठाउनुहोस्; उदाहरणको लागि, पावल सर्वप्रथम हरेक शहरका सभाघरहरूमा गएका, र परमेश्वर र धर्मशास्त्रसम्बन्धी तिनीहरूको ज्ञानलाई बढाएका घटना । (प्रेरित १३:५, १४, १५; १७:१-३; १८:२, ४; १९:८)

४. सेवकाइका नयाँ क्षेत्रहरूमा झूटा शिक्षाहरू र "वादहरू" भन्दा पहिला पुग्नुहोस् ।

ख. सांस्कृतिक वा सामाजिक धर्मको लागि वा मण्डली भवनको लागि मात्र साँचो सुसमाचारलाई अवमूल्यन नगर्नुहोस् ।

ग. यो कार्य गर्ने समय हो ! (अफ्रिकी उपदेश : "सूर्य रातो भइञ्जेल दौड ।")

१. प्रभुलाई साँचो प्रकारले खोज्दै आफैलाई उपवास र प्रार्थनाप्रति समर्पित गरौं । (यशैया ५५:६, ७; भ.सं. ३२:६, ७)

२. हामीले आफैलाई पवित्र तुल्याउनुपर्दछ र थाहा भएका सबै पाप त्याग्नुपर्दछ । (यशैया १:१६, १७; यर्मिया ४:१४; रोमी १२:९; यूहन्ना १७:१७)

३. आत्मामा हिँड्नुहोस् र आत्माहरू जित्नुहोस् । (रोमी १३:१३; गलाती ५:२५; एफिसी ४:१; ५:१५, १६; कलस्सी १:१०; फिलिप्पी २:१४-१६)

# परीक्षाहरूलाई विजयहरूमा परिणत गर्नु

*(याकूब १:२-१२)*

प्रख्यात प्रचार र शिक्षाले ईसाई जीवन समस्याहरू नहुने जीवन हो भन्ने दाबी गर्दछन् ।

तैपनि, यसलाई बाइबलीयरूपमा हेर्दा, परमेश्वर "अनौठा सेवकाइहरू" का प्रवर्तक हुनुहुन्छ भन्ने हामी पाउँदछौं । यिनै सेवकाइहरूद्वारा परमेश्वरले सबै कुराहरूलाई मिलेर भलाइ उत्पन्न गराउन लगाउनुहुन्छ (रोमी ८:२८) । आशिषहरूलाई श्रापका थाङ्नाहरूमा बेर्न सकिन्छ । दुःखचाहिँ वास्तविक आनन्दले धारण गर्ने छद्मभेष हो । परमेश्वरले परीक्षाहरू, सङ्कष्ट र कष्टद्वारा कुनै कुरा सम्पन्न गर्न चाहनुहुन्छ जुन अन्यथा हाम्रो जीवनमा सम्भव हुँदैन । परमेश्वरले समय र अनुभवहरूलाई कहिल्यै खेर फाल्नुहुन्न - यदि हामीले सही प्रकारले मात्र व्यवहार गर्दछौं भने । परमेश्वर सर्वोच्च हुनुहुन्छ । परमेश्वरले यसैको इच्छा गर्नुहुन्छ, चाहे त्यो पापको कारणले होस् वा खेदोको कारणले होस्, ईसाईले परीक्षाहरू र कष्टलाई स्वाभाविक र सामान्य मान्नुपर्दछ ।

खुशी हुनु वा बेखुशी हुनुबीचको भिन्नता समस्याहरूको अभाव हुनु होइन । भिन्नताचाहिँ तपाईंले समस्यासँग कस्तो व्यवहार गर्नुहुन्छ भन्ने कुरामा रहन्छ ।

## परीक्षाहरूसँग व्यवहार गर्ने दुई तरिकाहरू

१. परमेश्वरको तरिका - भलाइको निम्ति धेरै कुराहरू सम्पन्न गर्दछ ।
२. संसारको तरिका - शारीरिकताको व्यवहार, जसले आक्रोश, कटुता र असामयिक मृत्यु उत्पन्न गराउँदछ ।

परिस्थितिहरू संयोग मात्र होइनन् भन्ने बुझ्नुहोस् : परमेश्वरले तिनलाई नियन्त्रण गर्नुभएको हुन्छ ।

१. तिनीहरू परमेश्वरबाटका हुन् ।
२. तिनीहरू असल हुन्छन् ।

परमेश्वर चाहनुहुन्छ कि :

१. परीक्षाहरू विजयमा परिणत होऊन् ।
२. शिकारहरू विजयीहरू बनून् ।
३. क्रूसहरू मुकुटहरू बनून् ।
४. कष्ट महिमा बनोस् ।
५. लडाइँ विजयको माध्यम बनोस् ।

याकूब १:२ - ठान्नुहोस्
१:३ - थाहा गर्नुहोस्
१:४, ९- हुन दिनुहोस्
१:५, ६ - माग्नुहोस्

## परीक्षाहरूमा विजय पाउनको निम्ति अत्यावश्यक चार कुराहरू

१. आनन्दपूर्ण व्यवहार (पद २)
२. उद्देश्यलाई बुझ्नु (पद ३)
३. समर्पित इच्छा (पद ४)
४. विश्वास गर्न चाहने हृदय (पदहरू ६-८)

१. यसलाई सम्पूर्ण आनन्द ठान्नुहोस् : आनन्दपूर्ण व्यवहार । (याकूब १:२)
   क. दृष्टिकोणले प्रतिफल निर्धारण गर्दछ । व्यवहारले कार्य निर्धारण गर्दछ ।
   ख. परीक्षाहरू आइपर्ने आशा राख्नुपर्दछ । (पद २; १पत्रुस ४:१२)
   ग. "जब तिमीहरू नाना प्रकारका परीक्षाहरूमा पर्दछौ ।" (पद २ख) विविध र बहुरङ्गीन । (उदाहरण : सिरक बनाउनेले कपासहरूलाई सिलाएर सिरक बनाए झैं । यसलाई पछाडिपट्टि हेर्नुहोस्, यो त फिका रङ्गहरूजस्तो, भताभुङ्ग मात्र देखिन्छ, प्रशंसनीय कुरा केही पनि देखिँदैन - लथालिङ्ग । अगाडि हेर्नुहोस्, जुन भागलाई हेर्ने इच्छा गरिन्छ - नमुना, ढाँचा, सुन्दरता र उद्देश्य देखिन्छ ।) त्यसैल परमेश्वरले हाम्रो जीवनमा अनुभवहरू र घटनाहरूलाई मिलाउनुहुन्छ र मिसाउनुहुन्छ ता कि विश्वासको अभ्यास हुन सकोस् र त्यो वृद्धि हुन सकोस् ।

घ. महत्वहरूले मूल्याङ्कनहरू निर्धारण गर्दछन् ।
   १. यदि कसैले चरित्रलाई भन्दा आरामलाई बढी महत्व दिन्छ भने, परमेश्वरको उद्देश्य पूरा गर्ने अनुमति परीक्षाहरूलाई दिइनेछैन ।
   २. यदि कसैले आत्मिक कुरालाई भन्दा भौतिक र शारीरिक कुरालाई बढी महत्व दिन्छ भने, परीक्षाहरूको अवधिमा तपाईं दयनीय हुनुहुनेछ ।
   ३. यदि कसैले भविष्यलाई भन्दा वर्तमानलाई बढी महत्व दिन्छ भने, परीक्षाहरूले सुधार नभई कटुता उत्पन्न गराउनेछन् ।

२. थाहा पाउनुहोस् : उद्देश्यलाई बुझ्नु । (याकूब १:३)
   क. विश्वासलाई जहिले पनि जाँच गरिन्छ । यदि यसलाई जाँच गरिँदैन भने, त्योचाहिँ त्यहाँ उद्धार दिने विश्वास कहिल्यै थिएन भन्ने कुराको सङ्केत हुन सक्दछ ।
   ख. अब्राहामको विश्वास अभ्यासद्वारा वृद्धि गराउन र आशिष दिनको निम्ति परमेश्वरले उनलाई जाँच गर्नुभयो ।
      १. परमेश्वरले उत्कृष्ट प्रतिफल निकाल्नलाई जाँच गर्नुहुन्छ ।
      २. शैतानले सबैभन्दा खराब प्रतिफल निकाल्नलाई परीक्षामा पार्दछ र प्रलोभन देखाउँदछ ।
   ग. परीक्षाले हाम्रोविरुद्धमा नभई हाम्रो निम्ति कार्य गर्दछ । (रोमी ८:२८)
   घ. सही तरिकाले प्रयोग गरिएमा, परीक्षाहरूले हामीलाई परिपक्व हुनमा सहायता गर्दछन् । (रोमी ५:३, ४)
      १. उद्देश्य, धैर्य, सहनशीलता, तयारी, लगनशीलता, सक्षमीकरण (उठ्नुहोस्, शुरू गर्नुहोस्, जारी राख्नुहोस्, नछोड्नुहोस्, दौड पूरा गर्नुहोस्) ।
      २. धैर्य हुनु भनेको परिस्थितिहरूलाई निष्क्रियतापूर्वक, भाग्यको लेखा भनी ग्रहण गर्नु होइन । यो त कष्ट र कठिनाइको सामु साहसपूर्वक लगनशील हुनु हो ।
      ३. अधैर्य र अविश्वास सदैव एकैसाथ हिँड्दछन् । (हिब्रू ६:१२; १०:३६; यशैया २८:१६)

३. हुन दिनुहोस् : समर्पित इच्छा । (याकूब १:४)

हाम्रो मञ्जुरीबिना परमेश्वरले हामीमा काम गर्न सक्नुहुन्न । यदि हामीले इच्छाहरू समर्पित नगरी परीक्षाहरू भोग्दछौं भने, बिग्रिएको, बदमास, स्वार्थी, आत्मकेन्द्रित, अपरिपक्व बालबालिकाले झैं व्यवहार गर्नेछौं ।

४. माग्नुहोस् : विश्वास गर्न चाहने हृदय । (याकूब १:५, ६)
   क. हामीले केको निम्ति प्रार्थना गर्नुपर्दछ ? बुद्धि । (किन अनुग्रह वा सामर्थ्यको निम्ति होइन ?)
   ख. जानकारी नै ज्ञान हो । बुद्धि ज्ञानको व्यवहारीकरण हो ।
   ग. परमश्वरले हामीलाई हाम्रो भलाइको निम्ति, हाम्रो वृद्धिको निम्ति र उहाँको महिमाको निम्ति दिनुहुने मौकाहरूलाई हामीले खेर नफाल्नको निम्ति हामीलाई बुद्धि चाहिन्छ ।
   घ. परमेश्वरले हामीलाई बलियो पार्न विभिन्न कुराहरू हुन दिनुहुन्छ । शैतानले हामीलाई तोड्न विभिन्न कुराहरू प्रयोग गर्दछ ।

## शङ्का र चिन्ताविरुद्ध लडाइँ गर्नु

*(फिलिप्पी ४:७; गलाती ३:२३; १पत्रुस १:५)*

१. परमेश्वरको शान्ति तपाईंको हृदय र जीवनमा भरेर पोखिने मूल वा झरनाजस्तै होओस् । (फिलिप्पी ४:७)
२. सम्पूर्ण शङ्का र चिन्ता त्यागिदिनुहोस् । (फिलिप्पी ४:६; याकूब ४:७)
३. तपाईंका इच्छाहरूलाई नियन्त्रण गर्नुहोस्; शुद्ध र सही कुराबारे मात्र सोच्नुहोस् । (फिलिप्पी ४:८)
४. तपाईंको मन र आँखालाई प्रभुमाथि र परमेश्वरका कुराहरूमाथि केन्द्रित गर्नुहोस् । (यशैया २६:३; कलस्सी ३:१-३; मत्ती ६:३३)
५. सम्पूर्ण अलौकिक युद्धमा अलौकिक हतियारहरू प्रयोग गर्नुहोस् । (२कोरिन्थी १०:४-६)
६. परमेश्वरका सारा हातहतियार धारण गर्नुहोस् । (एफिसी ६:१०-१८)
७. विश्वासमा हिँड्नुहोस् । (मत्ती ६:२५-३४; ७:७-११; १७:२०; २१:२२; मर्कूस ११:२२-२४)
८. आत्मामा हिँड्नुहोस् । (गलाती ५:१६-२६; रोमी ६:१४-२३; ८:१-१३)

९. परमेश्वरमा मात्र भरोसा गर्नुहोस्। (हिब्रू ३:६, १२-१४; ६:११, १२; १०:१९-२३, ३५-३९)
१०. सारा चिन्ता र फिक्रीहरू प्रभुमाथि राखिदिनुहोस्। (१पत्रुस ५:७)

## ईसाई कष्टको निम्ति इनामहरू

*(१पत्रुस ४:१३)*

१. स्वर्गमा महिमा। (२कोरिन्थी ४:१७, १८; १पत्रुस ५:१, १०, ११)
२. अनन्त सान्त्वना। (२कोरिन्थी १:७; रोमी ८:१७)
३. खीष्टलाई प्रचारिन्छ। (२कोरिन्थी ४:११)
४. अरूलाई जीवन दिइरहिएको हुन्छ। (२कोरिन्थी ४:१२)
५. परमेश्वरको अनुग्रह प्रकट भइरहेको हुन्छ। (२कोरिन्थी ४:१५)
६. परमेश्वरले धार्मिकतापूर्वक न्याय गर्नुहुनेछ भन्ने निश्चयता। (२थिस्स. १:४, ५)
७. उहाँसँग राज्य गर्नेछौं। (२तिमोथी २:१२क)
८. महिमाका आत्मा वास गर्नुहुन्छ। (१पत्रुस ४:१४)
९. परमेश्वरलाई महिमा दिइन्छ। (१पत्रुस ४:१६)
१०. आनन्द मनाउने कारण। (१पुत्रस ४:१३, १४)

## खीष्टले भोग्नुभएको कष्टका सातथरिको उदाहरण

*(१पत्रुस २:२१-२४; ३:१४-१७)*

१. कष्टहरू। (१पत्रुस २:२१; मत्ती १६:२४; १ यूहन्ना २:६)
२. निष्पापीपन। (१पुत्रस २:२२; यशैया ५३:९)
३. निष्कपटपन (१पत्रुस २:२२); धोका।
४. गिल्ला गरिनुहुँदा प्रेम। (१पत्रुस २:२३; यशैया ५३:७; रोमी ५:३; १२:१४; मत्ती ५:४४-४८; याकूब १:२-४)
५. धम्कीहरू दिइँदा धैर्य। (१पत्रुस २:२३; रोमी १२:१२; लूका २१:१९)
६. परमेश्वरप्रति समर्पित। (१पत्रुस २:२३; ४:१९; लूका २३:४६)। उहाँको उद्देश्य समर्पित थियो; उहाँले त्यो परमेश्वरप्रति सुम्पनुभयो।
७. धार्मिकता (१पत्रुस २:२४); धर्मी, निष्पक्ष, अपक्षपाती।

## सतावटको निम्ति गरिने तयारीसम्बन्धी केही पाठहरू :
## सेवकहरू र दासहरूलाई सुझाव
## कर्मचारीहरू र कामदारहरूलाई बाइबलीय चेतावनी

*एफिसी ६:५-८; कलस्सी ३:२२-२५*

१. सबै कुरामा मालिकको आज्ञापालन गर्नुहोस् । (एफिसी ६:५; कलस्सी ३:२२)
२. उत्तरदायी - भय मान्दै र काँप्दै । (एफिसी ६:५; कलस्सी ३:२२)
सबै कुरामा - परमेश्वरको भय मान्नु
(हामीलाई मन पर्ने वा मन नपर्ने कुराहरू छान्ने होइन; आनन्ददायी कार्यहरू पूरा गर्न र दुःखदायी कार्यहरूलाई अस्वीकार गर्न चाहने होइन ।)
३. देखिनको लागि सेवा गर्ने होइन । (एफिसी ६:६क; कलस्सी ३:२२ग)
४. परमेश्वरको इच्छा पूरा गर्नु । (एफिसी ६:६ग; कलस्सी ३:२२ग)
५. हृदयबाट नै । (एफिसी ६:६घ; कलस्सी ३:२२घ) सम्पूर्ण हृदयले ।
६. असल अभिप्रायले - खुशीसाथ र आनन्दसाथ । (एफिसी ६:७)
७. मानिसहरूले नचिने पनि प्रभुले चिन्नुहुनेछ । (एफिसी ६:८; कलस्सी ३:२४, २५) प्रभुले इनाम दिनुहुनेछ । (गलाती ६:७-९)

*तितस २:९, १०*

१. मालिकप्रति आज्ञाकारी हुनुहोस् । (तितस २:९क) सबै कुरामा राम्रोसँग खुशी पार्नुहोस् । (तितस २:९ख)
२. मुख नफर्काउनुहोस् । (तितस २:९ग) विरोध नगर्नुहोस्, अर्को व्यक्तिको बदनाम नगर्नुहोस् ।
३. हात लामो नगर्नुहोस् । (तितस २:१०) नचोर्नुहोस् वा नढाँट्नुहोस्; समय र सीपको गुणस्तरमा नठग्नुहोस् । (लूका १६:१०) असल इमान्दारिता देखाउनुहोस् । सबै, ठूलो र सानो, कुरामा विश्वासयोग्य हुनुहोस् । (लूका १६:१०)

*१पत्रुस २:१८-२०*

१. समर्पित हुनुहोस् । (१पत्रुस २:१८क) अर्कोप्रति समर्पित, जिम्मेवार, जवाफदेही, निर्भर, उत्तरदायी, बाँधिएको, अर्कोद्वारा नियन्त्रित वा अर्कोको मातहतमा, अधीनमा रहनुहोस् ।

२. सारा डरसहित । (१पत्रुस २:१८ख) अर्कोलाई आदर गरेर वा अरूको ओहोदालाई चिनेर ।
३. अन्यायपूर्वक दुःख भोग्नुहोस् (१पत्रुस २:१९, २०) धैर्यपूर्वक, स्वेच्छिक शहादत वा कष्ट होइन ।
४. खीष्टको उदाहरण पछ्याउनुहोस् । (१पत्रुस २:२१-२३) खीष्टका पाइलाहरू पछ्याउन बोलाइएका ।

## हाम्रो लडाइँको आत्मिक स्वभाव

*(एफिसी ६:१२, २कोरिन्थी १०:३, ४)*

हामीले खीष्टद्वारा विजय पाउँदछौं (रोमी ८:३२, ३७, १कोरिन्थी १५:५७) । संसारभरि अनेकौं लडाइँहरू, विशाल हारहरू, रोकावटहरू, बन्द ढोकाहरू, आत्मिक असफलता र वास्तवमा मृत्युहरू पनि भइरहेका छन् भन्ने कुरा साँचो हो । तैपनि, तल केही सिद्धान्तहरू दिइएका छन् जसलाई हामीले स्मरण गर्न सकेमा तिनले हामीलाई प्रोत्साहन दिन सक्दछन् :

१. परमेश्वर अझै पनि सर्वोच्च र सर्वेसर्वा हुनुहुन्छ । (यशैया ४०:१५, दानियल २:२०-२२, ४:३५, अय्यूब १२:१४-२३, भ.सं. ७५:६, ७, ७६:१०, यर्मिया २७:५-७, हितोपदेश १:२४-३१, हिब्रू १३:८)
२. परमेश्वरले आफ्ना प्रतिज्ञाहरू कहिल्यै तोड्नुभएको छैन । (२कोरिन्थी १:२०; २पत्रुस १:४)

   बाइबलमा सात हजारभन्दा बढी प्रतिज्ञाहरू छन् - विश्वासीको हरेक आवश्यकताको निम्ति एउटा (यहोशू २१:४५; २३:१४, १राजा ८:५६, हिब्रू ६:१३-१८; प्रेरित ७:५, २पत्रुस ३:९ । सम्बन्धित प्रतिज्ञाहरू : हिब्रू २:३, यशैया ३०:१८, भ.सं. ३४:८, हितोपदेश १६:२०; यर्मिया १७:७, ८)
३. प्रभुका आज्ञाहरूको कारण विजय सुनिश्चित छ । प्रभुले हरेक आज्ञाको साथमा, त्यसलाई पूरा गर्ने पर्याप्त अनुग्रह पनि दिनुहुन्छ । (२कोरिन्थी ९:८, १२:९, एफिसी ३:२०)

   प्रभुले आज्ञाकारी मण्डलीलाई निम्न कुराहरू प्रतिज्ञा गर्नुभएको छ :

   क. उहाँको शक्ति - अधिकार (मत्ती २८:१८)

ख. उहाँको उपस्थिति (मत्ती २८:२०)
ग. उहाँको प्रवन्ध (फिलिप्पी ४:१३-१९)

४. विजय प्रभुको आगमनमा पनि आधारित हुन्छ। (२थिस्स. २:८)
उहाँका आफ्नैहरूसँग महिमामा। (प्रकाश १:५-८; १९:११-१६; फिलिप्पी २:९-११; एफिसी १:१९-२२; रोमी १६:१८; यशैया ११:३-५; अय्यूब ४:३-९; भ.सं. ९१:१४-१६)

## यो यहाँ कहिल्यै हुनेछैन

१. मानिसहरूले नूहको सन्देशप्रति कस्तो प्रतिक्रिया जनाए ? (मत्ती २४:३७-३९)
२. येशूले आफूले कष्ट भोगेर चाँडै नै मर्नुपर्दथ्यो भनी बताउनुहुँदा पत्रुसले के भने ? (मत्ती १६:२१, २२)
३. येशूले त्यसप्रति कस्तो प्रतिक्रिया जनाउनुभयो ? (मत्ती १६:२३)
४. येशूले आफूमाथि आउन लागेको कष्टबारे अर्को पटक के भन्नुभयो ? (मत्ती २६:३१)
५. पत्रुसले कस्तो प्रतिक्रिया जनाए ? (मत्ती २६:३३-३५)
६. त्यो वास्तवमा हुनआउँदा के भयो ? (मत्ती २६:६९-७५)
७. किन पत्रुसले आफ्नो विश्वासलाई अस्वीकार गरे ?
८. पत्रुसको सवालमा के त्यो अवस्था अद्वितीय थियो ?
९. मानिसहरूले यस्तै छनौट गर्नुपरेका अन्य उदाहरणहरू के तपाई प्रस्तुत गर्न सक्नुहन्छ ?
बाइबलबाट :
हाम्रो संसारको कहीँबाट :
१०. आफ्नो सुरक्षालाई कुनै पनि कुराले खोस्न सक्दैन भनी विश्वास गर्ने मानिसहरूबारे १थिस्स. ५:३ ले के भन्दछ ?
११. पत्रुसले यी कुरा ख्रीष्टको निम्ति जिएर आफ्नै जीवनमा थाहा गर्नुपर्‍यो। यस उदाहरणबारे केही कुरा व्याख्या गर्नुहोस्। (मत्ती १४:२९-३१)
१२. परिस्थितिहरूद्वारा बहकाइएका, लूतले गलत छनौट गरे।
क. त्यो छनौट के थियो ? (उत्पत्ति १३:१०, ११)

ख. त्यसको परिणाम के आयो ? (उत्पत्ति १९:१५-२६)

ग. किन लूतले सदोम र गमोरामाथि आउनै लागेको विनाशबारे कहिल्यै सोचेनन् ?

घ. ज्वाइँहरूले कस्तो प्रतिक्रिया जनाए ? (उत्पत्ति १९:१४)

१३. येशूले भन्नुभएको दृष्टान्तमा धनी मानिसलाई अप्रत्याशितरूपमा के भयो ? (लूका १२:१६-२१)

१४. विपत्ति र सतावटमा पर्दा हामीले के गर्नुपर्दछ भनी प्रभु भन्नुहुन्छ ? (लूका २१:८-२८)

## सतावटसम्बन्धी बाइबलीय सिद्धान्तहरू

१. यूहन्ना १५:१८-२१ अनुसार, ईसाई सतावटको कारण के हो ?

२. कसरी पावल र बर्णाबासले चेलाहरूलाई शक्तिशाली तुल्याए ? (प्रेरित १४:२२)

३. वास्तवमा त्यो सतावट कसको विरुद्धमा लक्षित थियो ? (प्रेरित ९:४, ५)

४. २तिमोथी ३:१२ अनुसार, के सतावट असम्भव, सम्भव, वा अवश्यम्भावी हुन्छ ?

५. धेरैजना ईसाईहरूले ख्रीष्टलाई त्याग्नुका केही कारणहरू दिनुहोस् । (मत्ती १३:२०, २१)

६. मत्ती १६:२४ मा ख्रीष्टले हामीबाट कुन-कुन तीन कुराहरूको आशा राख्नुहुन्छ ?

७. सताइनको निम्ति तयार भएकाहरूलाई प्रभुले कुन-कुन तीन कुराहरूको प्रतिज्ञा दिनुहुन्छ ? (मत्ती ५:१०-१२)

८. परमेश्वरका प्रतिज्ञाहरूको अगाडि प्रायः सदैव एउटा शर्त हुन्छ । उदाहरण : प्रकाश ३:२० ।

त्यो शर्त के हो ?

त्यो प्रतिज्ञा के हो ?

९. कम्तिमा तीनवटा यस्तै सन्दर्भहरू उल्लेख गर्नुहोस् ।

१०. परमेश्वरले व्यवस्था ११:२२ मा इस्राएललाई दिनुभएको प्रतिज्ञाभन्दा पहिला कुन शर्त आउँदछ ?

११. निम्न कुराहरूसम्बन्धी परमेश्वरका प्रतिज्ञाहरूमाथि हामी कहिले निर्भर हुन सक्दछौं :
   क. शान्ति (यशैया २६:३)
   ख. राजनैतिक स्थायित्व (१तिमोथी २:१-३)
१२. हामीलाई सताउनेहरूप्रति हाम्रो व्यवहार कस्तो हुनुपर्दछ ?
   क. मत्ती ५:४४
   ख. लूका २३:३४
१३. पत्रुस र यूहन्नालाई तिनीहरूको विश्वासको निम्ति पिटिँदा, तिनीहरूको व्यवहार के थियो ? (प्रेरित ५:४१)
१४. सतावट आइपर्दा चेलाहरूको प्रार्थनाको विषय के थियो ? (प्रेरित ४:२३-३०)
१५. रोमी ८:३५-३९ मा कस्तो प्रकारको कष्ट उल्लख गरिएको छ ?
१६. रोमी ८:३१-३९ मा बाइबलले विजयबारे के बताउँदछ ?
१७. सबै ईसाईहरूले सतावट भोग्नेछन् भन्ने कुरा देखाउने कम्तिमा तीनवटा पदहरू उल्लेख गर्नुहोस् ।
१८. सङ्घर्ष र सतावट वृद्धि हुनेछन्, तैपनि विजय निश्चित छ । किन ? यसलाई प्रमाणित गर्ने पद(हरू) के तपाईंसँग छ(न्) ?
१९. हरेक ईसाईले व्यक्तिगतरूपमा विजयी हुनको निम्ति सक्षम हुन के गर्नुपर्दछ ? (एफिसी ६:१०-१८)
२०. हाम्रो आफ्नै व्यक्तिगत जीवनमा कुन हातहतियारको सबैभन्दा बढी अभाव हुन्छ ?
२१. के तपाईं परिवर्तन ल्याउन चाहनुहुन्छ ? स्पष्ट पार्नुहोस् ।
२२. प्रकाश १२:११ मा, शैतानलाई पराजित गर्ने तीन तरिकाहरू उल्लेख गरिएका छन् । ती के-के हुन् ?

## दि भ्वाईस अफ् दि मार्टस्

यस संस्था भ्वाईस अफ् दि मार्टस्ले नेपालमा सेवकाई गर्दैआएको कुरा अवगत गराउन चाहान्छौं। यस संस्थाले विशेषगरि ख्रीष्ट येशू प्रभुलाई विश्वास गरेको कारण दु:ख कष्ट पाएका मण्डली तथा ब्यक्तिहरुलाई सुझाव, कानुनी सहायता तथा अन्य सहयोग पुऱ्याउने काम गर्दछ। यदि तपाईहरुलाई कुनैत्यस्तो मण्डली तथा ब्यक्तिको सम्बन्धमा थाहा भएमा हामीलाई जानकारी गराउनु भएमा सक्दो सहायता पुऱ्याउन कोशिश गर्नेछौं। हामीलाई निम्न ठेगानामा पत्राचार गरि जानकारी गराउन हुन अनुरोध गर्दछौं।

**हामीलाई पत्राचार गर्ने ठेगाना:**
दि भ्वाईस अफ्दि मार्टस्नेपाल
पोष्ट बक्स नं.८९७५,
ई.पी.सी.११०२
ईमेल: satawat@saregion.net
काठमाण्डौं, नेपाल।

# विजयी मण्डली

रिचार्डउम्ब्राण्ड, जोन पाइपर र मिल्टन मार्टिनका

लेखहरुबाट लिइएको तीन खण्डीय अध्ययन

रेभ. रिचार्डउम्ब्राण्डले भूमिगत मण्डलीबाट रणनीति, आपसी प्रेम, विपत्तीका क्षणहरू र ईसाईजागृतिका अन्य कथाहरूबारे वास्तविक उदाहरणहरू प्रस्तुत गर्नुहुन्छ।

रेभ. जोन पाइपरले उहाको पुस्तक Desiring God बाट लिइएको साभारमा यो कुरा व्याख्या गर्नुहुन्छ कि "सबैभन्दा ठूलो मूल्यको मोती ख्रीष्टको महिमा हो।" हामीले परमेश्वरप्रतिको समर्पणताका गहिराइहरू अनुभव गर्दा ख्रीष्ट हाम्रो कष्टद्वारा सबैभन्दा बढी महिमित हुनुहुन्छ जुन समर्पणता अन्यथा माग गरिनेथिएन।

मिल्टन मार्टिनले "परीक्षाहरूलाईविजयहरूमा परिणत गर्नु" बारे व्याख्या गर्नुहुन्छ र सयौं बाइबलीय सन्दर्भहरूको साथमा अन्य एक दर्जनभन्दा बढी सारहरू उल्लेख गर्नुहुन्छ।

यो पुस्तिकाद्वारा तपाईंले परमेश्वरको शरीरको विश्वव्यापी सतावटसम्बन्धी उहाँको दृष्टिकोणको साथसाथै हामी ईसाईहरू त्यसको सामना गर्नको निम्ति तयार हुन सक्ने तरिकाबारे गहिरो ज्ञान पाउनुहुनेछ। चुनौती पाउने, र पनि अभिप्रेरित हुने....विरोध गरिने, र पनि प्रोत्साहित हुने....परीक्षित हुने, र पनि सुधारिने आशा गर्नुहोस्। बाइबल अध्ययनहरू र प्रवचनहरूको निम्ति एक उत्कृष्ट श्रोत।

[illegible]